# कुमारी शोभा उपन्यासमा पात्र विधान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

**फर्शु राम चुदाली**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०७२


कुमारी शोभा उपन्यासमा पात्र विधान

फर्शु राम चुदाली

२०७२

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, एम्.ए. दोस्रो वर्षका छात्र **फर्शु राम चुदाली**ले **कुमारी शोभा उपन्यासमा पात्र विधान** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/०५/३०

..............................

**प्रा.डा. सुधा त्रिपाठी**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, एम्.ए. दोस्रो वर्षका छात्र **फर्शु राम चुदाली**ले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि तयार पार्नुभएको **कुमारी शोभा उपन्यासमा पात्र विधान** शीर्षकको प्रस्तुत शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**प्रा.डा. देवीप्रसाद गौतम** ............................
(विभागीय प्रमुख)

**प्रा.डा. सुधा त्रिपाठी** ............................
(शोध निर्देशक)

**उपप्रा. कर्णाखर खतिवडा** ............................
(बाह्य परीक्षक)

मिति : २०७२/०६/१४

# कृतज्ञताज्ञापन

**कुमारी शोभा उपन्यासमा पात्र विधान** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति आदरणीय गुरुमा प्रा.डा. सुधा त्रिपाठीज्यूको निर्देशनमा तयार पारेको हुँ । आफ्नो ब्यस्त समयका बिचमा पनि शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्ण निर्देशन एवम् ज्ञानवर्द्धक सल्लाह र सुझावका साथ सहयोग गर्नुहुने गुरुमाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधशीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गरी शोध लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय तथा कर्मचारी वर्गहरूप्रति कृतज्ञ छु ।

मेरो अध्ययनको यो क्षणसम्म सदैव प्रेम, प्रेरणा, हौसला तथा आर्थिक टेवा पुऱ्याउनु हुने मेरो परिवारप्रति ऋणी छु । त्यसै गरी प्रस्तुत शोधपत्र तयार गर्न सामग्री सङ्कलनका क्रममा महत्त्वपूर्ण सहयोग गर्ने साथी अमर बस्नेतलाई विशेष धन्यवाद दिन्छु । यसैगरी अध्ययनका क्रममा प्रत्यक्ष सहयोग पुऱ्याउने सम्पूर्ण साथीहलाई धन्यवाद दिन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष पेश गर्दछु ।

मिति : २०७२/०५/३०

शैक्षिक सत्र : २०६८-७०

..........................

**फर्शु राम चुदाली**

(शोधार्थी)

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७२

# विषय सूची


प्रथम परिच्छेद : **शोध परिचय** १-७

१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको उद्देश्य ३

१.५ शोधको औचित्य ६

१.६ शोधको सीमाङ्कन ६

१.७ सामग्री सङ्कलन तथा शोध विधि ७

१.८ शोध पत्रको रूपरेखा ७

दोस्रो परिच्छेद : **पात्र विधानको सैद्धान्तिक आधार** ८-१६

२.१ चरित्र र चरित्र चित्रण ८

२.२ चरित्र चित्रणको विधि १०

२.२.१ प्रत्यक्ष वा वर्णनात्मक विधि १०

२.२.२ अप्रत्यक्ष वा नाटकीय विधि १०

२.३ चरित्र वर्गीकरणको पहिलो आधार ११

२.३.१ कार्यका आधारमा ११

२.३.२ लिङ्गका आधारमा १२

२.३.३ प्रवृत्तिका आधारमा १२

२.३.४ स्वभावका आधारमा १२

२.३.५ जीवन चेतनाका आधारमा १३

२.३.६ आसन्नताका आधारमा १३

२.३.७ आबद्धताका आधारमा १३

२.४ चरित्र वर्गीकरणको दोस्रो आधार १४

२.४.१ गतिशील र गतिहीन पात्र १४

२.४.२ यथार्थ र आदर्श पात्र १४

२.४.३ अन्तर्मुखी र बहिर्मुखी पात्र १४
२.४.४ गोला र च्याप्टा पात्र १५
२.४.५ सार्वभौम र आञ्चलिक पात्र १५
२.४.६ पारम्परिक र मौलिक पात्र १५
तेस्रो परिच्छेद : **'कुमारी शोभा' उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीकरण** १७-३४
३.१ **कुमारी शोभा** उपन्यासको सामान्य परिचय १७
३.२ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरू १९
३.२.१ चरित्रहरूको वर्गीकरण १९
३.२.१.१ लिङ्गका आधारमा चरित्रहरूको वर्गीकरण २०
३.२.१.२ कार्यका आधारमा चरित्रहरूको वर्गीकरण २१
३.२.१.३ प्रवृत्तिका आधारमा चरित्रहरूको वर्गीकरण २३
३.२.१.४ स्वभावका आधारमा चरित्रहरूको वर्गीकरण २५
३.२.१.५ जीवन चेतनाका आधारमा चरित्रहरूको वर्गीकरण २८
३.२.१.६ आसन्नताका आधारमा चरित्रहरूको वर्गीकरण २९
३.२.१.७ आबद्धताका आधारमा चरित्रहरूको वर्गीकरण ३०

चौँथो परिच्छेद : **'कुमारी शोभा' उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्र चित्रण** ३५-६२
४.१ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त चरित्र चित्रणको विधि ३६
४.१.१ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त प्रत्यक्ष वा वर्णनात्मक विधि ३६
४.१.२ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त अप्रत्यक्ष वा नाटकीय विधि ३९
४.२ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त चरित्रहरूको विश्लेषण ४३
४.२.१ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त प्रमुख चरित्रहरूको विश्लेषण ४४
४.२.२ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त सहायक चरित्रहरूको विश्लेषण ५४
४.२.३ **कुमारी शोभा** उपन्यासमा प्रयुक्त गौण चरित्रहरूको विश्लेषण ६०
पाँचौं परिच्छेद :**सारांश र निष्कर्ष** ६४-६७
**सन्दर्भ ग्रन्थसूची** ६८

# सङ्क्षेपीकरण शब्दसूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| पृ. | पृष्ठ |
| वि.स. | विक्रम् संवत् |
| सम्पा. | सम्पादन/सम्पादक |
| संस्क. | संस्करण |
| डा. | डाक्टर |
| प्रा. | प्राध्यापक |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| क.सं. | क्रम संख्या |
| इ.सं. | इस्वी सन् |

प्रथम परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

विजय मल्लले नेपाली कविता, कथा, नाटक, उपन्यास लगायतका विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । उनले जुन-जुन विधामा कलम चलाएका छन् ती विधाहरूमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएका पनि छन् । उनको साहित्यिक यात्राको थालनी १९९७ सालमा प्रकाशित भएका 'स्मृति' र 'मर्नुपर्छ है दाइ' नामक दुई कविताबाट भएको हो । कविताबाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका मल्लले अन्य विधामा पनि सफलता हासिल गरेका छन् । तर यहाँ उनको उपन्यास क्षेत्रलाई मात्र विषयका रूपमा लिइएको छ ।

विजय मल्ल नेपली उपन्यास जगत्का एक विशिष्ट उपन्यासकार हुन् । उनका **अनुराधा** (२०१८), **कुमारी शोभा** (२०३९) र **श्रीमती शारदा** (२०५६) गरी जम्मा तिन उपन्यासहरू प्रकाशित भएका छन् । स्वदेशी र विदेशी साहित्य र साहित्यकारको अध्ययनबाट मनोविश्लेषणतर्फ आकर्षित मल्लका उपन्यासको प्रमुख आधार फ्रायडीय मनोविश्लेषणको सिद्धान्त हो । यही सिद्धान्तको पृष्ठभूमिमा उनका उपन्यासहरू विशेष गरेर नारी मनको विश्लेषणमा केन्द्रित रहेका छन् । उनका तिन उपन्यासहरूको शीर्षक पनि प्रमुख नारीपात्रका आधारमा राखिएबाट यो कुराको पुष्टिमा थप सहयोग पुगेको छ । मल्लका उपन्यासको केन्द्रमा मनोविज्ञान छ भने त्यसको परिधीमा सामाजिक र सांस्कृतिक पक्ष रहेको छ । उनका उपन्यासको साध्य विषय भनेको मनोविश्लेषण हो भने त्यसको साधनका रूपमा सामाजिकता र सांस्कृतिक पक्ष रहेका छन् ।

**कुमारी शोभा** विजय मल्लको दोस्रो उपन्यास हो । आयामका दृष्टिले यो उपन्यास अन्य दुई उपन्यासका तुलनामा ठूलो रहेको छ भने वस्तु सङ्गठन र शिल्पका दृष्टिले पनि यो उपन्यास अन्यदुई उपन्यासका तुलनामा प्रभावकारी देखिन्छ । तत्कालीन नेपाली समाज र त्यसका मूल्य, मान्यता, लोक विश्वास आदिका कारण एउटा नारीको जीवनमा आइपरेको विक्षिप्त मानसिक अवस्थाको चिरफार यस उपन्यासमा गरिएको छ ।

प्रस्तुत शोधमा मुख्य विषयका रूपमा मल्लको **कुमारी शोभा** उपन्यास र त्यसमा प्रयुक्तपात्रहरूको सूक्ष्म विश्लेषण गरिएको छ । **कुमारी शोभा**मा प्रयोग गरिएका पात्रहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन नै यस शोधको समाधेय वस्तु रहेको छ । विजय मल्ल र उनका उपन्यासका विविध पक्षहरूमा साथै **कुमारी शोभा** उपन्यासको कृतिपरक अध्ययन जस्ता पक्षहरूमा अध्ययन भएको भए तापनि यसमा प्रयुक्त पात्रहरूमा केन्द्रित भएर व्याख्या-विश्लेषण र अध्ययन भएको पाइँदैन । अतः यस शोधपत्रमा **कुमारी शोभा** उपन्यासका पात्रहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाएका मल्लको उत्कृष्टता उपन्यासका क्षेत्रमा पनि स्मरणीय रहेको छ । उनको दोस्रो उपन्यासका रूपमा देखापरेको**कुमारी शोभा** उनको सर्वोत्कृष्ट उपन्यास हो । यसका बारेमा विभिन्न विद्वान् र समालोचकहरूले आफ्ना लेख, रचना र कृतिहरूमा व्याख्या, विश्लेषण तथा विवेचना गरेको पाइन्छ । साथै **कुमारी शोभा** उपन्यासको कृतिपरक अध्ययन पनि २०६२ सालमा भईसकेको छ तर यसमा प्रयुक्त पात्रहरूमा मात्र केन्द्रित भएर हालसम्म अध्ययन भएको पाइँदैन । अतः यस शोधपत्रमा पात्रलाई केन्द्रमा राखेर अध्ययन गरिएको छ । यही विषय नै यस शोधपत्रको समस्याका रूपमा रहेको छ । यस अध्ययनको मूल समस्याहरूलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गरिएको छ :

(क) उपन्यासको पात्र विधानगत सैद्धान्तिक आधार के कस्तो छ ?

(ख) **कुमारी शोभामा** के कस्ता पात्रहरूको प्रयोग गरिएको छ ?

(ग) **कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूका चारित्रिक विशेषता कस्ता छन् ?

## १.३ शोधको उद्देश्य

माथि उल्लेख गरिएका समस्या कथनमा रहेका समस्याहरूको समाधान गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यसै समस्यामा केन्द्रित रहेर यस शोध कार्यको उद्देश्यहरूलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गरिएको छ :

(क) पात्रविधानको सैद्धान्तिक आधार प्रस्तुत गर्ने ।

(ख) **कुमारी शोभा** उपन्यासका पात्रहरूको विश्लेषण गर्ने ।

(ग) **कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूको चारित्रिक विशेषताहरूलाई स्पष्ट पार्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

वि.सं. २०३९ मा प्रकाशित विजय मल्लको दोस्रो औपन्यासिक कृति हो । यस उपन्यासमा धेरै प्रकारका पात्रहरूको उपस्थिति रहेकाले यसलाई बहुपात्रीय उपन्यास भन्न सकिन्छ । प्रस्तुत शीर्षकसँग सम्बन्धित पूर्वकार्यहरूलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

मुरारीप्रसाद रेग्मी (२०३९) ले 'कुमारी शोभा एक विश्लेषण' लेखमा **कुमारी शोभा** समग्र उपन्यासको विश्लेषणका क्रममा यसको पात्रका बारेमा पनि सामान्य चर्चा गरेका छन् । यस लेखमा उनले प्रमुखपात्र -शोभा र उपेन्द्रका बारेमा चर्चा गर्दै खल पात्रका रूपमा महत्त्वपूर्ण भूमिका खेलेको बाबुकाजीको चरित्र माथि पनि दृष्टि पुऱ्याएका छन् । अन्य सहायक र गौण पात्रतिर भने उनको ध्यानपुग्न सकेको छैन ।

दयाराम श्रेष्ठ (२०४१) ले 'कुमारी शोभा अन्धविश्वाससँग विद्रोह' लेखमा यसका पात्रतर्फ पनि नजर पुऱ्याउँदै उपेन्द्रको चरित्रलाई यसरी देखाएका छन् । सङ्घर्षमा ऊ कति पनि हतोत्साहितहुँदैन, थाक्दैन । शोभासँग विवाह गरेर छाड्ने उसको प्रण रहिरहन्छ । यसरी श्रेष्ठले उपेन्द्रलाई सङ्घर्षशील, अटल, जुझारु पात्रका रूपमा चिनाएका छन् । शोभामा रहेको अन्तर्द्वन्द्वलाई पनि देखाएका छन् । उसलाई एक विक्षिप्त पात्रका रूपमा चर्चा गरेका छन् भने बाबुकाजीलाई हुल्याहाका रूपमा चिनाएका छन् मीस्रीको सामान्य सङ्केत मात्र छ ।

शान्ता कार्की (२०४४) **उपन्यासकार विजय मल्ल**स्नातकोत्तर शोधप्रबन्धमा उपन्यासकार विजय मल्लको समग्र पक्षको अध्ययन र उनका औपन्यासिक कृतिको अध्ययनका क्रममा **कुमारी शोभा** उपन्यासको पात्रका बारेमा सङ्क्षिप्त चर्चा गरेकी छन् । सामाजिक र सांस्कृतिक कारणबाट विक्षिप्त भएकी कुमारी शोभाको विकृत मनोदशाको विश्लेषण गरिएको छ भने प्रगतिशील चिन्तनको पक्षपाती उपेन्द्रको चरित्रबाट उपन्यासकारले आफ्नो मनको भित्री चाहना प्रकट गर्न लगाएका छन् । शोभाका माध्यमबाट उपन्यासकारले समस्या प्रस्तुत गरेका छन् भने उपेन्द्रका माध्यमबाट समाधानको बाटो देखाएका छन् भन्दै पात्रका बारेमा केही भए पनि स्पष्ट्याउने कार्य गरेकी छन् ।

मुरारीप्रसाद रेग्मी (२०५०) **मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्डमा)** विभिन्न मनोवैज्ञानिक उपन्यासहरूको समालोचनाका क्रममा **कुमारी शोभा** उपन्यासको पनि चर्चा गरेका छन् **कुमारी शोभा**मा विशिष्ट खालका पात्रहरूको प्रयोग गरिएको छ । यी पात्रहरू विशिष्ट भएता पनि अस्वाभाविक देखिँदैन्न । कार्य वा भूमिकाका आधारमा शोभाको प्रमुख स्थान रहेको भए पनि उपेन्द्रको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । दुश्चिन्ताका कारण विक्षिप्त अवस्थामा पुगेकी शोभाको चरित्र नै यस  उपन्यासको केन्द्रीय चरित्र हो र उपन्यास यसैको वरिपरि घुमेको छ । शोभा अल्प शिक्षित र सुन्दर छे, सामाजिक मूल्य मान्यताका आधारमा उसमा गलत विश्वासले जरा गाड्छ र त्यसैबाट उपन्यासको उत्पत्ति र विकास हुन्छ । उपेन्द्रलाई रेग्मीले शिक्षित प्रगतिशिल विचार राख्ने र अन्धविश्वासलाई नमान्ने क्रान्तिकारी पात्रका रूपमा चिनाएका छन् ।

राजेन्द्र सुवेदी (२०५३) **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** नामक पुस्तकमा **अनुराधा** उपन्यासकी अनुराधाको मनोरचनाका तुलनामा शोभा बढी स्वाभाविक मनोजगत्‌को प्रस्तोता बनेकी छ अनि कोमलमानको तुलनामा उपेन्द्र सबल बनेको छ, भन्दै **अनुराधा** उपन्यासको तुलनामा यसको पात्र विधान सबल रहेको बताएका छन् । साथै सुवेदी अझ अगाडि बढेर के भनेका छन् भने **कुमारी शोभा** उपन्यासमा दुवै पात्रको अचेतनामा रहेको प्रणय लिप्सा प्रकाशमा आएको छ र यसैका कारण **अनुराधा** उपन्यासको तुलनामा **कुमारी शोभा** मनोविज्ञान प्रस्तुतिका सन्दर्भमा स्वाभाविक बनेको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५८) **उपन्यास सिद्धान्त र नेपाली उपन्यासमा** नामक पुस्तकमा मनोविश्लेषणात्मक उपन्यासको चर्चा गर्ने क्रममा **कुमारी शोभा**उपन्यासका मुख्य पात्र अर्थात् नायिका (शोभा) र नायक (उपेन्द्र) का बारेमा सङ्क्षिप्त चर्चा गरेका छन् । अन्धविश्वासमा परेर उपेन्द्रसँग विवाह हुन नसक्दा शोभा कुण्ठित हुँदै जान्छे र कुण्ठा बढ्दै गएपछि मूर्च्छित हुने, कम्प हुने, टोलाउने जस्ता हिस्टेरियाका लक्षण देखिन्छन् भन्दै सामान्य चर्चा गरिएको छ ।

रमा सिवाकोटी (२०६०) **विजय मल्लका उपन्यासमा पात्रविधान** विद्यावारिधि शोध प्रबन्धमा विजय मल्लका तिनवटै उपन्यासको पात्र विधानको बारेमा चर्चा गरेकी छन् । उनको चर्चा **कुमारी शोभा** उपन्यासमा मात्र केन्द्रित नभएर उनका तिनवटा उपन्यासमा आधारित भएकाले अपुरो हुन गएको देखिन्छ । एउटा उपन्यासको नारी पात्र अथवा पुरुष

पात्रमा मात्र शोध हुन सक्ने अवस्थामा तिन तिनवटा उपन्यासको पात्रविधान निश्चय नै सतही र अपूर्ण हुन्छ नै । यस शोधमा **कुमारी शोभा**उपन्यासको पात्र माथि जति अध्ययन गर्नु आवश्यक थियो त्यति अध्ययन नभएको अवस्थामा प्रस्तुत शोधमा यसै कुरालाई मध्यनजर राखेर यसको पात्रमाथि सूक्ष्म भन्दा सूक्ष्म तरिकाले अध्ययन गरिएको छ ।

दुर्गाबहादुर घर्ती (२०६७) **मनोविश्लेषणात्मक उपन्यासमा पात्रविधान** भन्ने विद्यावारिधि शोध प्रबन्धमा विभिन्न मनोविश्लेषणात्मक उपन्यासहरूको पात्रहरू माथि अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेका छन् । विजय मल्लको **अनुराधा** उपन्यासको पात्र विधान माथि अध्ययन गरेको भएपनि उनको **कुमारी शोभा** उपन्यासको भने सामान्य चर्चा मात्र गरेका छन् । **कुमारी शोभा** उपन्यासको सामान्य परिचय मात्र प्रस्तुत गरिएको छ । पात्र विधानमा ख्याल गरिएको छैन ।

कृष्णचन्द्रसिंह प्रधान (२०६१) **नेपाली उपन्यास र उपन्यासकार** नामक पुस्तकमा **कुमारी शोभा** उपन्यासको चर्चा गर्दै यसको पात्रविधानलाई प्रसङ्गबस कोट्याएका छन् । यस क्रममा उनले यसको पात्र विधान**अनुराधा** उपन्यासको भन्दा सबल र स्वाभाविक रहेको बताएका छन् । उपेन्द्रलाई एउटा बौद्धिक, क्रान्तिकारी र तर्कशील क्षमता भएको पात्रका रूपमा चिनाएका छन् । प्रधानले शोभाको बारेमा पनि केही चर्चा गर्दै सामाजिक अन्धता र दुश्चिन्ताका कारण विक्षिप्त हुन पुगेकी शोभाको चरित्र सर्वाधिक महत्त्वपूर्ण रहेको बताएका छन् ।

पीताम्वर सापकोटा (२०६२) **कुमारी शोभा उपन्यासको कृतिपरक अध्ययन** नामक स्नातकोत्तर शोधप्रबन्धमा **कुमारी शोभा** उपन्यासको पात्रविधान शीर्षक अर्न्तगत यसको पात्र विधानको सङ्क्षिप्त चर्चा गर्दै चरित्रहरूको वर्गीकरणमूलक अध्ययन प्रस्तुत गरेका छन् । प्रमुख र अन्य पात्रहरूको चरित्रविधान उपशीर्षक अन्तर्गत शोभा, उपेन्द्र, बाबुकाजी लगाएतका केही सहायक पात्रको सङ्क्षिप्त परिचय प्रस्तुत गरेका छन् ।

दुर्गाबहादुर घर्ती (२०६८) **विजय मल्लका उपन्यास: सन्दर्भ र विर्मश** नामक पुस्तकमा **कुमारी शोभा** उपन्यासको पात्रविधान शीर्षक अन्तर्गत यस उपन्यासको पात्रविधानको बारेमा सामान्य चर्चा गरेका छन् उपन्यासमा प्रयुक्त पुरुषपात्र र स्त्री पात्रको नामोल्लेख गर्दै शोभा, उपेन्द्र र बाबुकाजीको चरित्रको सङ्क्षिप्त चर्चा गरेका छन् र बाँकीको उपन्यासमा खासै भूमिका नरहेको बताएका छन् ।

उपर्युक्त अध्ययनले विभिन्न विद्वानहरूद्वारा **कुमारी शोभा** उपन्यासको पात्रविधानको बारेमा केही समीक्षा र केही चर्चा गरेको देखिन्छ तर **कुमारी शोभा** उपन्यासको पात्र विधानमा केन्द्रित भई अध्ययन नभएकोले प्रस्तुत उपन्यासको पात्र विधानको विश्लेषण र मूल्याङ्कन यस शोधमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

उपन्यासकार विजय मल्ल नेपाली उपन्यास परम्पराका एक विशिष्ट प्रतिभा हुन् । सङ्ख्यात्मक रूपमा थोरै उपन्यासको रचना गरेपनि गुणात्मक रूपमा उनले दिएको योगदान एकदमै विशिष्ट किसिमको रहेको छ । वि.स. २०३९ सालमा प्रकाशित **कुमारी शोभा** उपन्यास उनको सबैभन्दा सशक्त औपन्यासिक कृति हो । भने नेपाली उपन्यास परम्पराको मनोविश्लेषणात्मक धाराको पनि अनुपम कृति हो । त्यसैले यसको अध्ययन एउटा **महत्त्व**पूर्ण विषय हो । **कुमारी शोभा** उपन्यासका सम्बन्धमा जे जति अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको भएपनि पात्रविधानमा केन्द्रित भई विश्लेषण नगरिएको सन्दर्भमा यस शोध कार्यमा प्रस्तुत उपन्यास भित्र रहेका पात्रहरूको सूक्ष्म विश्लेषण र विस्तृत अध्ययन गरिएको छ । **कुमारी शोभा** उपन्यासको पात्र विधान सम्बन्धी जानकारी लिन चाहने तथा जिज्ञासा राख्ने पाठक, लेखक, समालोचक, अनुसन्धानकर्ता सबैका लागि सहयोगी हुने हुनाले यो शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका विजय मल्ल एक सफल उपन्यासकार हुन् । प्रस्तुत शोधपत्रमा विजय मल्लको समग्र लेखन वा यसको अध्ययन विश्लेषण नगरेर उनको सर्वोत्कृष्ट कृति **कुमारी शोभा** उपन्यासमा प्रयोग गरिएका पात्रहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ । यस शोधपत्रको अध्ययन सीमा भित्र **कुमारी शोभा** उपन्यासका अन्य पक्षहरू नभई केवल पात्रविधान मात्र रहेको छ ।

## १.७ सामग्री सङ्कलन तथा शोध विधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा प्राथमिक र द्वितीय गरी दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत विजय मल्लका कृतिको अध्ययन गरिएको छ भने द्वितीय स्रोत मुख्य गरी पुस्तकालयीय अध्ययन गरिएको छ । सम्बन्धित विषय विज्ञ तथा समालोचकहरूसँगको भेटवार्ता गरी आवश्यक सल्लाह एवं सुझाव लिने कार्य गरिएको छ । प्राप्त तत्सम्बन्धी पुस्तक, लेख, समालोचनाहरूको अध्ययन गरी शोधकार्यको लागि आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ । शोधपत्र तयारी गर्दा सङ्कलन गरिएका सामग्रीहरूको प्रस्तुतीकरणमा वस्तुपरक, वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रूप प्रदान गर्नका लागि निम्न लिखित परिच्छेदमा विभाजन गरेर अध्ययन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : उपन्यासको पात्रविधानको सैद्धान्तिक आधार

तेस्रो परिच्छेद : **कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरू

चौंथो परिच्छेद : **कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रचित्रण

पाँचौं परिच्छद : सारांश र निष्कर्ष

दोस्रो परिच्छेद

# पात्र विधानको सैद्धान्तिक आधार

## २.१ चरित्र र चरित्रचित्रण

उपन्यासमा घटित घटनाबाट जो प्रभावित हुन्छ त्यसलाई चरित्र भनिन्छ । यसै व्यक्तिको क्रियाकलापद्वारा कथावस्तुको निर्माण हुन्छ । चरित्रलाई पात्र पनि भनिन्छ र कुनै पनि कृतिमा पात्रहरूको व्यवस्थापन गर्नका लागि लेखक स्वतन्त्र हुन्छ । काव्य, नाटक, कथा, उपन्यास आदिमा चरित्रको वर्णन गरिएको नायक, नायिका वा अन्य कुनै व्यक्तिलाई पात्र भनिन्छ (पोखरेल तथा अन्य, २०५०:८१२) ।

आख्यान साहित्यको मूल आधार चरित्रचित्रण हो । कथाका घटनाहरू त प्राय : पात्रहरूको स्वभाव र प्रवृत्तिबाट जन्मन्छन् । वातावरण या देशकालको निर्माण त चरित्रलाई स्वाभाविकता र वास्तविकता निर्माण गर्नका निम्ति गरिन्छ । कथोपकथनले घटनालाई भन्दा अधिक चरित्रलाई नै व्यञ्जित र प्रकाशित गर्छ । साथै आख्यानको महत्त्व पनि चरित्रमा नै निहित हुन्छ ।

उपन्यासकारले औपन्यासिक कृतिको संरचना गरेर निश्चित उद्देश्य प्रस्तुत गर्नका निम्ति गरिने विभिन्न प्रकारका चरित्रहरूको उपयोग र तिनलाई उपन्यासको संसारमा यथास्थानमा निर्माण गरेर निश्चित पद्धतिका साथ परिचय गराएको र प्रतीकात्मक रूपमा निश्चित दृष्टिकोणको दिग्दर्शन गराउने प्रक्रियालाई उपन्यासमा पात्रविधान मान्न सकिन्छ । पाठकलाई पात्रबारे र पात्रका चरित्र एवं व्यक्तित्वबारे अवगत गराउन आख्यानकारले प्रयोग गरेको विवरण वा उपायलाई चरित्र चित्रण भनिन्छ (नेपाल, सन् २०११ : ५४) । उपन्यासको कथ्यलाई सजीव र प्रभावकारी तुल्याउन पात्र विधानको आवश्यकता पर्दछ । उद्देश्य अनुरूप पात्रको चयन गरेर पात्रका आचार विचार तथा बोली व्यवहारका माध्यमद्वारा निश्चित अभिप्राय प्रस्तुत गर्नुमा पनि यस प्रक्रियाको विशिष्ट महत्त्व रहन्छ । पात्रविधान एक प्रकारले संरचनात्मक प्रक्रियामा आउने निश्चित कार्य पद्धति हो भने अर्को किसिमबाट उपन्यासका विभिन्न पक्षलाई सबल र सफल तुल्याउन गरिने व्यवस्थापन पनि हो । समाजको दर्पण मानिएको यथार्थताको जीवन भाषिक चित्रण ठानिएको उपन्यासमा जति मात्रामा पात्रविधानको प्रक्रिया व्यवस्थित, प्रभावकारी र विश्वसनीय हुन्छ त्यत्तिकै मात्रामा लेखकको सार्थकता र प्रसिद्धि निर्भर हुन्छ । उपन्यासभित्र जीवन जगत्को परिचायक भाषिक

तस्वीर भएकाले जीवन जगत्का बहुपक्षलाई प्रतिनिधित्व गर्ने पात्रहरूको व्यवस्थापन गर्नु नै पात्रविधान हो । मानवीय प्रकृति र प्रवृत्तिको अध्ययन गर्ने महत्त्वपूर्ण आधार कुनै पनि औपन्यासिक कृतिमा निहित चरित्र नै हो । त्यसैले चरित्रलाई कुन प्रयोजनका लागि कसरी कति मात्रामा  व्यवस्थापन गरिएको छ त्यसैबाट नै उपन्यासकारको जीवनवादी दृष्टिकोणको सङ्केत मिल्दछ । त्यसैले जीवन जगत्को अन्तर बाह्य वस्तु तथ्य उद्घाटन गर्ने र त्यसलाई अभिव्यञ्जना गर्ने महत्त्वपूर्ण आधारका रूपमा समेत भूमिका रहेका औपन्यासिक पात्रलाई उचित मात्रामा विनियोजन, व्यवस्थापन, उपयोग र प्रयोग गरियो भने मात्रै उपन्यासको अभिप्राय सार्थक हुन्छ । पात्रविधानमा जतिसुकै वस्तुवादी दृष्टिकोण अँगाले पनि लेखकीय कला र कल्पनाको भूमिका महत्त्वपूर्ण रहन्छ । सामाजिक क्षेत्रमा रहेका पात्रहरूलाई उपन्यासको संसरमा प्रवेश गराउँदा उपन्यासकारले यथावत् रूपमा होइन, रूपान्तरण र प्रकारान्तरणबाट समावेश गरेर उपन्यास शिल्प र विधि प्रविधि अनुरूप उपयोग गर्ने भएकाले उपन्यासमा पात्रविधान एउटा पद्धति बन्न भएको देखिन्छ (उपाध्याय, २०४४ : १५९) ।

"उपन्यासको सबैभन्दा महत्त्वपूर्ण पक्ष नै चरित्र चित्रण हो । सामाजिक संरचनाको चित्र चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् । व्यक्तिका अन्तर र बाह्य दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्व हुन् । व्यक्तिको चरित्र बाह्य रूपमा सामाजिक तत्वमा रूपान्तरित हुन्छ र व्यक्ति अन्तरपक्षमा सङ्कुचित हुँदा उसको चरित्र मनोविज्ञानमा रूपान्तरित हुन्छ । आ-आफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले नै मान्छे मान्छेमा विविध स्वभावहरू निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखा पर्छ । ती विविधताका कारणले नै मान्छे मान्छेमा वैयक्तिकताको निर्माण हुन्छ र तिनै विभिन्न वैयक्तिकताले मान्छेलाई मौलिकता प्रदान गर्दछ" ( सुवेदी, २०६४ : २३) ।

यसरी उपन्यासमा चरित्र चित्रण स्वाभाविक रूपले गरिएको छ भने मात्रै उपन्यास सफल ठहरिन्छ । यसको निम्ति उपन्यासमा चरित्रहरू वास्तविकताको नजिक पुग्न आवश्यक हुन्छ । चरित्र कुन परिवेश, पृष्ठभूमि, कुन समय, समाज र सन्दर्भबाट आएको हो र त्यसको प्रभावस्वरूप उसको विचार विश्लेषण गरी सोही अनुरूपको चरित्रको निर्माण

गरेमा मात्र उपन्यासकारले गरेका चरित्र चित्रण स्वाभाविक र वास्तविक बन्न पुग्छ अनि मात्रै लेखक र पाठकका बिच भावनात्मक सम्बन्ध स्थापित हुन सक्छ जसको फलस्वरूप लेखकका धारणाहरू बढी स्पष्ट र प्रभावकारी बन्न सक्छ ।

## २.२ चरित्र चित्रणको विधि

उपन्यासमा चरित्रचित्रण प्रत्यक्ष वा वर्णनात्मक विधि र अप्रत्यक्ष वा नाटकीय विधि गरि दुई तरिकाले गर्न सकिन्छ ,जसको चर्चा तल गरिएको छ :

### २.२.१ प्रत्यक्ष वा वर्णनात्मक विधि

यस प्रकारको विधिमा पात्रका गुण , दोष, राग , द्वेष, आचार , विचार, रूप, रङ्ग तथा धारणा आदि आन्तरिक तथा बाह्य प्रवृत्तिको लेखक स्वयम्ले वर्णन गर्दछन् । पाठक र पात्रका बिचमा लेखक रहन्छन् र पात्रलाई आफूले जसरी जति किसिमले बुझेको हुन्छन्, त्यसको बयान सोझै  पाठक सामु प्रस्तुत गरिदिन्छन भने कहिलेकाहीँ लेखकले आफैँ त्यसो नगरी  उपन्यासमै प्रयुक्त एक पात्रका माध्यमले अर्का पात्रको बयान पनि गराउन सक्दछन् । यसमा वर्णनात्मक अथवा विश्लेषणत्मक जुनसुकै शैली पनि अपनाउन सकिन्छ । यस्तो विधिलाई नै प्रत्यक्ष वा आख्यानात्मक वा वर्णनात्मक विधि भनिन्छ ।

### २.२.२ अप्रत्यक्ष वा नाटकीय विधि

अप्रत्यक्ष विधिमा पात्रहरूको आपसी वार्तालाप, वादविवाद,विभिन्न घटना र यसबाट उत्पन्न क्रिया प्रतिक्रियाबाट चरित्रचित्रण गरिएको हुन्छ । यहाँ लेखक तटस्थ रहन्छ । यस प्रकारको विधिमा पाठक र पात्रको सीधा सम्बन्ध हुन्छ र पात्रप्रतिको धारणा पाठक स्वयम्ले बनाउन सक्छ । नाटकीय चरित्रचित्रण जति सङ्क्षिप्त र व्यञ्जनापूर्ण हुन्छ त्यति नै प्रभावशाली हुने गदर्छ ।

लेखक पात्रहरूको चरित्रचित्रण गर्दा माथिको कुनै पनि एक विधिको मात्र प्रयोग नगरी आफ्नो इच्छा अनुसार जुनसुकै विधि प्रयोग गर्न स्वतन्त्र रहन्छ । उपन्यासको चरित्रचित्रणमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै शैलीबाट विशद् रूपमा चरित्रचित्रण गर्न सकिन्छ ।

## २.३ चरित्र वर्गीकरणको पहिलो आधार

उपन्यासभित्र कुनै विशेषता बुँझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भन्निछ । कृतिमा प्रत्येक चरित्रको रूप र विम्ब फरक किसिमले निर्धारण गरिने भएकोले सामान्यत:पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गदर्छ(बराल र एटम,२०६६:२७) । चरित्र आख्यानको प्रतिनिधि पात्र हो । चरित्र व्यक्ति तथा समाजको आन्तरिक र बाह्य प्रंतिनिधि पात्र हो । चरित्र व्यक्ति तथा समाजको आन्तरिक र बाह्य प्रवृत्तिहरूको प्रस्तुति पनि हो । चरित्रको चित्रण मार्फत व्यक्ति तथा वृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । चरित्रहरू उपन्यासको सारतत्व वा विचारलाई संवहन गर्ने माध्यम हुन् । लेखक कृतिमा के अभिव्यक्त गर्न चाहन्छ, उसको जीवनजगत् सम्बन्धी कस्तो दृष्टिकोण छ भन्ने चरित्रको प्रस्तुति र कार्यावस्थाबाट अवगत हुन्छ । कथावस्तुसँग सम्बद्ध विविध कथानक तथा तन्तुलाई गति दिने माध्यमका रूपमा आउने र पाठकलाई उपन्यासको आद्योपान्त तान्ने भएकाले यस्ता चरित्र विभिन्न प्रकारका हुन्छन् । सामान्यतया उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार पात्र अर्थात् चरित्रलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

### २.३.१ कार्यका आधारमा

उपन्यासमा पात्रलाई दिइएको भूमिका अनुसार पात्रको वर्गीकरण गरिन्छ । उपन्यासमा निहित सबै पात्रले उत्तिकै महत्त्वको कार्य गरेका हुँदैनन् त्यसैले कार्यका आधारमा पात्रलाई प्रमुख,सहायक र गौण गरी तिन प्रकारमा वर्गीकरण गर्न सकिन्छ । उपन्यासको मूल कथासँग सम्बन्धित अथवा कथाको सुरुदेखि अन्त्यसम्म सक्रिय रहेर कथावस्तुलाई गति प्रदान गर्दै एक निश्चित विन्दुमा पुऱ्याउने अथवा सबैभन्दा बढी कार्यमूल्य भएको पात्रलाई प्रमुख पात्र भनिन्छ । यस्तो पात्रलाई उपन्यासबाट झिकिदिने हो भने कथानक अगाडि बढ्न सक्दैन । प्रमुख चरित्रको चारित्रिक विकासमा गौरव, प्रतिष्ठा र महत्ता प्रदान गर्न आएका पात्रहरूलाई सहायक पात्र भनिन्छ । उपन्यासमा यिनीहरूको भूमिका प्रमुख पात्रको भन्दा कम हुने गर्दछ र कार्यमूल्य पनि कम नै हुन्छ । त्यस्तै उपन्यासमा अन्य चरित्रका तुलनामा अति कम कार्यमूल्य भएको पात्रलाई गौण पात्र वा चरित्र भनिन्छ । उपन्यासमा एक क्षण आउने जाने पात्रहरू नै गौण चरित्र भित्र पर्दछन् । गौण चरित्रलई हटाउँदा पनि उपन्यासको कथानकमा त्यति क्षति हुँदैन ।

### २.३.२ लिङ्गका आधारमा

पात्रको प्राकृतिक रूपमा नै भिन्नता ल्याउने तत्त्व लिङ्ग हो र यो जन्मजात गुण पनि हो । पात्र विभाजनको सबैभन्दा सरल तरिका मानिने यसका आधारमा उपन्यासमा निहित पात्रलाई पुरुषपात्र र नारीपात्र गरी दुई भागमा विभाजन गरिन्छ । पात्रको बाह्य वर्णन तथा शरीर, तिनको क्रियाकलाप, स्वभाव, नामकरण, बोलीचाली एवम् अन्य पात्रसँगको सम्बन्ध र उसले प्रयोग गर्ने भाषाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ ।

### २.३.३ प्रवृत्तिका आधारमा

उपन्यासमा पात्रले सकारात्मक वा नकारात्मक कस्तो भूमिका निर्वाह गरेको छ त्यसका आधारमा पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गरिन्छ । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति एवम् सद्भाव प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत्पात्र हुन्छन् । उपन्यासमा त्यस्ता पात्रहरूको भूमिका अनुशासित,चरित्रवान, मिलनसार, सहयोगी आदि किसिमको हुन्छ । त्यस्तै नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अर्थात् असत् हुन्छ ।

पात्रको कार्य, लिङ्ग र प्रवृत्तिका आधारमा उपन्यासमा नायक नायिका सहनायक सहनायिका, खलनायक खलनायिका के हो सो छुट्याउन सकिन्छ ।

### २.३.४ स्वभावका आधारमा

परिवर्तनशील र अपरिवर्तनशील (स्थिर) स्वभावका कारण यस आधारमा पात्रलाई गतिशील र गतिहीन गरी दुई भागमा वर्गीकरण गरिन्छ । समय र परिस्थिति अनुसार आफ्नो क्रियाकलाप, आचरण आदिमा परिवर्तन हुने अर्थात् बदलिने पात्र गतिशील पात्र हो, जो आफ्नो स्वभाव, सिद्धान्त, विचार र जीवनधारालाई परिवर्तन गरी समय र परिवेश सुहाँउदो बन्दछ । त्यस्तै जुन पात्र आफ्नो आदर्शमा अडिग रहन्छ, समय परिस्थिति बदलिए पनि स्वभाव तथा क्रियाकलापमा परिवर्तन आउँदैन तथा आद्योपान्त उस्तै जीवन बिताउने र स्वभाव तथा आचरणमा विचलन नआउने पात्र गतिहीन पात्र हो ।

### २.३.५ जीवनचेतनाका आधारमा

पात्रको सिङ्गो समाजको प्रतिनिधित्व र निजी जीवनको प्रतिनिधित्वका कारण यस आधारमा पात्रलाई वर्गीय र व्यक्तिगत गरी दुई प्रकारमा विभाजन गरिन्छ । वर्ग प्रधान चरित्रमा व्यक्ति चरित्रको कुनै वर्ग वा समुदायको प्रतिनिधित्व गर्दछ र कृतिको अभिष्ट कुनै निश्चित वर्गको सुख, दुःख, कठिनाई, समस्या आदिको प्रस्तुति गर्नु हुन्छ । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय पात्र हुन्छ , व्यक्ति प्रधान चरित्रमा व्यक्तिको प्रतिनिधित्व गर्ने हुनाले वैयक्तिक भावना र संवेदनाले यसमा प्रश्रय पाएको हुन्छ । यसमा कुनै वर्ग नभएर एउटा व्यक्तिकै चारित्रिक विश्लेषण हुने हुनाले व्यक्ति प्रधान चरित्रको कुनै वर्गलाई प्रतिनिधित्व गर्न सक्षम हुँदैन । उपन्यासका पात्र र सामाजिक जीवनको तुलनाबाट वर्गीय र व्यक्तिगत पात्रको निर्धारण गरिन्छ ।

### २.३.६ आसन्नताका आधारमा

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । जुन पात्र उपन्यासमा प्रत्यक्ष उपस्थित भई संवाद र कार्यव्यापार प्रस्तुत गर्दछ त्यो पात्र मञ्चीय हुन्छ भने उपन्यासकारले नाम मात्र उच्चारण गरेको र कार्यव्यापारमा नआएको पात्र नेपथ्य पात्र हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन्

### २.३.७ आबद्धताका आधारमा

उपन्यासमा उपस्थित पात्रको कथानकसँगको सम्बन्ध नै आबद्धता हो । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी २ प्रकारका हुन्छन् । जुन पात्रको सम्बन्ध कथानकसँग बढी हुन्छ त्यो पात्र बद्ध पात्र हो भने कथानकसँग कम सम्बन्ध वा मूल कथानकसँग सम्बन्ध नभएको पात्र मुक्त पात्र हो । बद्ध पात्र मूल कथानकसँग सम्बद्ध हुने भएकाले बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ भने मुक्त पात्रलाई कथानकमा त्यति स्थान नदिएको हुँदा तिनलाई हटाउँदा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन ।

## २.४ चरित्र वर्गीकरणको दोस्रो आधार

उपन्यासमा प्रयुक्त चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोप गरिएको पाइन्छ । कथानक र वातावरणका फरकपनले गर्दा पात्रका गुणहरू फेरिन पुग्छन् । यस आधारमा उपन्यासमा प्रयोग गरिने चरित्रका  प्रकारहरू निम्नलिखित छन् :

### २.४.१ गतिशील र गतिहीन पात्र

उपन्यासमा पात्रको स्वभावत : मनस्थिति परिवर्तनशील र अपरिवर्तनशील हुने गर्दछ । उपन्यासको सुरुदेखि अन्त्यसम्म कथानकको मोड, समय र परिस्थिति अनुसार चारित्रिक दृष्टिले परिवर्तन हुने पात्र गतिशील पात्र हो । त्यस्तै उपन्यासको सुरुदेखि अन्त्यसम्म आफ्नो विचार क्रियाकलाप आदिले चारित्रिक रूपमा परिवर्तन नल्याउने वा स्थिर हुने पात्र गतिहीन पात्र हो । गतिशील पात्रको चारित्रिक विकास भएको पाइन्छ भने गतिहीन पात्रको चारित्रिक विकास भएको पाइँदैन । **भ्रमर** उपन्यासको शेखर गतिशील पात्र हो भने **रूपमती** उपन्यासको रूपमती गतिहीन पात्र हो ।

### २.४.२ यथार्थ र आदर्श पात्र

उपन्यासमा प्रयोग भएका पात्रहरू मध्ये कोही वास्तविक जीवनसँग मेल खाने हुन्छन् भने कोही अवास्तविक एवम् कृत्रिम प्रकारका हुन्छन् । समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने खालको पात्र यथार्थ हुन्छ, जसको हरएक क्षणमा पाठक संवेदित भई मनोभावनालाई यसै अनुकूल बनाउँछ । यस्ता उपन्यास पढ्दा जीवन पात्रले होइन आफैँले भोगे जस्तो लाग्छ । त्यसको साटो आदर्श पात्रले उच्च आकाङ्क्षा बोके पनि यस्तो हुनुपर्छ भन्ने सन्देश दिन आउने हुँदा उसमा यथार्थको अभाव हुन्छ । **मुलुक बाहिर** उपन्यासको रने यथार्थ चरित्र हो भने **माधवी** उपन्यासको गालब आदर्श चरित्र हो ।

### २.४.३ अन्तर्मुखी र बहिर्मुखी पात्र

उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये आफ्ना कुरा कसैलाई भन्न नचाहने, प्राय निराशावादी, आफूभित्रै हराउने तथा सांसारिक भद्रगोल देखि टाढा रहन चाहने स्वभावका पात्रलाई अन्तर्मुखी स्वभावका पात्र भनिन्छ । यस्ता पात्रहरू मनलाई नियन्त्रणमा लिन

सक्छन् र प्राय एकान्त प्रिय हुन्छन् । त्यस्तै आफ्ना मनका कुरा अरूलाई भनिहाल्ने प्राय आशावादी, बाहिरी सम्पर्कमा बढी बस्न चाहने, प्राय बोलक्कड र जीवनलाई रमाइलो अनुभवका रूपमा लिने स्वभावका पात्रलाई बहिर्मुखी स्वभावका पात्र भनिन्छ । **अलिखित** उपन्यासको शरद अन्तर्मुखी पात्र हो भने **खैरिनीघाट**को नायक भक्तवीरे बहिर्मुखी पात्र हो ।

## २.४.४ गोला र च्याप्टा पात्र

गोला पात्रलाई गतिशील र च्याप्टा पात्रलाई स्थिर पात्र पनि भनिन्छ । समय परिस्थिति अनुसार गोला पात्र परिवर्तनशील हुन्छन् भने च्याप्टा पात्रहरू आद्योपान्त एउटै किसिमका हुन्छन् । गोला पात्रले जीवनलाई जटिल रूपमा भोग्ने र क्षण-क्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने गर्दछन् । गोला पात्रमा स्वच्छन्दता र स्वाभाविकता बढी हुन्छ । जीवनलाई सपाट रूपमा भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा पात्र भनिन्छ । त्यस्ता पात्रमा आदर्शको मात्रा बढी हुने हुनाले स्रष्टाको निश्चित धारणामा च्याप्टा पात्र अड्कन्छन् । त्यसैले ती सतही र अप्रभावकारी हुन्छन् भने गोला पात्र जीवनलाई आफैँ भोग्छन् । **पल्लो घरकोझ्याल**को मिसरी गोलो पात्र हो भने **सुम्निमा** की सुम्निमा च्याप्टो पात्र हो ।

## २.४.५ सार्वभौम र आञ्चलिक पात्र

सबैतिर एकैनास र निश्चित सीमाभित्र भन्ने अर्थमा सार्वभौम र आञ्चलिक पात्र भन्ने बुझिन्छ । सार्वभौम पात्र जतातत्तै उही रूपले ग्रहण गर्न सकिने हुन्छन् भने आञ्चलिक पात्र आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । यिनले निजी संस्कार र आन्तरिक रूप प्रदर्शन गर्दछन् । **नरेन्द्र दाइ**को नरेन्द्र सार्वभौम पात्र हो भने **घामका पाइलाहरू**को अमलेन्दु भट्टाचार्य आञ्चलिक पात्र हो ।

## २.४.६ पारम्परिक र मौलिक पात्र

पूर्वपरिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदिहिँड्ने पात्र पारम्परिक वा रूढ हुन्छन् । सिर्जना भइसकेको वा परम्पराको गोरेटोमा हिँड्ने त्यस्ता पात्रहरू कहिलेकाहीँ प्रभावकारी पनि सिद्ध हुन्छन् जब तिनले प्रतीकात्मक स्वरूप पाउँछन् । मौलिक पात्र भनेको स्रष्टाको नौलो सिर्जना हो । मौलिक पात्र पारम्परिक रूपमा परिचित हुँदैनन् । उपन्यासको कथानकमा मात्र घटित भएका पात्रहरू मौलिक पात्र हुन् ।

उपर्युक्त विभिन्न आधारहरूमा उपन्यासका पात्रहरूको चरित्रचित्रण गरिन्छ । उपन्यासको सारतत्त्व तथा विचारलाई संवाहन गर्ने माध्यम नै चरित्र हुने र उपन्यासमा कुनै पनि चरित्रको जीवनको विभिन्न पक्षको चित्रण गरिने भएकोले पात्र वा चरित्रको भूमिका महत्त्वपूर्ण हुन्छ । आधुनिक उपन्यास परम्परामा चरित्र प्रधान उपन्यासको महत्त्व बढ्दो रहेको पाइन्छ र यस्तो प्रकारको उपन्यासमा कथानक नै चरित्रको सेरोफेरोमा घुमेको छ । चरित्रचित्रणका माध्यमबाट नै आधुनिक उपन्यासकारहरूले केही कलात्मक त्रुटि छ भने पनि तिनलाई छोपी जीवन्त उपन्यासको सिर्जना गर्दछन् ।

उपन्यासमा पात्रको चरित्रचित्रण गर्दा पात्र विधानका माथि उल्लेखित सैद्धान्तिक आधारहरूमध्ये दोस्रो आधारलाई पहिलो आधारभित्र समेट्न सकिने भएकाले र हालसम्म पनि पहिलो आधार नै सर्वसम्मत मानिएको हुनाले यस शोधपत्रमा पनि पात्रविधानका उपरोक्त सैद्धान्तिक आधारहरूमध्ये पहिलो आधारका सहायताले गरिएको छ ।

तेस्रो परिच्छेद

# 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीकरण

## ३.१ 'कुमारी शोभा' उपन्यासको सामान्य परिचय

**कुमारी शोभा** (२०३९) विजय मल्लको एक उल्लेख्य उपन्यास हो । विजय मल्लका तिन उपन्यास मध्ये **कुमारी शोभा** दोस्रो उपन्यास हो । नेपाली उपन्यास परम्परामा मनोवैज्ञानिक धारा अन्तर्गत यसको महत्त्वपूर्ण स्थान रहेको छ । मल्लको **कुमारी शोभा** उपन्यासमा फ्रायडीय भन्दा युङ्गको मनोविश्लेषण सिद्धान्तलाई बढी अँगालेको प्रतित हुन्छ ।

मनोविज्ञानलाई उपन्यासमा प्रयोग गर्दा त्यसको आधारका रूपमा समाजिकतालाई प्रस्तुत गरिएको छ । अर्थात् उपन्यासको मूल उद्देश्य मनोविश्लेषण रहेको छ र त्यसलाई प्रस्तुत गर्ने आधार सामाजिकता रहेको छ । काठमाडौँमा रहिआएको कुमारी प्रथानै यस उपन्यासको सामाजिकता हो । काठमाडौँमा कुमारीलाई जीवित देवी मानिन्छ । शाक्यकुलकी सम्पूर्ण लक्षणले युक्त एक कन्या कुमारी बन्नका निम्ति छानिन्छिन् र पर्वपर्वमा पुजिन्छिन् (कुमारी शोभा प्रकाशकीय) यसरी कुमारीका लागि छानिएकी कन्यालाई रजस्वला नहुँदासम्म कुमारी घरमा राखिन्छ र रजस्वला भएपछि आफ्नै घरमा फर्काइन्छ । यस उपन्यासको सिर्जनाको मूल बिज वा सिर्जनाको मुख्य कारक तत्त्व एक पटक कुमारी भैसकेकी कन्यालाई जसले विवाह गर्छ , त्यसको पहिलो श्रीमान् मर्छ  भन्ने अन्धविश्वास हो । यही विश्वसका कारण उत्पन्न विभिन्न चिन्ता, दुश्चिन्ता, तनाव र छट्पटी नै यस उपन्यास निर्माणको मुख्य खुराक हो । यही सानो कुराबाट यस उपन्यासकी नायिकाको चरित्र सामान्यबाट असामान्य बन्दै गएको छ र यसको नायक त्यही असामान्य अवस्थामा पुगेकी नायिकाको चरित्रलाई सामान्य अवस्थामा ल्याउनका लागि लागि परेको छ । अन्य सम्पूर्ण पात्रहरू पनि त्यसैका वरिपरी सञ्चालित भएका छन् ।

मनोवैज्ञानिक उपन्यासहरू चरित्रप्रधान हुने गर्दछन् । प्रस्तुत उपन्यास पनि मनोवैज्ञानिक उपन्यास भएकाले चरित्र प्रधान उपन्यास नै हो । चरित्रप्रधान उपन्यासमा कथानकले कम महत्त्व पाएको हुन्छ र यसमा पनि कथानकले कम महत्त्व पाएको छ तरपनि सामाजिकताका कारण कथानक केही मात्रामा भएपनि सुगठित बन्न पुगेको छ । प्रस्तुत उपन्यासको कथानक क्षीण रहेको छ । शाक्यकुलीन कन्या कुमारी शोभालाई

कुमारीका रूपमा छानिनु, राजस्वला नहुँदासम्म कुमारी घरमा देवीका रूपमा राखिनु, राजस्वला भएपछि पुनः आफ्नो घरमा फर्काइनु, घर फर्किएपछि उपेन्द्रसँग प्रेम गर्नु र विवाह गर्न चाहनु तर कुमारीलाई बिहे गर्ने पहिलो श्रीमान् मर्छ भन्ने लोक विश्वासका कारण विवाह गर्ने वा छाड्ने भन्ने अर्न्तद्वन्द्वमा परि असमान्य अवस्थामा पुग्नु र त्यही असामान्य अवस्थामा पुगेकी कुमारी शोभालाई सामान्य अवस्थामा ल्याउनका लागि नायक उपेन्द्रले हरसम्भव प्रयास गर्नु र अन्त्यमा सफल हुनु, यही नै यस उपन्यासको कथानक हो ।

प्रस्तुत उपन्यासमा नायक उपेन्द्र र नायिका शोभाको कथानक मुख्य कथानकका रूपमा रहेको छ । जुन उपन्यासको सुरुदेखि अन्त्य सम्म रहेको छ । यस उपन्यासमा प्रयुक्त बाबुकाजी, शोभाकी फुपू राजमती, आदि अन्य पात्रसँग सम्बन्धित कथानक सहायक कथानक हुन् ।

प्रस्तुत उपन्यासमा प्रयुक्त परिवेशका रूपमा काठमाडौँको नेवारी समाज र त्यस समाजमा रहेको कुमारी प्रथा रहेको छ । नेवारी समाज, त्यसको संस्कार, संस्कृति, लोक विश्वास, भेषभुसाहरू यसको बाह्य परिवेशका रूपमा रहेका छन् भने आन्तरिक परिवेशका रूपमा नायिका शोभाको अर्न्तमनको द्वन्द्व छ र त्यसबाट सिर्जित जटिल अवस्था रहेको छ । प्रस्तुत उपन्यासको बाह्य परिवेश जति सशक्त छ त्यो भन्दा अझैं सशक्त आन्तरिक परिवेश रहेको छ । अर्थात् बाह्य परिवेश कारणका रूपमा र आन्तरिक परिवेश त्यसको कार्यका रूपमा प्रस्तुत भएको छ ।

सर्वज्ञ तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको प्रस्तुत उपन्यासको संवाद पनि अत्यन्त सुन्दर, कोमल र मधुर रहेको छ । उपन्यासमा अन्तरद्वन्द्व देखाउने क्रममा आत्मालापको पनि यथेष्ट प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासको मुख्य उद्देश्य भनेको मनोविश्लेषणलाई कलात्मक रूपले प्रस्तुत गर्नु हो । उपन्यास नै मनोवैज्ञानिक उपन्यास भएकाले यो कुरा स्वत पुष्टि हुन्छ र अर्को महत्त्वपूर्ण उद्देश्य भनेको काठमाडौँको नेवारी समाजमा रहेको कुमारी प्रथा भित्र लुकेर रहेको लोक विश्वास (कुमारीको पहिलो पोई मर्छ ) लाई अन्धविश्वासका रूपमा पुष्टि गर्नु हो । यस उपन्यासको नायक त्यही पुष्टिका लागि लागि परेको छ  र सफल पनि भएको छ ।

मल्लका तिन उपन्यासमध्ये**कुमारी शोभा** उपन्यास बाह्य र आन्तरिक दुवै संरचनाका दृष्टिले सुगठित र कसिलो रहेको छ । आकारगत आयामका दृष्टिले पनि यो उनका अन्य दुवै उपन्यास भन्दा बृहत् रहेको छ। उनको पहिलो उपन्यास **अनुराधा** (२०१८) मा रहेको संरचनागत कसरमसरहरू**कुमारी शोभा** उपन्यासमा आइपुग्दा धेरै कम भएका छन् ।

## ३.२ 'कुमारी शोभा'मा प्रयुक्त पात्रहरू

आधुनिक उपन्यासमा चरित्र चित्रणको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र र तिनको व्यक्तित्व देखाउने ढङ्गलाई चरित्र चित्रण भनिन्छ (बराल र एटम, २०५४:२६) । उपन्यासमा सम्पूर्ण घटना सञ्चालन गर्ने र गति दिने कार्य पात्रहरूले गर्दछन् । भने कथानक, संवाद, लेखकीय दृष्टिकोण पात्रका माध्यमबाट प्रस्तुत हुन्छ । मनोवैज्ञानिक उपन्यास पात्रकै अन्तर्बाह्य पक्षको उद्घाटन, अध्ययन र विश्लेषणमा केन्द्रित हुने हुनाले यसमा पात्रको भूमिका झन् महत्त्वपूर्ण हुने गर्दछ (घर्ति २०६७: ५४) । आख्यानात्मक कृतिमा पात्रको विशेष भूमिका रहेको हुन्छ । पात्रको कार्यव्यापारले आख्यानात्मक कृतिमा जीवन्ततामात्र होइन रोचकता पनि प्रदान गर्दछ । साहित्यिक अर्थानुसार चरित्र कुनै विचारलाई सम्प्रेषण गर्ने तत्त्व हो । कथानकको स्वरूप अनुसार चरित्र कुनै विचारलाई सम्प्रेषण गर्ने तत्त्व हो । कथानकको स्वरूप अनुसार आख्यानका पात्रहरू क्रियाशील हुन्छन् । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू कार्यव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग हुन्छ । पात्र आख्यानका विचारवाहक माध्यम हुन् । उपन्यासमा प्रयुक्त सबै पात्रको आ-आफ्नो चारित्रिक विशेषता हुन्छन् र तिनै चारित्रिक विशेषताका आधारमा चरित्रको विश्लेषण गर्नु पर्दछ ।**कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्दै प्रमुख र अन्य केही उल्लेख्य पात्रहरूको चारित्रिक विशेषताको विश्लेषण गर्नु उपयुक्त देखिन्छ।

### ३.२.१ चरित्रहरूको वर्गीकरण

**कुमारी शोभा** विजय मल्लको उत्कृष्ट उपन्यास हो । मनोवैज्ञानिक नेपाली उपन्यास परम्परामा आफ्नो विशेष अस्तित्व कायम गर्न सफल रहेको छ । मनोवैज्ञानिक उपन्यास

भएको कारण नै यो एक चरित्र प्रधान उपन्यास हो । कथावस्तुको तुलनामा पात्र/चरित्रलाई बढी महत्त्व दिएर रचना गरिएको पाईन्छ । उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये कतिपय चरित्रहरूलाई औपचारिक नाम दिइएको छ भने कतिपयलाई अनौपचारिक नामले पनि चिनाइएको छ । यस्तै व्यक्तिवाचक नाम र जातिवाचक नामले पनि चिनाइएको छ । यही व्यक्तिवाचक र जातिवाचक नामले चिनाइएका विभिन्न पात्रहरूको प्रयोग भएकाले **कुमारी शोभा** उपन्यास बहुपात्रीय उपन्यासका रूपमा देखिन्छ ।

**कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये व्यक्तिवाचक नाम अर्न्तगत शोभा,उपेन्द्र, बाबुकाजी, धनमाया, राजमती, मोतिरत्न, मणिक, रत्नमाया, उषा, द्रव्यरत्न, शारदा, गोपाल, ज्ञानरत्न, त्रिरत्न, चन्द्रमाया, मोहिनी, रमा, जुलुम, गणेश संघरत्न, भिक्षु परमानन्द आदि पाइन्छन् । त्यस्तै जातिवाचक नामले चिनाएका नातेदार र अन्य पात्रहरूमा शोभाको बाबु, उपेन्द्रको बाबु, माहिला, कान्छा, माहिली, डाक्टर, सुबेदारकी छोरी सानी, कुमारीको रथयात्रा हेर्न आएका पुरुष र महिला, स्वयम्भूको परिक्रमा गर्न आएका मान्छेहरू, शोभाका कुमारी घरका साथिहरू माहिलीको भट्टी पसलमा आएका ग्राहकहरू, बाबुकाजिको ट्रकले किचेर मरेको युवक, कुमारी घरकी अजी, चैत्यमा बत्तिबाल्न आउने आइमाईहरू, गुभाजु, दापा बजाउने मण्डलीहरू, दोबाटोमा बस्ने ट्राफिक प्रहरीहरू, शोभामा देउता उत्रेको भन्दै उनको दर्शन गर्न आउने महिला र पुरुष दर्शनार्थीहरू, सडक र बहालका वरपर गुच्छा खेल्ने केटाकेटीहरू, बालाजुको पिकनिकमा सहभागीहरू, डाक्टरको क्लिनिकमा जचाउँन आएकी मगज बिग्रेकी आइमाई र उसका साथीहरू पर्दछन् । यसैगरी उपन्यासको कथावस्तुलाई गति दिन र उपयुक्त परिवेशको सिर्जनागर्ने सन्दर्भमा कतिपय ठाउँमा बाँदर, कुकुर, सुँगुर, भैंसी, साँढे, परेवा आदिको प्रसङ्ग पनि आएकाले यिनलाई मानवेत्तर पात्रका रूपमा राख्न सक्ने देखिन्छ । यी सबै जातिवाचक नाम अन्तर्गत नै पर्दछन् । **कुमारी शोभा** उपन्यासका यी विभिन्न पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छ ।

### ३.२.१.१ लिङ्गका आधारमा चरित्रहरूको वर्गीकरण

लैङ्गिक दृष्टिकोणले स्त्री र पुरुष गरी प्रस्तुत उपन्यासका पात्रहरूलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । पुरुषपात्र अन्तर्गत, उपेन्द्र, बाबुकाजी, मोतिरत्न, मणिक, द्रव्यरत्न, कान्छा, गोपाल, डाक्टर, ज्ञानरत्न, गणेश, संघरत्न, त्रिरत्न, उपेन्द्रको बाबु, शोभाका बाबु,

माहिला, भिक्षु परमानन्द, ट्रक दुर्घटनामा परी मृत्यु वरण गर्न पुगेको युवक, कुमारी जात्रा र स्वयम्भू आदि ठाउँमा देखिने पुरुषपात्रहरू पर्दछन् । स्त्री पात्रहरूमा शोभा, धनमाया, राजमती, शारदा, मोहिनी, मिस्री, रत्नमाया, उषा, चन्द्रमाया, सुबेदारकी छोरी सानी, रमा, माहिली, जुलुम, कुमारीघरकी अजी, शोभाको घरमा आइजाई गर्ने महिलाहरू चिबहाल र मन्दिरमा दियो बाल्न आउने आइमाईहरू आदि पर्दछन् ।

### ३.२.१.२ कार्यका आधारमा चरित्रहरूको वर्गीकरण

कुनै पनि उपन्यासमा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको हुन्छ र ती सबै पात्रहरूले उपन्यास भित्र खेल्ने भूमिका पनि एउटै हुँदैन । त्यसैगरी प्रस्तुत उपन्यास **कुमारी शोभा**मा पनि विभिन्न प्रकारका पात्रहरूको प्रयोग गरिएको छ र ती सबैको कार्य अर्थात् भूमिका पनि समान रहको छैन । उपन्यासका पात्रहरूलाई तिनिहरूले उपन्यासभित्र खेलेको भूमिका अर्थात् कार्यका आधारमा प्रमुख, सहायक र  गौण गरी तिन वर्गमा वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा सबैभन्दा बढी कार्य गर्ने वा कार्यमूल्य भएका र उपन्यासको आदि देखि अन्त्यसम्म आउने पात्रहरूलाई प्रमुख पात्र भन्निछ । यस आधारमा हेर्दा शोभा,उपेन्द्र र बाबुकाजी यस उपन्यासका प्रमुख पात्रका रूपमा देखापर्छन ।

**कुमारी शोभा** उपन्यासको सम्पूर्ण कथावस्तु शोभाको केन्द्रीयतमा सञ्चालन छ । शोभाको कथा नै प्रस्तुत उपन्यासको कथा हो । यसकुराको पुष्टि र यसको शीर्षकबाट पनि स्वत प्रष्ट हुन्छ । यस उपन्यासमा प्रस्तुत गरिएको मनोविज्ञान,संस्कृति र सामाजिकताको प्रतिनिधित्व शोभाबाट एकैसाथ भएको छ । उपन्यासमा शोभाको भूमिका वा कार्य सर्वाधिक महत्त्वपूर्ण रहेको छ । उपन्यासको सुरु शोभाबाटै भएको छ र अन्त्य पनि शोभाबाटै भएको छ । उपन्यास मा जे जस्ता कार्यहरू भएका छन् ती सबै कार्यहरू शोभासँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् । त्यसैले प्रस्तुत उपन्यासमा शोभाको भूमिका ज्यादै मूल्यवान् देखिन्छ । त्यसकारण शोभा प्रस्तुत उपन्यासकी सर्वाधिक महत्त्व भएकी प्रमुख नारी चरित्र हो । यस उपन्यासकी नायिकाका रूपमा प्रस्तुत भएकी छ ।

उपेन्द्र **कुमारी शोभा** उपन्यासको प्रमुख पुरुष पात्रका रूपमा देखापरेको छ । उपन्यास भित्र शाभोको भूमिकासँग बराबरिको भूमिका नरहे तापनि उसको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ । प्रस्तुत उपन्यासको कथानकलाई सुखान्तमा टुङ्ग्याउनका लागि उपेन्द्रले प्रस्तुत उपन्यासमा नायकीपनको भूमिका पूर्ण रूपमा निर्वाह गर्न सकेको छ ।

शोभाको देवी उर्तेको भन्ने भ्रमलाई चिर्दै सत्यकुरा पत्ता लगाई समस्याको सही समाधान गर्न उपेन्द्र समक्ष भएको छ  र त्यसका लागि उसल विवेक र  तर्कलाई प्रमुख आधार बनाएको छ । उपेन्द्रमा भएको व्यक्तिगत तर्क,विवेक,निर्भिकता,अदम्य साहसका कारण उपेन्द्र उपेन्द्र बन्न सकेको छ । उपन्यासकारले आफ्नो पहिलो उद्देश्य मनोविज्ञानको औपन्यासिकीकरण गर्ने कुरा शोभामार्फत प्रस्तुत गरेका छन भने दोस्रो उद्देश्य समाजिक अन्ध विश्वासलाई चिर्नेकाम उपेन्द्रबाट प्रस्तुत गरेका छन् । त्यसैले पनि उपेन्द्रको भूमिका कम महत्त्वको छैन भन्ने कुरा प्रष्ट भएको छ ।

प्रस्तुत उपन्यासमा खलपात्रको रूपमा प्रस्तुत भएको बाबुकाजीलाई पनि प्रमुख पात्रका रूपमा लिन सकिन्छ । उपन्यासलाई गति दिने र द्वन्द्वात्मक अवस्थाको सिर्जना गरी उपन्यासमा उत्सुकता, कौतूहलता र चरमोत्कर्षतिर लैजान खलपात्रको विशेष भूमिका रहेको हुन्छ । जुन कार्य यस उपन्यासमा बाबुकाजीले गरेको छ । उपन्यासमा बाुकाजीको प्रवेश भएपछि आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्व दुवै चरम सीमातिर बढ्दै गएको छ । द्वन्द्वको दृष्टिकोणबाट हेर्दा बाबुकाजीको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । बाबुकाजीका आफ्नै चारित्रिक विशेषता रहेका छन् भने ती विशेषताले उपन्यासको कलात्मकतालाई झन् बढाएको छ । उपन्यासमा सबैभन्दा बढी कार्य शोभा, उपेन्द्र र बाबुकाजीबाट सम्पन्न भएको छ । यिनीहरू परस्परमा सम्बन्धित असम्बन्धित भएर पनि आ-आफ्नो छुट्टै पहिचान बोकेका छन् ।

यसैगरी उपन्यासमा प्रमुख भन्दा कम र गौण भन्दा धेरै भूमिका भएका चरित्रहरूलाई सहायक चरित्र भन्ने गरिन्छ । उपन्यासमा प्रयुक्त भएर प्रमुख पात्रलाई सहयोग गर्ने पात्रलाई नै सहायक पात्र भनिन्छ ।

प्रस्तुत उपन्यासमा शोभालाई सहयोग पुऱ्याउने प्रमुख सहायक नारी पात्रका रूपमा उषा र राजमती आएका छन् । उषाले उपन्यासमको प्रारम्भीक भागमा शोभाको असल मित्रका रूपमा आएर उसमा रहेको अन्तरद्वन्द्वलाई केही भएपनि कम गर्ने प्रयास गरेकी छ । शोभामा रहेको अन्धविश्वास र त्यसको कारण उत्पन्न सङ्कटावस्थामा उचित सल्लाह दिँदै उपेन्द्र र शोभा बिचको प्रेम सम्बन्धलाई अझ गाढा बनाउने प्रयास गर्दै उपेन्द्रसँग विवाह गर्ने सल्लाह दिएकी छ । त्यसैगरी शोभाको फुपूका रूपमा उपन्यासमा प्रस्तुत भएकी राजमतीले त शोभालाई आद्यान्त सम्म सहयोग पुऱ्याउँदै आएकी छ । शोभाको हेरचाह गर्ने

देखि लिएर उनलाई सही सल्लाह दिने, भतिजो बाबुकाजीबाट जोगाउने जस्ता कार्य उनीबाट भएको छ । त्यस्तै शोभाकी आमाका रूपमा प्रस्तुत भएकी धनमाया, दाजु मोतीरत्न, उपेन्द्रकी आमा शारदा, मोहिनी कम भूमिका भएका सहायक पात्र हुन भने मिस्री खल चरित्रका रूपमा प्रस्तुत भएकी नारी पात्र हो । उपन्यासमा थोरै ठाउँमा उपस्थित भएर पनि मिस्रीको भूमिका महत्त्वपूर्ण रहेको छ ।

यी बाहेक उपन्यासमा ज्यादै कम भूमिका भएका पात्र जसलाई हटाइदिदा पनि उपन्यासको कथावस्तुमा खासै ठूलो क्षति पुग्दैन त्यस्ता पत्रलाई गौण पात्र भनिन्छ । उपन्यासमा एकदमै थोरै कार्य गर्ने र प्रासङ्गिक रूपमा मात्र आएका पात्र गौण पात्रका रूपमा चिनिन्छ । यस्ता पात्रहरूमा मणिक, रत्नमाया, माहिला, द्रव्यरत्न, गोपाल, कान्छा, माहिली, शोभा, र उपेन्द्रको बाबु, जुलुम, गणेश, आदि देखिन्छन् ।

यसरी प्रस्तुत उपन्यासका पात्रहरूलाई कार्यका आधारमा वर्गीकरण गर्दा प्रमुख नारी पात्रका रूपमा शोभा, प्रमुख पुरुष पात्रका रूपमा उपेन्द्र र खल चरित्रका रूपमा बाबुकाजी देखिन्छन् । परम्परागत रूपमा हेर्दा शोभा नायिका, उपेन्द्र नायक र बाबुकाजी प्रतिनायक/खलपात्रका रूपमा देखिन्छन् ।

### ३.२.१.३ प्रवृत्तिका आधारमा चरित्रहरूको वर्गीकरण

प्रवृत्तिका आधारमा उपन्यासका पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरेका पात्रहरू अनुकूल प्रवृत्तिका हुन्छन् भने नकारात्मक भूमिका निर्वाह गरेका पात्रहरू प्रतिकूल प्रवृत्तिका हुन्छन् । यसै आधारमा **कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूलाई हेर्दा अनुकूल अन्तर्गगत शोभा, उपेन्द्र धनमाया, राजमती मोतिरत्न, रमा, उपेन्द्रका बाबु-आमा, डाक्टर, चन्द्रमाया, आदि पात्रहरू उल्लेखनीय छन् । प्रतिकूल पात्रहरूमा मुख्यतया बाबुकाजी र मिस्री देखिन्छन् ।

शोभामा कसैलाई पनि क्षति पुऱ्याउने मनसाय देखिँदैन । सानामा एकपटक कुमारी भइसकेकी २०-२२ वर्षे युवती शोभाले उपेन्द्रसँग प्रेम गर्न पुग्छे  र यही नै उसको पीडाको मुख्य कारण बनेको छ । उपेन्द्रलाइ हृदयदेखि नै हार्दिक प्रेम गर्ने हुँदा उपेन्द्रको दीर्घायुको चाहाना राख्छे त्यसको लागि बरू आफैँलाइ नै बर्बाद बनाउन पछि पर्दैने । आफूले उपेन्द्रसँग विवाह गरे उपेन्द्रको मुत्यु हुन्छ भन्ने भयका कारण ऊ भिक्षुणी बन्न समेत उद्यत

देखिन्छे । आत्म पीडालाइ स्वीकार्ने शोभा अनुकूल चरित्र हो । उसमा कसैको पनि कुभलो चिताउने प्रवृत्ति छैन । आफूलाई नै सिद्याएर अरूको कल्याण चाहने उसको विशेषता रहेको छ । त्यस्तै विश्वविद्यालयमा एम्.एस्. सी.को अध्ययन गर्दै गरको उपेन्द्र यस उपन्यासको अर्को प्रमुख अनुकूल चरित्र हो । आफ्नो पढाइका साथै बुबाको व्यापारमा समेत सहयोग गर्दै आएको उपेन्द्र विवेकशील, निडर र निर्भिक पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ । शोभासँगै प्रेमसम्बन्धमा बाँधिएर त्यो सम्बन्धलाई सफल बनाउन हरसम्भव प्रयास गरेको छ । शोभासँगको प्रेमसम्बन्धमा बाँधिएर त्यो सम्बन्धलाई सफल बनाउन हरसम्भव प्रयास गरेको छ र अन्त्यमा सफल पनि भएको छ । उसको शोभासँगको प्रेममा यौन र वासनाको गन्ध पाइँदैन, निश्चल र निष्कपट छ । आधुनिक युगको वैज्ञानिक ज्ञानबाट शुशिक्षित भएको उपेन्द्र शोभालाई देवी चढेको , उसलाई विवाह गरे आफू मर्ने भन्ने जस्ता कुरामा पटक्कै विश्वास गर्दैन । शोभालाईसङ्कटबाट मुक्त गर्नको लागि उसले उपन्यासमा अत्यन्तै उल्लेखनीय भूमिका निर्वाह गरको छ । शोभालाई देवी चढेको नभई मानसिक रोग लागेको र त्यो रोग सजिलै सन्चो हुने कुरा गर्दछ । शोभालाई औषधी खानको लागि दबाब दिन्छ । बाबुकाजी जस्तो फटाह र बदमासबाट शोभा र उनको परिवार समेत त्रसित भइरहेको अवस्थामा बाबुकाजीको त्रासबाट मुक्त गर्नको लागि यथोचित प्रयास गरेको छ । साथै समाजमा व्याप्त अन्धविश्वासको विरोध गर्दै स्वथ्य समाजको निर्माणमा लागि परेकाले ऊ अनुकूल चरित्रका रूपमा स्थापित छ । त्यस्तै शोभाको साथीका रूपमा उपन्यासमा प्रस्तुत भएर शोभाको सङ्कटको घडीमा उचित सल्लाह दिने उषा, हेरविचारमा तल्लीन उनकी आमा धनमाया र फुपू राजमती, दाजु मोतिरत्न, उपेन्द्रका बाबु-आमा, बहिनीहरू अन्तत : शोभा र उपेन्द्रको वैवाहिक सम्बन्धका पक्षमा देखिएका छन भने मोहिनी र माहिली जस्ता पात्रहरूले पनि मुख्य चरित्रहरूको कुभलो नचिताएका कारण यिनीहरूलाई पनि मुख्य अनुकूल पात्रहरूको कोठीमा राख्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा मुख्य प्रतिकूल पात्रको रूपमा बाबुकाजी देखा परेको छ । कुमारीको रथ यात्रा हेर्नको लागि साथी उषासँगै फुपूको घरमा गएकी शोभालाई देखे पछि ऊ प्रति मोहित भएको बाबुकाजीले रक्सीले मत्त भएर ढोका थुन्न खोज्नु , बाटो छेक्नु र शोभालाई जसरी पनि आफ्नो बनाउन खोज्नु यदि नमाने जेसुकै गर्न सक्नेधम्की दिनु जस्ता कार्यव्यापारका कारण ऊ प्रतिकूल चरित्रका रूपमा देखा पर्छ । नारीलाई केवल भोग्याका रूपमा मात्र लिनु, नारीको स्वतन्त्र अस्तित्वलाई बुझ्न नसक्नु, आफ्नै फुपूलाई धम्काएर

उनको सम्पत्ति हातपार्न खोज्नु, रक्सीले मातेर जथाभावी बोल्नु, उसको अशिष्ट बोली ( अशभ्य व्यवहारका कारण ऊ यस उपन्यासमा मुख्य प्रतिकूल चरित्रका रूपमा देखा परेको छ । "म त मापाको बदमाश पो छु । घरको ढोकै थुनेर तिमीहरूलाई यहाँबाट निस्कन दिन्न । अब ढोकै थुनेपछि कसरी निस्कन्छौ " (पृष्ठ २८) भन्ने उसको यो आफ्नै भनाईबाट उसको व्यवहार छर्लङ्ग भएको छ । त्यस्तै "गर्मी छ , बुझ्रीस् कोकाकोला पनि किनेर ले, सिसि दिन्न भन्या भने, बाबुकाजी दाइले भनेको भन् तैपनि मानेन भने त्यसको खप्पर नफोरी कहाँ छाड्छु म बुझ्रीस् जा" । जस्ता उनको संवादबाट उसको अशिष्ट भाषा र अभद्र व्यवहार स्पष्ट भएको छ । जसको कारण ऊ प्रतिकूल चरित्रका रूपमा उपन्यासमा दरिएको छ । त्यस्तै उपेन्द्रको र शोभाको घरमा आइजाइ गर्ने मिस्रीबाट उपन्यासकारले कुमारीको पहिलो पति मर्छ भन्ने अन्धविश्वासको प्रक्षेपण गरेका छन् । प्रस्तुत उपन्यासको समस्याको मूल जडका रूपमा रहेको लोक विश्वास जसलाई शीरोधार्य गरेर घरघरमा कुरा लगाउने प्रवृत्तिबाट ग्रसित मिस्री यस उपन्यासको महत्त्वपूर्ण चरित्र हो । "भो , शोभा, यस्तो दशघर घुमी हिड्ने कुरैटे छुच्चाहरूले भनेको कुरालाई क्यै वास्तै नगर । यिनीहरूले जे मुखमा आयो त्यही बकिदिन्छन् । " भन्ने राजमतीको भनाईबाट चरित्र स्पष्ट हुन्छ । मिस्रीको यस कुरैटे र अन्धविश्वासी चरित्रको कारण ऊ पनि प्रतिकूल चरित्रका रूपमा उपन्यासमा देखिएकी छ । यसरी प्रस्तुत उपन्यासका चरित्रहरूलाई हेर्दा प्रतिकूल चरित्रको तुलनामा अनुकूल चरित्र धैरै छन् । यही अनुकूल र प्रतिकूल चरित्रको संयोजनबाट नै उपन्यास द्वन्द्वमय बनेको छ ।

### ३.२.१.४ स्वभावका आधारमा चरित्रहरूको वर्गीकरण

उपन्यासका पात्रहरू कोही परिवर्तित परिस्थितिअनुसार बद्लिने स्वभावका हुन्छन् भने कोही परिवर्तित परिस्थिति अनुसार नबद्लिने स्वभावका हुन्छन् । परिवर्तित परिस्थितिअनुसार परिवर्तन हुने स्वभावका पात्रहरूलाई गतिशील वर्गमा र उपन्यासको प्रारम्भदेखि अन्तसम्म स्वभावमा कुनै परिवर्तन नआउने पात्रलाई गतिहीन वा स्थिर वर्ग अन्तर्गत राख्ने गरिन्छ । **कुमारी शोभा** उपन्यासका पात्रहरूलाई पनि यस आधारमा वर्गीकरण गर्न सकिन्छ ।

**कुमारी शोभा** उपन्यासका पात्रहरूलाई स्वभावका आधारम वर्गीकरण गर्दा गतिशील पात्रहरूमा शोभा, धनमाया, उपेन्द्रकी आमा शारदा र बाबुलाई लिन सकिन्छ । भने उपेन्द्र, बाबुकाजी, राजमती, मोतिरत्न, उषा, माहिला, मिस्री, उपेन्द्रकी बहिनी रमा र चन्द्रमाया,

माहिली गतिहीन अर्थात् स्थिर पात्रका रूपमा देखा पर्दछन् । अन्य अतिकम भूमिका भएका गौण पात्रहरू स्वभावका दृष्टिले खास चर्चायोग्य छैनन् ।

शोभा प्रस्तुत उपन्यासकी केन्द्रीय चरित्र भएकाले उसकै कार्यव्यपारबाट उपन्यासको कथावस्तु गतिशील बन्न पुगेको छ । सानामा एकपल्ट कुमारी भएकी शोभाको अन्तर्द्वन्द्वबाट सुरू भएको यस उपन्यासमा शोभाको अन्तर्द्वन्द्व अन्त : पर्यन्त पूर्णत समाप्त भइसकेको देखिन्छ । आफू कुमारी देवी हुँ भन्ने थाहा हुँदाहुँदै पनि उपेन्द्रसँग प्रेम गर्छे । ऊ बिना अब बाँच्न नसक्ने कुरापनि गर्छे । तर प्रेमको संसारमा निस्फीकी भएर पूर्णत रमाउन सक्दिन । उपेन्द्रलाई आफ्नो घरमा आउँदा रोक लगाउन खोज्छे तर त्यो उसको प्रयास असफल र अर्थहीन रहन्छ । कुमारीको पहिलो पति मर्छ भन्ने लोकविश्वास र त्यसको भयका कारण ऊ उपेन्द्रसँग विवाह नगरी भिक्षुणी बन्न चाहन्छे भने कहिले पहिला त्यो बदमास बाबुकाजीसँग विवाह गर्ने ऊ मरेपछि आफ्नो उपेन्द्रसँग विवाह गर्ने विचार गर्छे । उसमा आएका विचारहरूका आधारमा उसलाई गतिशील चरित्र भन्दा गलत मानिदैन । यत्रिमात्र नभएर उपन्यासको अन्त्यमा उपेन्द्रसँग दाम्पत्य जीवन बिताउन सहमति हुँदै आफूलाई घिसारेर, उठाएर, लैजाउ भन्दछे , जसको कारण ऊ गतिशील पात्रका रूपमा प्रस्तुत भएकी छ ।

स्वभावका दृष्टिले गतिशील पात्रका रूपमा धनमायाको चरित्र उल्लेख्य देखिन्छ । क्षणक्षणमा विचार परिवर्तन गर्ने पात्रका रूपमा धनमायाको चरित्र चित्रित भएको पाइन्छ । शोभाकी आमाका रूपमा उपन्यासमा प्रस्तुत भएकी धनमायाले आफ्नी छोरीको अवस्था अनुसार आफूमा विचारहरू परिवर्तन गरी राख्छे । शोभा मूर्छित अवस्थाबाट बिउँझिएर कुमारी देवी हुँदा जस्तै फूलप्रसाद दिने क्रियाकलाप गर्दा ऊ शोभालाई देवी नै आएको मान्छे । शोभालाई देवी आएकै कारण उसले छोएपछि आफ्नो बातको रोग निको भएको भन्ने कुरामा विश्वास गर्छे । त्यती नै खेर उपेन्द्र र उसको दाजुले भने जस्तै शोभालाई देवी आएको नभएर मानसिक रोग हिस्टेरीया लागेको हुन सक्ने कुरामा पनि विश्वास गर्छे । कुमारीलाई विवाह गर्ने पहिलो पति मर्छ भन्ने कुराको उसलाई पनि विश्वास छ त्यसैकारण मिस्रीका कुरा सुनेर बसिरहेकी हुन्छे । पछि मिस्रीका कुराबाट शोभा रिसाएको देखेर मिस्रीलाई हप्काउन समेत पुग्छे । यसरी उसमा आएका यी क्षणक्षणका विचार परिवर्तनका कारण ऊ गतिशील चरित्रका रूपमा देखापर्छे । कुमारीलाई विवाह गर्ने पहिलो पति मर्छ भन्ने विश्वास हुँदाहुँदै पनि शोभाको उपेन्द्रसँग विवाह होस् भन्ने प्रबल चाहनाका कारण

पनि ऊ गतिशील चरित्रका रूपमा देखा पर्छे । यी सबै तथ्यबाट हेर्दा धनमाया गतिशील स्वभाव भएकी नारी चरित्र हो । यस्तै कुमारीले पहिलो पति टोक्छे । भन्ने अन्धविश्वासबाट ग्रसित भएका उपेन्द्रका बाबु आमाले प्रथमत उपेन्द्रको शोभासँग विवाह गर्ने निर्णयप्रति असहमति जनाउँछन् । उपेन्द्रकी आमा शारदा त त्यसती कुमारी देवी भइसकेकी पोई टोकुवासँग आफ्नो एक्लो छोराको विवाह हुन नदिनका लागि परिवारभित्रै रडाको मच्चाउने प्रयास गर्छिन , तर जब बाभ्नका लागि भनेर शोभाको घर गएकी शारदा विवाहको अनुमति दिएर आउँछिन् । यसरी हेर्दा उपेन्द्रका बाबु-आमामा आएको वैचारिक परिवर्तनका कारण उनीहरू पनि गतिशील चरित्रका रूपमा उपन्यासमा उभिएका छन् ।

प्रस्तुत उपन्यासमा प्रमुख पुरुष पात्रका रूपमा प्रस्तुत भएको उपेन्द्र र बाबुकाजी भने स्थिर स्वभाव भएका पात्रका रूपमा देखा पर्दछ । उपेन्द्र उपन्यासको सुरू देखि अन्त सम्म नै आफ्नो विचारमा अडिग रहेको छ । ऊ उपन्यासको सुरूमा जुन वैचारिक धारणाबाट सञ्चालन भएको छ उपन्यासको अन्त्यसम्म पनि त्यही वैचारिक धारणाबाट सञ्चालन भएको छ । आफ्नो वैचारिक धारणामा कटिबद्ध भएर लागेको छ, त्यसलाई सत्य साबित गर्नको लागि आफ्नो ज्यानको बाजी लगाउन सम्म पनि पछि परेको छैन । कुमारी देवी भइसकेकी केटीसँग विवाह गर्ने पहिलो युवक मर्छ भन्ने कुरामा ऊ पटक्कै विश्वास गर्दैन । बरू त्यस्तो कुरामा विश्वास गर्ने समाजसँग विद्रोह गरेर त्यस विश्वासलाई आफूबाटै झुटो साबित गर्न तम्सिएको छ । यसरी वैचारिक स्थिरताका कारण ऊ यस उपन्यासमा स्थिर चरित्रका रूपमा देखिन्छ ।

बाबुकाजी यस उपन्यासको प्रतिनायकका रूपम देखा पर्ने स्थिर पुरुष चरित्र हो । उसले आफ्नो विचार वा चाहानामा कुनै परिवर्तन ल्याउन सकेको छैन । बरू आफ्नै ज्यान गुमाउन पुगेकोछ । ऊ शोभालाई देवी हैन बोक्सी चढेको हो र त्यसको उपचार आफूले गर्ने भन्ने कुरा गर्छ । शोभालाई जसरी भएपनि आफ्नो बनाउने एउटै चाहना उसको उपन्यास भित्र छ । त्यसैले बाबुकाजी स्थिर चरित्रका रूपमा प्रस्तुत भएको चरित्र हो । मोतिरत्न र उषा अन्धविश्वासलाई मान्दैनन् र शोभालाई उपेन्द्रसँग विवाह गर्नको लागि हरसम्भव सहयोग गर्दछन् । उनीहरूको एउटै चाहना छ त्यो हो उपेन्द्र र शोभाको विवाह गराउने । उपेन्द्रको घरको नोकर माहिलाले अन्धविश्वासलाई त्याग्न सकेको छैन । मिस्री त परम्रागत विश्वासलाई पूर्णरूपमा अङ्गीकार गर्ने चरित्र नै हो । उसमा कुनै वैचारिक परिवर्तन आउन

सकेको छैन । आफ्नो  विचारमा कटिबद्ध भएर प्रतिवाद गर्न समेत पछि परेकी छैन । वास्तवमा भन्ने हो भने मिस्री यस उपन्यासकी त्यस्ती पात्र हो जसले कुमारी देवी हरहालतमा पति टोकुवा हुन्छन् भन्ने विचार भएका व्यक्तिको प्रतिनिधित्व गर्छे । उसमा परिवर्तनको लेश पनि पाइँदैन मोहिनी आफू कुमारीघरको झ्यालबाट खस्दा शोभाले नै आफूलाई बचाएको भन्ने भ्रम पालेर बसेकी छ । त्यही भ्रमकै कारण ऊ रथयात्रा हेर्न जाँदा शोभालाई देखेर खुसी हुँदै भेट्न गएकी छ  भने माहिलीमा पनि कुमारीलाई विवाह गर्ने पहिलो युवक मर्छ भन्ने विचार रहेको छ । जुनकुरा आफ्नो भट्टीमा रक्सी पिउन आएको बाबुकाजीसँगको वार्तालापबाट प्रष्ट हुन्छ । त्यसैले यिनीहरू स्थिर वा गतिहीन पात्र हुन् । यसरी हेर्दा **कुमारी शोभा** उपन्यासमा गतिशील र गतिहीन दुवैखाले स्वभाव भएका पात्रहरूको प्रयोग गरिएको छ ।

### ३.२.१.५ जीवनचेतनाका आधारमा चरित्रहरूको वर्गीकरण

उपन्यासको पात्रहरूलाई जीवनचेतनका आधारमा वर्गगत र व्यक्तिगत गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । समाजमा विभिन्न वर्गका मानिस हुन्छन् । सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने वर्गगत पात्र हुन् र केही निजी स्वभाव र वैयक्तिताको मात्र प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत पात्र हुन् । विवेच्य उपन्यासका पात्रहरूलाई यस आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

**कुमारी शोभा** उपन्यासकी नायिका शोभा वर्गगत पात्र हो । किनभने कुमारी भैसकेकी द्योमैजुले बिहे गरेको पहिलो पति अर्थात् कुमारी भईसकेकी युवतीले पहिलो पति टोक्छे भन्ने अन्धविश्वासमा विश्वास राख्ने समाजको मानसिकता र संस्कारलाई शोभाले प्रतिनिधित्व गर्छे र ऊ स्वयम् निवृत्त कुमारी पनि हो । यस आधारमा पनि ऊ वर्गगत पात्र हो । जसले कुमारी देवी हुने र भएका व्यक्तिहरूको प्रतिनिधित्व गरेकी छ । ऊ उपन्यासको अन्त सम्म पनि कुमारीको पहिलो पति मर्छ भन्ने डरबाट भयभित छे र उपेन्द्रदेखि तकर्ने प्रयास गरेकी छ । त्यस्तै यस उपन्यासमा सहायक स्त्रीचरित्र मिस्रीलाई पनि वर्गगत पात्र अन्तर्गत राख्न सकिन्छ । कुमारी भइसकेकी केटीले विवाह त परै जाओस् प्रेम समेत गर्नु हुँदैन भन्ने परम्परागत सामाजिक विश्वासलाई उसले शीरोधार्य गरेकी छ । साथै यस कार्यका लागि मात्र उपन्यासमा उसको भूमिका देखिएबाट ऊ वर्गगत पात्र हो भन्ने प्रष्ट हुन्छ । यस्तै अजी, कुमारीघरमा कुमारीका रूपमा पुजित् हुने केटीहरूको स्याहार सुसार गर्ने

प्रतिनिधित्व नारी चरित्र हो । त्यस्तै महिलीले पनि कुमारीको पति मर्छ भन्ने सामाजिक विश्वासलाई त्याग्न नसकेको देखिन्छ । त्यसैले त्यो पनि त्यही समाजको प्रतिनिधि पात्र हो भन्ने प्रष्ट हुन्छ । धनमाया उपेन्द्रका बाबु-आमा, मोहिनी, माहिलाबाट रूढीवादीता र अन्धविश्वासको प्रक्षेपण हुँदाहुँदै पनि यिनीहरू त्यसैमा स्थिर नदेखिएकाले यी व्यक्तिगत जीवनचेतन भएका पात्रहरू हुन् । माइतमा बसेर वैधव्यजीवन बिताउँदै आएकी राजमती जिवन चेतनाका आधारमा व्यक्तिगत पात्र हो । उपेन्द्र कुमारीको पहिलो लाग्ने मर्छ भन्नेसामाजिक किंवन्दतीमा विश्वास गर्दैन । ऊ शोभासँग हार्दिक प्रेम गर्छ र प्रेमका लागि बलिदान दिन परे पनि पछि हट्दैन । परम्परति समाजका सङ्कुचित धारणाहरूको वैज्ञानिक कोणबाट नियाल्दै त्यसलाई आफ्नो तर्कशक्ति र ज्ञानका आधारमा व्याख्या गरेर अन्धविश्वासी समाजसँग विद्रोह र सङ्घर्ष गर्ने उपेन्द्रलाई नवपुस्ताको प्रतिनिधि पात्रका रूपमा लिन सकिन्छ । यसैगरी उपेन्द्रकी बहिनी रमा र चन्द्रमाया पनि कुमारीको लोग्ने मर्छ भन्ने कुरामा विश्वास नगर्ने नवपुस्ताका प्रतिनिधि पात्र हुन् । प्रस्तुत उपन्यासमा खलपात्रका रूपमा प्रस्तुत भएको बाबुकाजीले भने पूर्ण रूपमा वर्गीयता प्राप्त गर्न सकेको छैन । दिनभरी आफ्नै गाडी हाक्ने, भट्टीपसल धाउने, रक्सीले मातेर हिड्ने, सुन्दर केटीहरूलाई आफ्नो यौनको आगोमा जलाउन चाहने, अर्कोको सम्पत्ति हातपार्न खोज्ने जस्ता कार्यव्यापार गरेको र उसमा हठी, धूर्त, जँड्याहा, स्त्रीगमन, शोषक प्रवृत्ति भएतापनि उसबाट यस्तो प्रवृत्तिको पूर्ण प्रतिनिधित्व हुन नसकेको अवस्थामा ऊ व्याक्तिगत चरित्रका रूपमा देखिएको छ । उपन्यासका अन्य पात्रहरू उषा, मोतिरत्न, मणिक आदिबाट कुनै वर्गविशेषको प्रतिनिधित्व नभएकाले यिनीहरू व्यक्तिगत जीवन चरित्र भएका पात्रहरू हुन् ।

### ३.२.१.६ आसन्नताका आधारमा चरित्रहरूको वर्गीकरण

उपन्यासका पात्रहरूको प्रस्तुतीकरण दुई किसीमबाट गरीएको हुन्छ- नेपथ्य र मञ्चबाट । उपन्यासमा पात्रको उपस्थिति नभई वर्णनमात्र हुने र प्रत्यक्ष कार्य नगर्ने नेपथ्य पात्र र पात्रको उपस्थिति देखाइ प्रत्यक्ष कार्य गर्ने पात्र मञ्चीय पात्र हुन् । यस दृष्टिबाट हेर्दा **कुमारी शोभा** उपन्यासका पात्रहरू मञ्चीय र नेपथ्य दुवै स्तरबाट प्रस्तुत गरिएका देखिन्छन् ।

आसन्नताका आधारमा हेर्दा यस उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये शोभा, उपेन्द्र, बाबुकाजी, राजमती, धनमाया, उषा, मोतिरत्न, मणिक, मोहिनी, माहिली, जुलुम, डाक्टर,

उपेन्द्रकी आमा, उपेन्द्रको बाबु, रमा, चन्द्रमाया, मिस्री, माहिली, कान्छा, मञ्चीय पात्र हुन् । शोभाका बाबु, शोभाले कुमारी घरको संस्मरण गर्दा आएका प्रासङ्गीक पात्रहरू- अजी, कुमारी घरकी रम्भा र अन्य साथीहरू , ज्ञानरत्न, संघरत्न, त्रिरत्न, सुबेदारकी छोरी सानी, महिलीको पति गणेश , बोद्ध भिक्षु परमानन्द, ट्रक दुर्घटनामा परेर मृत्युवरण गर्न पुगेको युवक, कुमारी यात्राका दर्शनार्थीहरू आदि नेपथ्य पात्र हुन् । शोभाका बाबुको प्रसङ्ग उपन्यासमा आएको भए तापनि भूमिका मञ्चनीय छैन । सूक्ष्म रूपमा आएको छ । ऊ नेपथ्य पात्र हो । विभिन्न देवीदेवतहरूको मूर्ति बनाएर आफ्नो जीवन गुजारा गर्ने शोभाको बाबुको मृत्यु ल्हासामा भएको छ । अजी, कुमारी घरमा कुमारी देवी बनेका कुमारीहरूको हेरचाह गर्ने स्त्रीपात्र हो भने कुमारी घरमा रहँदाका शोभाका रम्भा र अन्य साथीहरू, गणेश, संघरत्न त्रिरत्न, ज्ञानरत्न, परमानन्द आदि पात्रहरूको उपन्यासमा मञ्चीय भूमिका नभई यिनीहरूको अन्य पात्रहरूका संवादबाट नामोच्चारण मात्र भएकाले यिनीहरू नेपथ्य पात्रका रूपमा चित्रित छन् । निष्कर्षमा प्रस्तुत उपन्यासमा नेपथ्य र मञ्चीय दुवै पात्रहरूको सहभागीता रहेको छ ।

### ३.२.१.७ आबद्धताका आधारमा पात्रहरूको वर्गीकरण

आवद्धताका आधारमा उपन्यासका पात्रहरूलाई बद्ध र मुक्त गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । बद्ध पात्रलाई झिक्दा कृतिको संरचना नै भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा भने उपन्यासको संरचनामा खासै भिन्नता आउँदैन । **कुमारी शोभा** उपन्यासका पात्रहरूलाई यस आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

आबद्धताका आधारमा प्रस्तुत उपन्यासका पात्रहरूलाई विश्लेषण गर्दा ज्ञानरत्न, संघरत्न, त्रिरत्न, कान्छा, सुबेदारकी छोरी सानी, गणेश, जुलुम, शोभाको बाबु र शोभाका कुमारी घरका साथीहरू, माहिलीका भट्टी पसलका ग्राहकहरू मुक्त पात्रहरू हुन् । यी बाहेक उपेन्द्र, शोभा, उषा, धनमाया, राजमती, उपन्द्रको बाबुआमा, माहिला, रमा, चन्द्रमाया,बाबुकाजी, आदि बद्ध पात्र हुन् । शोभा प्रस्तुत उपन्यासकी प्रमुख नारी पात्र हो । प्रस्तुत उपन्यासकी नायिकाको रूपमा शोभा आएकी छ र उसकै जीवन कहानी नै यस उपन्यासको कहानी रहेको छ। त्यसैले ऊ केन्द्रीय चरित्र हो । उपेन्द्र, बाबुकाजी, राजमती, धनमाया, उषा, मिस्री, मोहिनी, माहिली आदि पात्रहरूले उपन्यासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यिनीहरूबिना उपन्यासको कथावस्तुले पूर्णता प्राप्त गर्न नसक्ने हुँदा यिनीहरू

बद्ध पात्र हुन् । गणेश माहिलीको पति हो । उपन्यासमा उसको प्रत्यक्ष भूमिका देखिँदैन । रोगी व्यक्तित्वका रूपमा उसको चरित्र बाबुकाजीबाट व्यक्त भएको छ । कान्छा बाबुकाजीको ट्रकमा क्लिनरका रूपमा काम गर्ने पात्र हो । भने जुलुम माहिलीको पसलमा/भट्टीमा बसेर दिदीको काममा सहयोग गर्ने नारी पात्र हो । सुबेदारकी छोरी सानी उपेन्द्रको घरमा काम गर्न बसेको नोकर माहिलाले मन पराएकी केटी हो । ऊ पनि नामोच्चारित चरित्र हो । त्यस्तै शोभाको बाबु, माहिलीका ग्राहकहरू र शोभाको संस्मरणसँग सम्बन्धित कुमारीघरका रम्भा लगायतका अन्य साथीहरू मुक्त पात्र हुन् । उनीहरूलाई उपन्यासबाट हटाइदिने हो भने पनि उपन्यासमा खासै नराम्रो असर पर्दैन । त्यसैले यिनीहरू उपन्यासको मुक्त चरित्रहरू हुन् ।

प्रस्तुत उपन्यास बहुपात्रीय उपन्यास हो । यसमा प्रयुक्त पात्रहरूलाई विभिन्न आधारमा माथि वर्गीकरण गरीएको छ । उपन्यासले बृहत् समाज र जिवनको बृहत् क्षेत्रको प्रस्तुती दिएको हुन्छ । त्यसैले त उपन्यासलाई आधुनिक युगको महाकाव्यका रूपमा पनि लिने गरिन्छ । बृहत् समाज र जीवनको बृहत् क्षेत्रको प्रस्तुती गर्ने क्रममा स्वत धेरै पात्रहरूको प्रयोग भएको हुन्छ । प्रस्तुत उपन्यासमा पनि धेरै पात्रहरूको प्रयोग गरिएको छ । **कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूलाई तल तालिकाबाट सङक्षिप्त र प्रष्ट रूपमा प्रस्तुत गरिएको छ :

## तालिका नं. १

## 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीकरण

| क्रस | पात्र /चरित्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | शोभा | - | + | + | - | - | + | - | + | - | + | - | + | - | + | - |
| २ | उपेन्द्र | + | - | + | - | - | + | - | - | + | + | - | + | - | + | - |
| ३ | बाबुकाजी | + | - | + | - | - | - | + | - | + | - | + | + | - | + | - |
| ४ | धनमाया | - | + | - | + | - | + | - | + | - | - | + | + | - | + | - |
| ५ | राजमती | - | + | - | + | - | + | - | - | + | - | + | + | - | + | - |
| ६ | मोतिरत्न | + | - | - | + | - | + | - | - | + | - | + | + | - | + | - |
| ७ | मणिक | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| ८ | उषा | - | + | - | + | - | + | - | - | + | - | + | + | - | + | - |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | रत्नमाया | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + | | | | | | | | | |
| १० | मोहिनी | - | + | - | + | - | + | - | - | + | + | - | + | - | + | - | | | | | | | | | |
| ११ | माहिला | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + | | | | | | | | | |
| १२ | द्रव्यरत्न | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + | | | | | | | | | |
| १३ | मिस्री | - | + | - | + | - | - | + | - | + | + | - | + | - | + | - | | | | | | | | | |
| १४ | माहिली | - | + | - | + | - | + | - | - | + | + | - | + | - | - | + | | | | | | | | | |
| १५ | शारदा | - | + | - | + | - | + | - | + | - | - | + | + | - | + | - | | | | | | | | | |
| १६ | कान्छा | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + | | | | | | | | | |
| १७ | गोपाल | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + | | | | | | | | | |
| १८ | डाक्टर | + | - | - | - | + | + | - | - | + | - | + | + | - | + | - | | | | | | | | | |
| १९ | चन्द्रमाया | - | + | - | - | + | + | - | - | + | + | - | + | - | + | - | | | | | | | | | |
| २० | रमा | - | + | - | - | + | + | - | - | + | + | - | + | - | + | - | | | | | | | | | |
| २१ | सानी | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + | | | | | | | | | |
| २२ | जुलुम | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + | - | - | + | + | - | - | + | - | + |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | गणेश | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + | | | |
| २४ | उपेन्द्रको बाबु | + | - | - | - | + | + | - | + | - | - | + | + | - | + | - | | | |
| २५ | शोभाको बाबु | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + | | | |
| २६ | अजी | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + | | | |
| २७ | कुमारीका साथीहरू | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + | - | - | + |
| २८ | ज्ञानरत्न संघरत्न त्रिरत्न | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + | | | |
| २९ | कुमारी घरका दर्शकहरू स्वम्भुका मान्छेहरू | स्त्री र पुरुषहरूको समूह | | - | - | + | + | - | - | + | - | + | - | + | - | + | | | |

उपर्युक्त तालिकामा देखाइएको + चिन्हले हो र – चिन्हले होइन भन्ने जनाउँछ।

यसरी **कुमारी शोभा**उपन्यासमा प्रयुक्त पात्रहरूलाई हेर्दा के देखिन्छ भने यो एउटा बहुपात्रीय उपन्यास हो जसमा विभिन्न थरिका धेरै पात्रहरूको संयोजन गरिएको छ र तिनीहरूले आ-आफ्नो अस्तित्व कायम गर्न सक्षम भएका पनि छन् । काठमाडौँको नेवारी समाजमा प्रचलित कुमारी प्रथालाई आफ्नो उपन्यासको विषय बनाएर त्यसबाट उत्पन्न परिस्थिति र सङ्कटमय नारी जीवनलाई कलात्मक रूपमा प्रस्तुत गरिएको यस उपन्यामा समाजमा प्रचलित अन्धविश्वासका कारण एउटा नारीको जीवन कतिसम्म कष्टदायक बन्न सक्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । पात्र विधानका दृष्टिले अत्यन्त सशक्त रहको यस उपन्यासमा पात्रहरू यसै समाजबाट टिपिएका छन् । तिनमा कुनै क्रितिमता भेटिदैन । नत कुनै अतिरञ्जनाको गन्ध नै । पात्रहरूमा आदर्शको लेप देखिँदैन, यथार्थ जीवनको प्रतिनिधित्व गर्न सकेका छन् । पात्रहरू यथार्थ छन् त्यसैले जीवन्त छन् । उपन्यास पढ्दा उपन्यासको संसार जस्तो नलागेर वास्तविक संसारकै अनुभूति भैरहन्छ ।

आख्यानात्मक विधाको प्रमुख तत्त्व पात्र उपन्यासलाई जीवन्तता दिने र कथावस्तुलाई निरन्तरता दिने अपरिहार्य तत्त्व हो । उपन्यासमा कथावस्तुलाई डोऱ्याउँदै घटना सञ्चालन गर्ने काम पात्रले गर्दछ । पात्रको अभावमा उपन्यासको परिकल्पना गर्न सकिदैन । यसरी उपन्यासमा महत्त्पूर्ण तत्त्वका रूपमा रहेको पात्रका दृष्टिकोणबाट जाँचेर हेर्दा **कुमारी शोभा** उपन्यासका बारेमा निष्कर्षात्मक रूपमा के भन्न सकिन्छ भने प्रस्तुत उपन्यास पात्र विधानका दृष्टिले अत्यन्तै सशक्त र सङ्गठित छ । यसको उपन्यासको शक्तिशाली पक्ष भनेकै यसको पात्र विधान हो जसको कारण उपन्यास लोकप्रिय बन्न पुगेको छ । पात्रको प्रयोग उपन्यासमा फरक फरक कार्य सम्पन्न गर्नका निम्ति गरिन्छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूले आ-आफ्नो कार्य सफलताका साथ गर्न पुगेका छन् । अर्थात् जुन कार्यका लागि जुन पात्रको प्रयोग गरिएको छ त्यो पात्र आफ्नो कार्यमा सक्षम भएको छ । पात्रहरू केवल पात्रकै लागि प्रयोग गरिएको जस्तो लाग्दैन । हरेक पात्रहरूलाई समाजबाट बढो गम्भीर रूपमा नियालेर त्यसलाई उपन्यासमा प्रस्तुत गरिएको छ जसको कारण पात्रहरू सजीव छन् , सक्रिय छन् र चलायमान छन् । ती पात्रहरूलाई कुनै बाह्य शक्तिबाट (समाख्याता ) नडोऱ्याएर स्वत सञ्चालित भएका छन् र आफ्नो भूमिका राम्रोसँग निभाएका छन् । जसको कारण काठमाडौँ नेवारी समाज र संस्कृतिको दुरूस्त चित्र उपन्यासमा उतारिएको छ ।

चौथो परिच्छेद

# 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रचित्रण

## ४.१ 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त चरित्रचित्रणको विधि

उपन्यासमा पात्रहरूलाई प्रस्तुत गर्ने शैली वा ढङ्ग चरित्रचित्रण हो । पात्रलाई प्रदान गरिएको भूमिकामा पात्रले उपयुक्त तरिका अपनाएर आफूलाई कथावस्तुले मागे अनुरूपको कार्यव्यापारमा सङ्लग्न गराउनु नै चरित्रचित्रण हो । चरित्रचित्रण भनेको विशेष परिस्थितिमा अल्झेको मानिसले कतिखेर कुन भावनाद्वारा प्रेरित हुन्छ । त्यस प्रेरणाको फलस्वरूप ऊ के सोच्छ ? के बोल्छ? र के गर्छ? आदि कुराहरू सजीवताका साथ देखाउनु हो । (शर्मा, २०५५ : ३९७) । उपन्यासमा प्राण भर्ने काम नै चरित्रचित्रणले गर्छ । आधुनिक उपन्यासकारले चरित्र चित्रणका माध्यमद्वारा नै केही कलात्मक त्रुटि छ भने तिनलाई ढाकछोप गरी जीवन्त उपन्यास सिर्जना गर्छन् । उपन्यासमा सामान्यतया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय विधि गरी दुई विधिको प्रयोग गरि चरित्रचित्रण गर्ने गरिन्छ । प्रस्तुत उपन्यासमा पनि दुवै चरित्र चित्रणका विधिको समुचित प्रयोग गरिएको पाइन्छ । उपन्यासको कथानक, उपन्यासको उद्देश्यलाई ध्यानमा राखेर औपन्यासिक कलाको मर्मलाई बुझेर आवश्यकता र सम्भावता  अनुसार दुवै विधिको प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासमा प्रयोग गरिएको चरित्रचित्रणको विधिको बारेमा यहाँ अलग अलग रूपमा प्रष्ट पार्ने काम गरिएको छ ।

### ४.१.१ 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त प्रत्यक्ष वा वर्णनात्मक विधि

उपन्यासकारछुट्टै नबसी कुनै चित्रकारले चित्रमा रङ्ग भरेझैं चरित्रलाई कोर्दछन् । चरित्रका बारेमा आफैं टिप्पणी गर्दछन् भने त्यस्तो तरिकालाई चरित्रचित्रणको प्रत्यक्ष वा वर्णनात्मक विधि भनिन्छ । **कुमारी शोभा** उपन्यासमा पनि प्रत्यक्ष वा वर्णनात्मक विधिको राम्रो प्रयोग गरिएको पाइन्छ । हुन त आख्यानात्मक कृतिहरूको विशेषता नै वर्णनात्मक हुने भएकाले पनि उपन्यासहरूमा यस विधिको प्रयोग प्रशस्तै पाइन्छ । खासगरी आधुनिक मनोवैज्ञानिक उपन्यासहरूमा चरित्रचित्रणको यस विधिले धेरै लोकप्रियता पाएको देखिन्छ । प्रस्तुत उपन्यास पनि एक मनोवैज्ञानिक उपन्यास भएको हुनाले यसमा पनि प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग प्रशस्तै देख्न पाइन्छ त्यसमा पनि अन्य पात्रहरूको चरित्रचित्रणका तुलानमा यस उपन्यासकी नायिकाको रूपमा उपस्थित भएकी शोभाको चरित्रचित्रणका

क्रममा यस विधिको प्रयोग बढी गरिएको पाइन्छ । उपन्यासमा शोभाको उमेर २०/२२ वर्ष भनिएतापनि यसमा पुरै २०/२२ वर्षको जीवन चरित्र उतारिएको छैन । यस उपन्यासमा शोभा कुमारीदेवीका रूपमा स्थापित भएदेखिको मात्र जीवन चरित्र छ । यसरी हेर्दा प्रस्तुत उपन्यासमा शोभाको ५/६ वर्षको उमेर पछिको जीवन २०/२२ वर्ष सम्मको जीवन चरित्र प्रस्तुत गरिएको छ । किनभने जन्मनेबित्तिकै कोही कुमारी देवीका रूपमा स्थापित हुँदैनन् । त्यसका लागि कम्तिमा ५/६ वर्षको हुनैपर्छ । यसरी ५/६ वर्ष देखि २०/२२ वर्षसम्मको जीवन चरित्रको लगभग ९९ प्रतिशत जीवन चरित्र प्रत्यक्ष वा वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । उसको विगत जीवन चरित्र प्रत्यक्ष वा वर्णनात्मक विधिका माध्यमबाट उपन्यासमा प्रस्तुत भएको छ, भने २०/२२ वषैको उमेरको करिब १५/१६ दिन ( इन्द्रजात्राको दिन र त्यसपछिका केही दिन) का जीवन चरित्रहरूलाई प्रत्यक्ष वा वर्णनात्मक साथै अप्रत्यक्ष वा नाटकीय रूपमा प्रस्तुत गरिएको छ । यसरी हेर्दा के देखिन्छ भने शोभाको चरित्रलाई चित्रण गर्दा वा उपन्यासकारले उसको मानसिक क्रिया, प्रतिक्रिया, विक्षिप्तता र विक्षुब्धतालाई प्रस्तुत गर्दा प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग गरेको पाइन्छ । यस कुरालाई तथ्यहरूका आधारमा तल पुष्टि गरिएको छ :

> -उनी पनि एकपल्ट केटाकेटीमा कुमारी देवीका रूपमा स्थापित भएकी थिइन्, दिनहुँ देवी ।... सबले उनलाई पूजा गरेका थिए , धूप ,दीप र नैवेद्य चढाएका थिए । राजा महाराजा देखिन सबले उनको हातको टिका लगाएका थिए (मल्ल, २०३९ : ३) ।

> -वास्तवमा भनुँ भने उनलाई कुनैपनि जात्रामा सम्मिलित हुने इच्छा नै थिएन । जात्राहरूप्रतिको यस प्रकारको उदासिनता उनमा अहिले किन प्रारम्भ भएको छ, यो उनलाई नै थाहा छैन । किन हो किन एक्लै एक कुनामा बसेर घोत्ली रहुँजस्तो मात्र उनलाई लागि रहेको छ ( पृ. ३) ।

> -उपेन्द्र उनको घरमा एक दिन मात्र नआउँदा पनि उनको मनस्थिति अस्थिर र विचलित हुन थाल्यो , मानसिक चिन्ता र आकुलता व्याकुलताले उनलाई व्यग्र तुल्याइदिन थाल्यो (पृ . ८) ।

यसरी माथि प्रस्तुत गरिएका तथ्यका आधारमा के भन्न सकिन्छ भने उपन्यासकार मल्लले शोभाको चरित्रचित्रण गर्दा प्रशस्तमात्रामा प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग

गरेका छन् । यी माथि उदाहरणका रूपमा दिएका नमुनाहरूमा उपन्यासकार स्वयम्ले नै शोभाका बारेमा वर्णन गरेका छन् ।

विवेच्य उपन्यासमा प्रमुख पुरुष पात्रका रूपमा देखा परेको पात्र हो उपेन्द्र । उपेन्द्रको चरित्रचित्रणका क्रममा पनि उपन्यासकारले दुवै विधिको प्रयोग गरेका छन् । तर शोभाका तुलानामा उपेन्द्रको चरित्रचित्रण गर्दा उपन्यासकार मल्लले अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग नै गरेका छैनन् भन्ने होइन । के मात्र भन्न खोजीएको हो भने शोभाको चरित्रचित्रणका तुलानामा उपेन्द्रको चरित्रचित्रणका क्रममा अप्रत्यक्ष विधिको प्रयोग बढी र प्रत्यक्ष विधिको  प्रयोग कम गरेका छन् । उपेन्द्रको चरित्रचित्रणका क्रममा उपन्यासकारले प्रयोग गरेका प्रत्यक्ष वा वर्णनात्मक विधिको नमुना उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :

> -तर उपेन्द्र, उपेन्द्र चाहिँ यी कुराहरूबाट एकदम अनभिज्ञ छ या, ऊ उपेक्षा गर्छ यस्ता कुराहरूलाई, या अविश्वास  ! ऊ यति जान्दछ शोभालाई माया गर्न, प्रेम गर्न र उनलाई अंकमाल गरेर दिन बिताउन । ऊ यस्ता कुरालाई कुनै प्रर्वाह गर्दैन, या सोच्न सम्मन चाँहदैन , सोचे पनि कुनै महत्त्व दिँदैन ... । ऊ डर  भयबाट मुक्त छ । निडर,  निर्भिक ( पृ. ६) ।
>
> -उपेन्द्र पढ्दैछ, विश्वविद्यालयमा(पृ.७) ।
>
> -तर उनको आँखाको इशारा र भाषा उपेन्द्रले बुझिसक्छ , उपेन्द्र हाँसी, ठट्टा र कैयन गफमा लागे पनि उनका कोठामा कुनै बहानाले आइपुगी हाल्दछ र उनको सन्चो विसन्चो खबर लिएर कहिले खाली शरीरमा मधुर स्पर्श गरेर ऊ निस्कन्छ (पृ. ९) ।

यसरी माथिका तथ्यहरूका आधारमा हेर्दा के भन्न सकिन्छ भने उपन्यासकारले शोभाको चरित्रचित्रणका क्रममा जति प्रत्यक्ष वा वर्णनात्मक विधिको उपयोग गरेका छन् त्यसको आधारमा उपेन्द्रको चरित्रचित्रणमा कम गरेका छन् , तर पनि उपेन्द्रको चरित्रचित्रण सशक्त बनाउन सफल भएका छन् ।

प्रस्तुत उपन्यासको अर्को प्रमुख पुरुष पात्रका रूपमा उपन्यासमा देखिएको बाबुकाजीको चरित्र चित्रण खलपात्रका रूपमा प्रस्तुत गरिएको छ । बाबुकाजीको चरित्रका

बारेमा उपन्यासकार आफैँ केही पनि बोलेका छैनन् अर्थात् बाबुकाजीको चरित्र चित्रणमा उपन्यासकारले प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग नगरी अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग गरेका छन् । त्यसैले उनी बाबुकाजीको चरित्रका बारेमा आफू मौन बसेर पात्रहरूलाई बोलाएका छन्  र यसैबाट उसको चरित्रचित्रण गरिएको छ ।

यसरी प्रस्तुत उपन्यासमा उपन्यासकारले चरित्रचित्रणको प्रत्यक्ष विधिको प्रयोग प्रशस्त गरेका छन् । यी माथि उल्लेख गरिएका तथ्यका अतिरिक्त अन्य सहायक गौण पात्रको चरित्र बारे पनि प्रत्यक्ष वा वर्णनात्मक विधिबाट स्पष्ट पारेका छन् तर ती सबै यहाँ उल्लेख्य देखिँदैनन् । उपन्यासको समग्र अध्ययन पछि के कुरा भन्न सकिन्छ भने यस उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्रचित्रणका क्रममा सबैभन्दा बढी प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग शोभाको चरित्रचित्रणमा गरिएको छ ।

## ४.१.२ 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त अप्रत्यक्ष वा नाटकीय विधि

अप्रत्यक्ष वा नाटकीय विधिबाट चरित्रचित्रण गर्दा समाख्याताको प्रत्यक्ष उपस्थिति नभई नाटकीय पद्धतिबाट चरित्रलाई आफैँ सहभागी गराइ आफ्नो दृष्टिकोण व्यक्त गर्न अवसर प्रदान गरिन्छ । यस विधिमा पात्रहरूको कार्यव्यापारबाट उनीहरूको चरित्र चित्रण प्रष्ट हुँदै जान्छ ।  चरित्रचित्रणको यस विधि बढी विश्वासनीय र प्रभावकारी हुन्छ र चरित्रहरू वास्तविक जीवनमा जस्तो देखिन्छन् ।

प्रस्तुत उपन्यासमा पनि यस विधिको समुचित प्रयोग गरिएको पाइन्छ । जसले गर्दा पात्रहरूको चरित्रचित्रण सशक्त बन्न पुगेको छ । यस विधिबाट उपन्यासकारले चरित्रहरूको चरित्र चित्रण गर्दा सङ्केत, घटना, संवाद जस्ता कुराहरूको प्रयोग गरेका छन् । तुलानात्मक रूपले हेर्ने हो भने प्रस्तुत उपन्यासमा शोभाको चरित्रचित्रण गर्दा प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग बढी गरिएपनि अन्य पात्रहरूको चरित्रचित्रण गर्दा उपन्यासकारले अप्रत्यक्ष वा नाटकीय विधिको बढी सहयोग लिएका पाइन्छ । यस उपन्यासको मुख्य स्त्री पात्र शोभाको पछिल्लो जीवन अर्थात् उपेन्द्रसँगको प्रेम सम्बन्ध र त्यस पछिको उसको अवस्था र विशेषतालाई देखाउने क्रममा उपन्यासकारले यस विधिको प्रयोग गरेका छन् ।  शोभाको विक्षिप्त अवस्थालाई देखाउँदा, उपेन्द्रसँगको संवादका क्रममा, त्यस्तै शोभाकी आमा, फुपू र दाजुसँगको वार्तालापका क्रममा उपन्यासकारले यस विधिको प्रयोग गरेका छन् । त्यस्तै बाबुकजीसँगको वाक्‌युद्धमा पनि यस विधिबाट बढो सशक्त रूपमा शोभाको चरित्रचित्रण

गरिएको पाइन्छ । यसरी शोभाको आन्तरिक मनोद्वन्द्व, छटपटी, द्विविधापूर्ण मनस्थिति देखाउँदा होस् चाहे उसको अन्य पात्रसँगको संवादका क्रममा वा अन्य पात्रले उसका बारेमा गरेको टिप्पणी आदिका माध्यमबाट उपन्यासकारले शोभाको चरित्रलाई अत्यन्त प्रभावशाली रूपमा प्रस्तुत गरेका छन् । अप्रत्यक्ष वा नाटकीय विधिको कलात्मक प्रयोगका कारण नै यस उपन्यासका पात्रहरू सतही हुनबाट बचेर जीवन्त बन्न पुगेका छन् । उपन्यासकारले शोभाको चरित्रचित्रणका क्रममा अपनाएका अप्रत्यक्ष वा नाटकीय विधिका केही महत्त्वपूर्ण नमुनाहरू तल उदाहरणका रूपमा प्रस्तुत गरिएको छ जसबाट यस अध्ययनलाई विश्वसनीय बनाउन सहयोग पुग्ने छ ।

-तिम्रो यस्तो मोहित गर्ने रूप, यस्तो शरीर, यस्ता अंग प्रत्यङ्ग देखेर को मुर्छा पर्दैन ? साँच्चिकै भन्ने हो भने मैले तिमीलाई बिहे गरेपछि सब जना मसँग ईर्ष्या र डाह गर्न थाल्नेछन् कस्तो भाग्यमानी भनेर(पृ. ५०) ।

-आमा म उसलाई छोड्न सक्छु , बिर्सन सक्छु, आँखा चिम्लेर उसलाई नहेर्न सक्छु, त्याग्न सक्छु म उसको भलाईका लागि जे पनि गर्न सक्छु, बुझ्नुभो ! म मरिदिन सक्छु । आत्महत्या गर्न सक्छु (पृ. ९८) ।

-तर म भने उपेन्द्र, के भनुँ ! यसै हो भनेर क्यै निश्चय नै गर्न सक्दिन (पृ. ५४) ।

यसरी यी माथिका केही नमुनाहरूलाई हेरेर के भन्न सकिन्छ भने उपन्यासकारले शोभाको चरित्रलाई सशक्त , प्रभावकारी र विश्वसनीयता प्रदान गर्नको लागि अप्रत्यक्ष वा नाटकीय विधिको सफलतापूर्वक प्रयोग गरेका छन् । यी माथिका उदाहरणबाटा शोभाको चरित्रका बारेमा स्पष्ट रूपमा बुझ्न सकिन्छ अर्थात् उनको चारित्रिक विशेषतालाई यी तथ्यहरूले प्रष्ट पारेका छन् ।

प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्रका रूपमा देखा परेको पात्र उपेन्द्र हो । उपेन्द्रको चरित्रलाई देखाउने क्रममा उपन्यासकारले अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग प्रशस्त मात्रामा गरेका छन् । उपेन्द्रको चरित्रलाई प्रस्तुत उपन्यासमा प्रत्यक्ष वा वर्णनात्मक विधिबाट भन्दा बढी अप्रत्यक्ष वा नाटकीय विधिबाट देखाइएको पाइन्छ । यसरी अप्रत्यक्ष वा नाटकीय विधिबाट उपेन्द्रको चरित्रलाई देखाउने क्रममा उपन्यासकारले घटना, सङ्केत र संवादको प्रयोग गरेका छन् । उपन्यासमा उपेन्द्रको कार्यव्यापारबाटै बढी मात्रामा उसको चरित्रलाई प्रष्ट्याइएको छ । शोभा मूर्छा पर्दा होस् वा उसलाई डाक्टरकहाँ लैजाँदा होस्

अनी स्वयम्भू जाँदा होस् वा शोभाकै घरमा होस् उपेन्द्रको कार्यव्यापारबाट उसको चारित्रिक विशेषता देखाइएको छ । त्यसैगरी राजमती , शोभा वा अन्य पात्रको टिप्पणीबाट पनि उसको चरित्रलाई थोरबहुत स्पष्ट पार्ने काम गरिएको छ । त्यस्तै गरेर उसको आफ्नै घरमा आफ्नो आमासँगको संवादबाट अझ उसको चरित्रलाई ओजस्वी र सशक्त बनाइएको छ । यसरी प्रस्तुत उपन्यासमा नायकका रूपमा आएको उपेन्द्रको चरित्रलाई सशक्त बनाउनका लागि उपन्यासकारले अप्रत्यक्ष वा नाटकीय विधिको भरपूर उपयोग गरेका छन् । जसबाट उपेन्द्रको चरित्र शक्तिशाली बन्न पुगेको छ र पाठकीय स्नेह प्राप्त गर्न पुगेको छ । उपन्यासमा उसको नायकीपनलाई पूर्णरूपमा सफल बनाउन यस विधिबाट उपन्यासकारले धेरै सहयोग लिएको देखिन्छ । जुनकुरा उसको संवादका क्रममा व्यक्त धारणाबाट प्रष्ट हुन्छ । उपेन्द्रको चरित्रलाई देखाउने क्रममा उपन्यासकारले प्रयोग गरेको अप्रत्यक्ष वा नाटकीय विधिका केही नमुनाहरूलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

-मान्दछु , तर यस प्रकारका देवी देवता होइनन्, मेरो देवता बेग्लै छ । त्यो हो प्रेम र करूणा, अनि शून्य(पृ. १३) ।

-हेर्नुहोस् आमा, म बिहे गरिछाड्छु, यो मेरो प्रतिज्ञा हो । मलाई त्यस्तो अन्धविश्वाससँग डर छैन । त्यस्तो अन्धविश्वासलाई म च्यातचुत पारेर मिल्काउँछु , यही जुत्ताले कुल्चेर निमिट्यान्न पार्न सक्छु , बुझ्नु भो ( पृ. ८७) !

-एकफेरी देवी भसकेकी मान्छे झन् रक्षक हुन्छेकी भक्षक ! नचाहिँदो कुरा प्रचार गरेर कुमारी भएकी द्योमैजुलाई बर्बाद गर्न खोज्ने ! त्यस्ताहरूलाई त आमा ! झुन्ड्याउनुपर्ने(पृ. ८८) !

यसरी हेर्दा के देखिन्छ  भने उपेन्द्रको चरित्रचित्रणका क्रममा उपन्यासकारले तुलानात्मक रूपमा अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग बढी गरेका छन् । यस विधिको प्रयोग गर्दा उपन्यासकारले उपेन्द्रकै मुखबाट उसको चारित्रिक विशेषलतालाई ओकल्न लगाएका छन् ।  यसको अर्थ उपेन्द्रको सबै चारित्रिक विषेशता उसबाटै प्रस्तुत गरेको छन् भन्ने होइन । उपन्यासको बिचबिचमा कहि कतै राजमती, शारदा, शोभा, लगायतका पात्रहरूको टिप्पणीबाट पनि उसको चारित्रिक विशेषतालाई प्रष्ट्याउने काम गरिएको पाइन्छ ।

प्रस्तुत उपन्यासमा खल पात्रको रूपमा देखा परेको बाबुकाजी अर्को महत्त्वपूर्ण प्रमुख पात्र हो । उपन्यासकारले प्रस्तुत उपन्यासमा बाबुकाजीको चरित्र चित्रणका लागि अप्रत्यक्ष वा नाटकीय विधिलाई बढी उपयोग गरेका छन् । अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग गर्दा उपन्यासकारले बाबुकाजीकै संवादबाट उसको चरित्रलाई स्पष्ट्याउने प्रयास गरेको पाइन्छ । साथै राजमती, शोभा, उषा लगायतका पात्रको टिप्पणीबाट पनि उसको चरित्रलाई देखाएका छन् । उपन्यासमा महत्त्वपूर्ण पात्रका रूपमा देखा परेको बाबुकाजीको चरित्र अत्यन्तै सशक्त रहेको छ । यस उपन्यासका प्रमुख पात्र अर्थात् नायक नायिकालाई उनीहरूको फल प्राप्तिमा बाधा पुऱ्याउने र उपन्यासलाई द्वन्द्वमय बनाउँदै रोचकता र घोचकता ल्याउनमा महत्त्वपूर्ण भूमिका खेलेको बाबुकाजीको चरित्रको प्रस्तुतिका लागि उपन्यासकारले बढीमात्रामा अप्रत्यक्ष वा नाटकीय विधिको नै प्रयोग गरेका छन् । उसको चरित्रका बारेमा उपन्यासकार स्वयम् केही बोलेका छैनन् । पात्रहरूका माध्यमबाट उसको चरित्रबारे अधिक बुझ्न सकिन्छ । उसले आफ्नो बारेमा उपन्यास भित्र आफैँ बोलेको छ र आफैँ आफ्नो चरित्रलाई प्रस्तुत गरेको छ । उपन्यासकार बाबुकाजीको चरित्रका सम्बन्धमा बोलेको त्यति पाइँदैन । यसको मतलब के भने बाबुकाजीको चरित्रचित्रणका सम्बन्धमा उपन्यासकारले अप्रत्यक्ष वा नाटकीय विधिको अधिकांश प्रयोग गरेका छन् । यस कुरालाई पुष्टि गर्ने केही तथ्यहरूलाई तल प्रस्तुत गरिएको छ :

> -यो ड्राइभरी काम यस्तो चुत्थो काम छ, दिनरात फुर्सद हुने हैन, कहिले इँट ओसार कहिले बालुवा , कहिले रोडा । आफ्नै लरी नभएको भए काकी म त भोक भोकै मर्थे (पृ. २८) ।

> -म त मापाको बदमाश पो छु । घरकोको ढोकै थुनेर तिमीहरूलाई यहाँबाट निस्कन दिन्न अब ढाकै थुनेपछि कसरी निस्कन सक्छौ (पृ. २८) ?

> -यस्ताहरूको स्वभाव नै यस्तै हुन्छ , कैयन आइमाईहरूलाई खेलाएर बसेका यिनीहरूले हामी सबलाई उस्तै ठान्दछन् । यिनीहरूका लागि हामी खेलिने वस्तुहरू मात्र हौँ, जे भने पनि हुने, जे गरे पनि हुने । असभ्य :(पृ. ३१) ।

> -कस्तो स्वाँठ, गँवार , असभ्य ! जसमा कुरा गर्ने सैर सम्म छैन (पृ. ३४) ।

यी माथिका तथ्यहरूबाट के बुझ्न सकिन्छ भने उपन्यासकारले अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग गरेर बाबुकाजीको चरित्रलाई जीवन्त र प्रभावशाली बनाउन सफल भएका छन् ।

प्रस्तुत उपन्यासमा प्रयुक्त अन्य सहायक र गौण पात्रहरूको चरित्रलाई पनि उपन्यासकारले आवश्यकता र संभाव्यताका आधारमा दुवै विधिका प्रयोग मार्फत स्पष्ट पार्ने काम गरेका छन् । मोहिनी, राजमती, धनमाया, शारदा, माहिली आदि लगायतका चरित्रहरूको चरित्रचित्रणका क्रममा उपन्यासकार अत्यन्तै सचेत र सजगताका साथ प्रस्तुत भएका छन् । चाहे जुन विधिको प्रयोग गरिएको होस् त्यसको प्रयोग फितलो भएको देखिँदैन, अत्यन्तै कसिलो, गठिलो र खदिलो देखिएको छ । कुनै एक विधिको मात्र प्रयोग गरेर उपन्यास लेख्न सकिदैन यदि लेखियो भने पनि त्यो सफल उपन्यास बन्न सक्दैन । एउटा सफल र लोकप्रिय उपन्यास बन्नका लागि यी दुवै विधिको प्रयोगको आवश्यकता पर्छ । यी दुवै विधि आफैँमा पूर्ण छैनन् त्यसैले दुवै विधिको सीमाहरूलाई ख्याल गरेर तिनीहरूको सन्तुलित र समुचित प्रयोग गर्न सक्नुपर्छ तबमात्र उपन्यास शक्तिशाली बन्न पुग्छ र चरित्रचित्रण सशक्त हुन्छ । जुन कुराको यस उपन्यासमा देख्न सकिन्छ । प्रस्तुत उपन्यासको चरित्रचित्रण प्रति उपन्यासकार अत्यन्तै सचेत देखिन्छन् । यहि सचेतनाका कारण यस उपन्यासका चरित्रहरू सतही हुनबाट बचेका छन् । पात्रहरू निर्जीव छैनन्, अविश्वसनीय छैनन् । पात्रहरू वास्तविक समाजका जस्ता देखिएका छन् र वास्तविक समाजको प्रतिनिधित्व गर्न सफल भएका पनि छन् । जुन यस उपन्यासलको सबल पक्षका रूपमा रहेको छ ।

## ४.२ 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त चरित्रहरूको विश्लेषण

**कुमारी शोभा** उपन्यास चरित्र चित्रणका दृष्टिले उत्कृष्ट देखिन्छ । यो एक चरित्र प्रधान उपन्यास हो । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूलाई आधार मानेर हेर्दा यसलाई बहुपात्रीय उपन्यास भन्न सकिन्छ । यसमा प्रयुक्त पात्रहरूको विभिन्न आधारमा वर्गीकरण गरेर अघिल्लो परिच्छेदमा देखाइसकेको छ । त्यसैले यहाँ पात्रहरूको चारित्रिक विशेषतालाई मात्र केलाईएको छ । यसरी प्रयुक्त पात्रहरूको चारित्रिक विशेषताहरूलाई केलाउँदा उपन्यासमा उनीहरूको भूमिका र कार्यलाई मध्यनजर गरेर प्रमुख, सहायक र गौण गरी अलग अलग रूपमा केलाईएको छ ।

## ४.२.१ 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त प्रमुख चरित्रहरूको विश्लेषण

उपन्यास भित्र रहेर सबैभन्दा महत्त्वपूर्ण कार्य गर्ने पात्र अर्थात् उपन्यास भित्र सबैभन्दा महत्त्वपूर्ण भूमिकामा रहेका पात्रहरूलाई प्रमुख पात्र वा चरित्र भन्ने गरिन्छ । यस आधारबाट हेर्दा प्रस्तुत उपन्यासमा महत्त्वपूर्ण कार्य र भूमिकाका आधारमा प्रमुख पात्रका रूपमा तिनवटा पात्रहरूलाई लिन सकिन्छ । ती हुन्- शोभा, उपेन्द्र र बाबुकाजी । यी तिन पात्रका आ-आफ्नै विषेशताहरू रहेका छन् । फरक फरक विशेषता लिएर उपन्यासमा प्रयुक्त भए पनि आफ्नो भूमिकाका कारण उपन्यासका प्रमुख पात्रका रूपमा स्थापित भएका छन् । यिनीहरूको चारित्रिक विशेषता के कस्ता छन् ? उपन्यास भित्र समाहित भएर के कस्तो कार्य गर्न सफल भएका छन् ? त्यसको विस्तृत रूपमा अध्ययन गर्नु वाञ्छनीय देखिन्छ ।

**क) शोभा**

शोभा नायिक प्रधान **कुमारी शोभा** उपन्यासकी प्रमुख स्त्री पात्र हो । परम्परागत धारणा अनुसार शोभा प्रस्तुत उपन्यासकी नायिका हो । शोभाकै केन्द्रीयतामा प्रस्तुत उपन्यासको संरचना निर्माण भएको छ । उपन्यासमा प्रयुक्त अन्य पात्रहरू उसकै वरिपरि सञ्चालित भएका छन् । प्रस्तुत उपन्यास उसकै मानसिक स्थितिको उद्घाटनमा केन्द्रित रहेको छ । उपन्यासको नामकरण वा शीर्षक नै **कुमारीशोभा** नामाबाट भएकाले अन्य पात्रका तुलानामा उसको चरित्रको प्रधानता स्पष्ट देखिन्छ ।

शोभा शाक्यकुलमा जन्मिएकी मध्यम वर्गीय परिवारकी छोरी हो । आफू सानी छँदै ल्हासामा उसको बाबुको मृत्यु भएको कारण पितृस्नेहबाट वञ्चित हुन पुगेकी शोभा आमा धनमायाको वात्सल्यमा हुर्केकी नारी पात्र हो । शोभा एक पटक जीवित देवी अर्थात् कुमारी देवीका रूपमा स्थापित भइसकेकाले उसको वाल्यकाल कुमारी घरमा बितेको पाइन्छ र त्यहाँ उसको स्याहार सुसार आजीद्वारा भएको छ । जीवित देवी भएकी नाताले समाजमा उसलाई धोमैजु देवी भनेर आदर गरिन्छ । शरीरमा केही खोट नहुन्जेल, रोग नलागुञ्जेल र प्रथम पटक रजस्वला हुनुपूर्व मात्र कुमारी देवी हुन सक्ने मान्यता अनुरूप प्रथम रजोदर्शन र युवाअवास्थाको प्रवेशसँगै घर फर्केकी शोभाको त्यसपछिको जीवन भने आफ्नै घरमा व्यतित भएको देखिन्छ । जब युवा अवस्थासँगै घरमा जीवन व्यतित गर्न पुगेकी शोभा त्यसको केही समय पछि उपेन्द्रसँग प्रेम सम्बन्धमा गाँसिन पुग्छे । जुन सम्बन्ध कायम गर्नमा शोभाको परिवारको पनि पूर्ण सहयोग हुन्छ । यसरी आफ्नो वैंशालु मन, परिवारको

स्वीकृत र उपेन्द्रको व्यक्तित्वका कारण ऊ पूर्ण स्वतन्त्र भएर उपेन्द्रको मायाको बन्धनमा कसिन पुग्छे । तर उपेन्द्रसँगको यही प्रेम सम्बन्ध नै उसको पीडाको कारण बनेको देखिन्छ । २०/२२ वर्षीय युवतीका रूपमा प्रस्तुत भएकी शोभाले उपेन्द्रलाई अति नै माया गर्छे र आफ्नो कारणले उपेन्द्र मरोस् भन्ने चाहन्न । त्यसैले बरू उपेन्द्रसँग विवाह नगर्ने निर्णय गर्छे । उपेन्द्रले विवाहका लागि दबाब दिँदा ऊ अन्योलमा पर्छे । यसरी एकातिर उपेन्द्रप्रतिको आफ्नो पवित्र प्रेम र उपेन्द्रको विवाहको दबाब र अर्कोतिर आफूसँग विवाह गर्ने पहिलो पतिको मृत्यु हुन्छ भन्ने भ्रमलाई दिल र दिमागबाट हटाउँन सक्दिन र यी दुई कारण नै उनको जीवनमा बलशाली हुन्छन् र उनले जतिसुकै प्रयास गरेपनि आफ्नो भ्रामकविश्वासलाई हटाउँन सक्दिन भनौँ ऊ एक सामान्य नारी चरित्रका रूपमा उपन्यासमा देखा परेकी छ । “उनलाई आफैँमाथि विश्वस छैन आफैँप्रति शंका लाग्छ । कस्ती निर्धी आइमाई” (पृ. १०) ! भन्ने यस उद्धरणबाट उनी सामान्य नारी पात्र भन्ने कुरा स्पष्ट हुन्छ ।

कुमारीको रथयात्रा हेर्न गएको समयमा आफ्नी फुपूको भतिजो बाबुकाजी शोभालाई देखेपछि मुग्ध हुन्छ र शोभालाई जसरी भएतापनि आफ्नो बनाउन लागि पर्छ । त्यस्तै स्वयम्भूमा पहिलो भेटमै उपेन्द्र शोभा प्रति फिदा हुन पुग्छ । यसरी उपेन्द्र र बाबुकाजी दुवै नै ऊ सँगको पहिलो भेटमै यसरी मोहित भएर मृत्युसँग जुध्न समेत पछि नपर्नुको प्रमुख कारणका रूपमा उसको रूप सौन्दर्य रहेको छ । यसबाट के देखाउन खोजिएको हो भने ऊ अत्यन्तै राम्री थिई । यही रूप सौन्दर्य नै उनका लागि वरदान पनि र श्राप पनि भइदियो ।श्राप यसका कारणले की यदि ऊ त्यती सुन्दर नभएको भए न त बाबुकाजीले गिद्धे नजर राख्दथ्यो न त उपेन्द्रसँग प्रेम सम्बन्ध नै हुन्थ्यो । उनीले त्रासमुक्त जीवन जीउन सक्थिन । बरदान यसकारण की उनले उपेन्द्र जस्तो सक्षम, योग्य, शिक्षित र निर्भिक पति पाउन सफल भई जसले उनको सङ्कट ग्रस्त जीवनमा खुसीयालीको बहार ल्याउन सफल भयो ।

शैक्षिक योग्यता र चेतनाका आधारमा शोभाको चरिचत्रलाई हेर्दा उनमा सामान्य चेतना भएको पाउन सकिन्छ । उपेन्द्रको शैक्षिक योग्यताका बारेमा उपन्यासकारले प्रष्ट बोलेतापनि शोभाको शैक्षिक योग्यताका बारेमा कहिपनि उल्लेख गरेका छैनन् । यसकारण उपन्यासको कथानक, शोभाको चरित्र र उपन्यासको परिवेशका आधारबाट यस कुराको विश्लेषण गर्दा उनमा औपचारिक शैक्षिक योग्यता नभएको र जीवनको २०/२२ वर्षे अनुभवबाट सामन्य चेतना प्राप्त गरेको पाउन सकिन्छ ।

**कुमारी शोभा** एक मनोवैज्ञानिक उपन्यास हो र यसमा कुमारी शोभाको मानसिक जगत्को उत्खनन गरिएको छ । यसमा शोभाको मानसिक जगत् के कस्तो छ ? त्यसको कारणहरू के के हुन् ? र त्यसको समाधान कसरी गर्ने ? भन्ने कुरा देखाउनु नै उपन्यासकारको मूल ध्येय रहेको हुँदा प्रस्तुत उपन्यासमा शोभाको चरित्रबारे विश्लेषण गर्दा सामान्य विशेषताको मात्र चर्चा गरेर पुग्दैन । शोभाको चरित्रको विश्लेषण मनोवैज्ञानिक आधारबाट गर्दामात्र उसको चरित्रबारे पूर्णरूपमा स्पष्ट हुन सकिने हुँदा यहाँ मनोवैज्ञानिक आधारबाट पनि उसको चरित्रको विश्लेषण गरिएको छ ।

मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्दा प्रस्तुत उपन्यासमा शोभाको चरित्रलाई सामान्य अवस्थाबाट क्रमिक रूपमा विकास गरेर असामान्य अवस्था हुँदै पुनः सामान्य अवस्थामा पुऱ्याइएको छ । उसको २०/२२ वर्षे जीवनको करिब १९/२१ वर्षे जीवन चरित्र सामान्य छ भने  २०/२२ वर्षे जीवनमा उसको चरित्र असामान्य अवस्थाको बन्न पुगेको छ र २०/२२ वर्षे जीवनको अन्तिम समयतिर उसको चरित्र पुनः सामान्य बन्दै गएको सङ्केत सहित उपन्यासको समाप्ति भएको छ । यही आधारबाट उसको मनोवैज्ञानिक चारित्रिक विशेषताको विश्लेषण गर्दा उपयुक्त हुने देखिन्छ ।

शोभा सानैमा कुमारी देवीमा स्थापित भएकी एक सुन्दर युवती हो । "एक चोटी कुमारी देवी भएकी द्योमैजुलाई कसैले बिहे गर्नु हुँदैन । बिहे गर्ने पहिलो पोई चाँडो मर्नेछ । किनभने कुमारीको कुमारीत्व नष्ट गर्ने पहिलो व्यक्तिले आफूलाई त्यसरी बलिदान दिनै पर्छ चाहे कुमारी पदबाट हटेकै किन नहोस् यस्तामा रहेको देवत्वलाई अपहरण गर्ने कुनै पनि व्यक्तिको मृत्यु निश्चित छ" (पृ.१६) भन्ने परम्परागत विश्वास उसमा अटल छ । त्यही विश्वास नै शोभाको निराशा, चिन्ता र अर्न्तद्वन्द्वको कारण हो । कुमारीको रथ यात्राका प्रसङ्गबाट जसमा यी कुराहरूको स्मृति भइरहेको छ । उसको वाल्यकालीन जीवन पनि यही रथ यात्राको प्रसङ्गबाट स्मृतिका रूपमा प्रस्तुत भएको छ भने केही मात्रामा समाख्याताको वर्णनबाट पनि प्रस्तुत भएको छ जसको आधारमा हेर्दा उसको बाल्यकालीन जीवन सामान्य रहेको छ । अरू बालबालिकाहरूलाई झैँ उसलाई पनि खेल्ने मन लाग्छ, रमाउने मन लाग्छ । आफ्नो नित्य कर्म सकेपछि कुमारी घरका अन्य साथीहरूसँग खेलेर ऊ रमाउँछे । अजीले अह्राएको काम गर्छे । कसैसँग रिसाउने गर्दिन, उसलाई कुनै डर त्रास छैन न त कुनै भ्रम नै छ । निष्कर्षमा भन्दा उसको चरित्र सामान्य छ । पछि आफ्नो  घरमा

फर्केपछि पनि उसको चरित्र सामान्य छ । ऊ साथीहरूसँग रमाइलो गर्छे, घुम्न जान्छे, शरीरमा उत्साह र जाँगर छ, कलिलो यौवनको रङ्गीन सपना छ , अन्य सामान्य युवती जस्तो ऊ पनि उपेन्द्रसँग मायाको सम्बन्धमा बाँधिन्छे । उपेन्द्रसँगको सम्बन्धमा रमाउँछे, उसलाई एकैछिन नदेख्दा आकुल व्याकुल हुन पुग्छे, भने उसलाई सांसारिक कुरा प्रति मोह छ, विरक्ति छाएको छैन । यसैकारण उसको चरित्र सामान्य नै छ ।

जीवनको २०/२२ वर्षे उमेरमा उसको चरित्र विस्तारै असामान्य बन्दै जान्छ । उपेन्द्रसँगको प्रेम सम्बन्ध गाढा बन्दै जानु, उपेन्द्रबाट अब विवाहको प्रस्ताव आउन थाल्नु र आफूमा भएको अन्धविश्वासका कारण उसको चरित्र असामान्य बन्न पुग्छ । उसको चरित्र त्यतिबेला असामान्य अवस्थाको चरम सीमामा पुग्छ जतिबेला उसले हृदय देखि नै माया गर्ने उपेन्द्र उसले उपेन्द्रसँग विवाह गर्दा पनि मर्ने र नगर्दा पनि आत्महत्या गर्ने अवस्थाको सृजना हुन्छ । यसै कारणबाट ऊ विभ्रमको सिकार हुन पुग्छे ।

शोभा उपेन्द्रलाई ज्यादै माया गर्छे यसैकारण ऊ उसको भलाईका लागि जे पनि गर्न तयार हुन्छे । त्यसैले उसले उपेन्द्रलाई आफ्नो विगतबारे सबै कुरा बताउने निर्णय गर्छे , तर अपसोच उसले उपेन्द्रलाई बताउन सक्दिन । एक दिन पिकनिक गएको बेला कुरै कुरामा उपेन्द्रले “म राक्षसहरूसँग तर्सन्न , भनूँ भने अहिले त म तिमीसँग तर्सेको छु” (पृ.१३) भनेकाले उपेन्द्रले सबैकुरा थाहा पाएपछि छोड्छ भन्नेकुरामा विश्वस्त हुन्छे । जसको कारण उसमा दुश्चिन्ता झन् प्रबल हुन्छ । उपेन्द्रसँगको विछोड उसको लागि कष्टदायक हुने र त्यो भन्दा अझैं कष्टदायक उसको मृत्यु हुने भएकाले ऊ उपेन्द्रको हत्यारिणी हुन नसक्ने भन्दै उपेन्द्रलाई सबैकुरो बताउने र उसले छाड्छ यदि उसले नछोडे उसको जीवन देखि आफू नै टाढा हुने विचार गर्छे । यिनी विचारबाट ऊ झन् ग्रसित बन्न पुग्छे । यसरी उपेन्द्रलाई मनको कुरा भन्न नसकेर मनमै राख्दा ऊ मानसिक रोगी बन्न पुग्छे । आफूमा भएको नैसर्गिक इच्छाहरूको तृप्तिको छट्पटि र आफूले उपेन्द्रलाई छाडेपनि र नछाडेपनि उपेन्द्र मर्छ भन्ने दुश्चिन्ताको कारण उसमा हिस्टेरियाको लक्षण देखिन्छ । डाक्टरले छिटो विवाह गर्न सल्लाह दिएपनि उसले आफूमा रहेको डर र त्रासको कारण उपेन्द्रसँग विवाह गर्ने निर्णय गर्न सक्दिन बरू भिक्षुणी बन्ने झुटो प्रयास गर्छे तर त्यसमा पनि असफल हुन्छे ।

शोभाको अचेतनले उपेन्द्रलाई चाहने र चेतनले 'जसरी पनि गुम्छ' भन्ने ठान्ने हुनाले उसमा मानसिक अर्न्तद्वन्द्व चर्किएको छ । यस्तो अवस्थामा उसलाई जात्राको रमाइलो हेर्ने, सिँगारपटार गर्ने रूची छैन, जीवन देखि निरास छे उसलाई एक्लै कोठामा घोत्लीरहन मन लाग्छ । उसको शरीरमा उत्साह, उमङ्ग, जाँगर छैन । छ त केवल डर, चिन्ता, त्रास, भय र विभ्रम । दुश्चिन्ता र अर्न्तद्वन्द्वले ग्रसित शोभालाई उसकी आमा धनमायाले बिरामी भएको ठान्छे । उषाले त्यस्तो रहस्यमय कुरालाई सोचेर टाउको नदुखाउ भन्दा "मगजलाई ताल्चा मार्न सकिन्न" भनेर जवाफ दिन्छे । उपेन्द्रलाई भेटेर जरूरी कुरा गर्नु छ भन्छे तर भन्न सक्दिन । मोहिनीको कुरा सुनेर द्योमैजुको पहिलो पति मर्छ भन्ने कुरामा झन् दृढ हुन्छे । उसको टाउको दुख्न थाल्छ, अध्यारोमा केहीले झ्वाम्म पार्न आएजस्तो हुन्छ । ऊ ठूलो डरले कहालिएर अकस्मात् चिच्याएर भूँइमा पछारिन पुग्छे । त्यसपछि उसमा मानसिक विकृति देखा पर्छ । ऊ "अजी लौ पूजा गर्नोस ! अजी ! लौ पूजा गर्नोस मलाई" (पृ. ३६) भन्दै कुमारी हुँदाका क्रियाकलाप गर्न थाल्छे । गणेश, भैरव, महाकाली, आदि सवारी भयो भन्दै कराउन थाल्छे । उपेन्द्रलाई देख्ने बित्तिकै ऊ "लौ लौ महाकालीले खड्क उचालेर मार्न लाग्नुभो, उपेन्द्र भाग भनेको । भाग भनेको यहाँबाट"(पृ. ३९) भनेर चिच्याउँछे । यसबाट ऊ दुश्चिन्ताबाट विक्षिप्त भएको कुरा पुष्टि हुन्छ । उपेन्द्रको कुरामा आफू विश्वस्त हुन नसकेको कारण औषधी खाएपनि ऊ विभ्रमबाट मुक्त हुन सक्दिन ।

मिस्रीले शोभाकी आमासँग "द्योमैजुले बिहे गर्न हुन्न । गरे पनि पहिलो पोई टोक्छन् टोक्छन्" (पृ.७४-७५) भनेको सुनेपछि उसमा दुश्चिन्ता झन् बलियो बन्न पुग्छ र उपेन्द्रबाट टाढिनको लागि आफ्नो घरमा उपेन्द्रलाई नआउन भन्दै आफू भिक्षुणी हुने विचार गर्छे । बाबुकाजीको धम्कीका कारण ऊ त्रसित र आतङ्कित बन्न पुग्छे र एक्लै बस्दा बाबुकाजी आक्रमण गर्न आएको भ्रान्ति हुन्छ भने सपनामा पनि बाबुकाजीबाट त्रसित बन्न पुग्छे । उपेन्द्रबाट आफूलाई अलग गराउने उपाय खोजी रहेकी शोभा उपेन्द्रकी आमा र बहिनीहरूबाट समेत स्वीकार्य भएपछि दुश्चिन्ताबाट झन् ग्रसित हुन्छे र भिक्षुणी बन्नको लागि भिक्षुलाई बोलाएर ल्याउन भन्छे तर भिक्षुले उसको भिक्षामार्ग ग्रहण गर्ने आदेश नदिएपछि त्यो पनि सफल हुन सक्दैन । बाबुकाजीसँग पहिला बिहे गरेर उसको मृत्यु पछि उपेन्द्रसँग बिहे गर्ने कुरापनि सोच्छे तर त्यो पनि गर्न सक्दिन । बाबुकाजीको सन्त्रासबाट चिन्तित शोभा बाबुकाजीको मृत्यु पछि बाबुकाजी मलाई बिहे गर्ने कुरा सोचेकै कारण मरेको भन्ने ठान्छे र उसको आफ्नो परम्परागत सोचमा झन् बल पुग्छ ।

यसरी जीवनको यस अवस्थामा उसको चारित्रिक विषेशता अत्यन्तै जटिल, कठिन, सङ्कटग्रस्त, पीडादाय र अत्यन्त कष्ठकर बन्न पुगेको छ । 'द्योमैजुको पहिलो पति चाँडै मर्छ' भन्ने अन्धविश्वासका कारण उसमा दुश्चिन्ताको बीजारोपण हुन पुग्छ र विविध कारणहरूबाट त्यो झाङ्गिएर हिस्टेरिया हुँदै विभ्रम सम्म पुग्छ र उसको चरित्र अत्यन्तै जटिल बन्नपुग्छ । "उपेन भाग भनेको भाग तिमी मेरो नाकको प्वालबाट सर्प निस्किरहेको छ, टोक्ला भनेको तिमीलाई , टोक्ला भाग भनेको भाग" (पृ.११२) उसको भनाईबाट पनि विभ्रमको सिकार भएको प्रष्ट हुन्छ ।

२०/२२ वर्षको अन्तिम समयतिरको उनको चरित्र सामान्य अवस्थातिर ढल्केको सङ्केत उपन्यासको अन्त्यमा देख्न सकिन्छ । उपेन्द्रको परिवारले बिहेका लागि अनुमति दिएको, बाबुकाजीको मृत्यु भैसकेको, उपेन्द्रको विवाहका लागि हठ गरिरहेको अवस्थामा शोभाको "हिम्मत छ भने तिमी मलाई जे पनि गर्न सक्छौ, कुट्न सक्छौ, पिट्न सक्छौ, मार्न सक्छौ । के रिसाउँछौं मात्र ? सक्छौ भने तिमी मलाई उठाएर लैजाउ, बोकेर लैजाउ, घिसारेर लैजाउ, म त्यसै बिहे गरेर आउन्न तिमीसँग" भन्ने कुराबाट उसको चरित्र अब सामान्य अवस्थामा पुगेको सङ्केत मिल्छ । त्यही बिहेको त्रासका कारण उनको चरित्र असामान्य भएको थियो र उपन्यासको अन्त्यमा उनी बिहे गर्न राजी भएको कारण उनको चरित्र अन्त्यमा सामान्य नै भएको बुझ्न सकिन्छ ।

यसरी समग्रमा शोभाको चरित्रलाई हेर्दा उनी शाक्यकुलीन जीवित देवी भएकी २०/२२ वर्षीय सामान्य नारी पात्र हो, जसमा अरूको अहित कामना छैन, रूप सौन्दर्यको कमी छैन । उनको चारित्रिक विशेषताको मनोवैज्ञानिक अवलोकन गर्दा उनको चरित्र सामान्यबाट असामान्य हुँदै पुनः सामान्य अवस्थामा आइपुगेको छ। उपन्यास भरी खुसी हुन र हाँस्न नसकेकी शोभा उपन्यासको अन्त्यमा खुसी र मुस्कान बाढ्न सफल भएकी छ ।

**ख) उपेन्द्र**

उपेन्द्र **कुमारी शोभा** उपन्यासको प्रमुख पुरुष पात्र हो । परम्परागत धारणा अनुसार भन्दा ऊ **कुमारी शोभा** उपन्यासको नायक हो । बाबुआमाको एक्लो छोरोका रूपमा रहेको उपेन्द्र सम्पन्न परिवारमा जन्मेको हो । विश्वविद्यालयमा एम्.एस्.सी. पढ्दै गरको उपेन्द्र को शैक्षिक योग्यता र चेतनाको स्तर अत्यन्त उच्च छ । हरेक कुरालाई आफ्नो चेतनाको दृष्टिबाट नियालेर सही के गलत के भनेर छुट्टाउने सामर्थ्य उसमा रहेको छ । ऊ एक युवक

हो, शिक्षित युवक जसमा जोश र होश दुवै पर्याप्त मात्रामा रहको छ । उसमा कुन र के कस्तो अवस्थामा जोश र होशले काम मिलाउनुपर्छ भन्ने कुराको राम्रो ज्ञान रहेको छ । शोभासँगै प्रेम सम्बन्धमा गाँसिएको उपेन्द्रले शोभासँगको कार्यव्यापारमा अत्यन्त होशले काम बनाको छ भने आमासँगको कार्यव्यापारमा जोशले काम बनाएको छ । शोभासँगको उसको प्रेम पवित्र छ, निश्चल छ । त्यो प्रेम जवानीको आवेगबाट पलाएको वासनाको पालुवा हैन जुन क्षणिक स्वार्थ पुरा गरेपछि ओइलाएर जाओस् त्यो त पवित्र नाताको जीवन अङ्कुर हो जहाँबाट सृष्टि सुचारू हुन्छ । जीवनमा शीतलता प्राप्त हुन्छ । उसको प्रेम कति सम्मको पवित्र छ कुन हदसम्म शोभालाई प्रेम गर्छ भन्ने कुरालाई “म प्रेमका लागि सब कुरालाई बलिदान दिन सक्छु” (पृ.८९) भन्ने उसको भनाईबाट पुष्टि हुन्छ । उ जति पवित्र प्रेम शोभालाई गर्छ त्यस्तै मिठो भाषाको पनि प्रयोग गर्छ । “तिम्रो यो रूपलाई म जीवन भर हेरि रहन पाउँ । तिमीलाई यो अँगालोमा सधै बाधिराख्न पाऊँ, यही प्रार्थना छ मेरो । शोभा थाहा छ तिमीलाई , म एक दिन मात्र तिमीलाई भेट्न पाइन भने मेरो के गति हुन्छ ! बेचनीले म रातभर सुत्न सक्दिन । त्यसैले बिहान हुँदै तिमीकहाँ आउँछु, तिमीलाई देखेपछि अनि संसारै हाक्ने जाँगर ममा कताबाट आउँछ, शायद प्रेमको स्वभाव नै यही हो ।” यो उसको भनाईबाट उसको वाक्कलाको बारेमा पनि स्पष्ट थाहा पाउन सकिन्छ । शोभासँगको पहिलो भेटमै ऊप्रति आकर्षण देखाउँदा उसको प्रेम हल्का भएजस्तो लागे पनि समय र परिस्थितिसँगै उसको चरित्र अत्यन्तै सशक्त बन्न पुगेको छ जसको कारण उसको माया सस्तो हुनबाट जोगिएर उसको चरित्र नै ओजस्वी बन्न पुगको छ ।

उपेन्द्र प्रेमको मामलामा जति सबल छ पारिवारिक सम्बन्धमा पनि ऊ त्यति सक्षम देखिएको छ । आफ्नो परिवारमा सबैसँग अत्यन्तै राम्रो सम्बन्ध त छँदै छ,शोभाका परिवारको पनि मन जित्न सक्षम भएको छ । विश्वविद्यालयमा पढ्दै गरेको भएतापनि आफ्नो बाबुको व्यापारमा सहयोग गरेको छ । ऊ सहयोगी र मिलनसार, नम्र र भद्र छ भन्ने कुरा उसको घरमा काम गर्ने नोकरसँगको उसको व्यवहार, शोभासँगको व्यवहार आदिबाट प्रष्ट हुन्छ । नमिठो कहिल्यै बोल्दैन, नराम्रो कहिल्यै गर्दैन । उसको चरित्र शिष्ट र सभ्य छ ।

उपेन्द्र एक शिक्षित र उच्च चेतनास्तर भएको युवा हो जसले परम्परारित अन्धविश्वासलाई स्वीकार गर्दैन । आधुनिक युगको शिक्षित युवक हो जो आफ्नो विचारमा अडिग देखिन्छ । आफूमा भएको वैचारिक तार्किक क्षमताका कारण ऊ समाजका कुरीति र

अन्धविश्वासलाई कति पनि महत्त्व दिदैन । आफ्नो तार्किक शक्तिबाट आफ्नो वैचारिक धारणालाई पुष्टि गर्न ऊ सक्षम छ । प्रस्तुत उपन्यासमा उसले “कुमारीलाई विवाह गर्ने पहिलो व्यक्ति मर्छ” भन्ने सामाजिक अन्धतालाई झुट् सावित गर्न आफ्नो ज्यानको बाजी लगाएको छ र अन्त्यमा आफ्नो वैचारिक धारणामा अरूलाई समाहित गर्न पनि सफल भएको छ । उसको र शोभाको विवाहका विपक्षमा रहेका सारा तत्त्वहरूलाई अन्त्यमा आफ्नो वैचारिक धारणामा समाहित गरेर एउटा सुखी जीवनको मार्ग तय गर्न सफल भएको छ ।

उपेन्द्रको चरित्रमा रहेको अर्को महत्त्वपूर्ण विशेषता के हो भने ऊ एक निडर, निर्भिक छ भन्ने कुरा सबैको विरोधका बाबजुद पनि आफ्नो जीवनको बाजी लगाएर पनि शोभासँगको विवाह गर्न सक्नुबाट प्रष्ट हुन्छ । सबै मानिस कुमारीको पहिलो पति चाँडै मर्छ भनेर त्रसित भएको अवस्थामा त्यसको परिक्षण आफूबाटै गर्न उद्यत भएको छ । त्यसैले उसको विद्रोही र प्रगतिशील चरित्र यहाँ उसको आफ्नै भनाईबाट प्रष्ट हुन्छ । “हेर्नुहोस् आमा, म बिहे गरिछाड्छु, छाड्छु, यो मेरो प्रतिज्ञा हो । मलाई त्यस्तो अन्धविश्वाससँग डर छैन । त्यस्तो अन्धविश्वासलाई त म च्यातचुत गरेर मिल्काइदिन्छु, यही जुत्ताले कुल्चेर निमिट्यान्न पार्न सक्छु, बुझ्नुभो ! म पढे लेखेको व्यक्ति हुँ मुर्ख, अबुझ,अन्धविश्वासी, बेवकुफ हैन । एकचोटी देवी भइसकेकी मान्छे रक्षक हुन्छेकी भक्षक ! नचाहिँदो कुरा प्रचार गरेर कुमारी भएकी द्योमैजुलाई बर्बाद गर्न खोज्ने ! त्यस्तालाईत आमा झुन्ड्याउनु पर्ने”(पृ.८८) वास्तवमा उपेन्द्रको चरित्र यस भनाईबाट पूर्णरूपमा प्रष्ट भएको छ । ऊ परिवर्तनकारी चेतना भएको चरित्र हो । त्यसैले उसमा समाज परिवर्तनको चिन्ता छ , समाज विकासको चिन्ता छ । समाज परिवर्तनको सुरुवात आफैँबाट गरेको छ ।

उपन्यासमा उपेन्द्रको प्रयोजन र भूमिका के हो ? भन्ने कुरा “के यस्तो अन्धविश्वासलाईम पत्याउँछु भनेर भन्ठानेकी तिमीले ? यता हेर यस्तो अन्धविश्वासलाई निर्मूल पार्नलाई म जन्मेको हुँ” (पृ . ५३) भन्ने भनाईबाट प्रष्ट हुन्छ । त्यस प्रयोजन र भूमिका अनुसार उसको चरित्र पनि स्पष्ट हुन्छ । उसको यस भनाईमा प्रेमको सस्तो भावुकता छैन तर्क र विवेक छ । उपेन्द्र भावनाको सस्तो छालमा बगरे प्रेमको भाषण दिने तर सङ्घर्षबाट कहालिएर बाटो नै मोडेर हिड्ने प्रेमी होइन । प्रेमको बाटोमा भएका सङ्घर्षबाट विचलित भएर विक्षिप्त हुने प्रेमी पनि होइन्, बरू प्रेमको प्राप्तिको बाटोमा

देखिएका समस्याहरूको सही समाधान गर्ने, सत्य तथ्यकुरा के हो ? त्यसको खोजी गरी समस्याको सफल समाधान गरेर जीवनको सहीबाटो पहिल्याउन सक्ने सफल प्रेमी हो । शोभाको घर परिवार छरछिमेक सबैले शोभालाई देवी चढेको भन्ने कुरा गर्दा उपेन्द्रले आफैं शोभालाई डाक्टरकोमा पुऱ्याउँदछ, औषधी खान दबाब दिन्छ । आमाबाबुको अस्वीकृति र शोभाका अनावश्यक कुराहरूप्रति वास्ता गर्दैन आफ्नो कर्तव्यमा अडिग रहन्छ ।

उपेन्द्रको चरित्रलाई हेर्दा समग्रमा के भन्न सकिन्छ भने उपेन्द्र साँच्चिकै उपेन्द्र हो र साँच्चिकै नायक जस्तै रहेको छ । उसले आफ्नो अगाडि आएका कठिन सङ्घर्षहरूलाई चुनौतिको रूपमा स्वीकार गरको छ र उपन्यासलाई एउटा निश्चित परिणतिमा पुऱ्याउने काम गरेको छ । ऊ आफ्नो विचारमा आमाबाबु र प्रेमीकालाई सहमत बनाउन सफल भएको छ । सम्पूर्ण समाजको विपक्षमा उभिएर गलत विचार र धारणाको पर्दाफास गरी सही विचार र धारणा बाहिर ल्याउने ऊ निडर, निर्भीक र चेतनशील चरित्र हो । उसको चेतनामा क्रान्तिकारीता र मानवतावादीता रहेको छ । उपेन्द्रले शोभाको अर्न्तमनको द्वन्द्वको सहीरूपमा समाधान गरी उसलाई सही मार्गमा डोऱ्याउन सफल भएको छ । उपन्यासको अन्त सम्म पनि शोभाको अर्न्तमनमा उठेका धारणा र विचारहरूको सही समाधान गर्दै उसलाई सङ्कटबाट मुक्त गर्न उपेन्द्रले खेलेको भूमिका एउटा सफल मनोचिकित्सकको भन्दा कम छैन । पुरातन विचार र धारणाको विरोध गर्दै आधुनिक चेतनाको विस्तार चाहने उपेन्द्र यस उपन्यासको सफल नायकहो जसका माध्यमबाट उपन्यासकारले आफ्नो समाज परिवर्तनको चाहनालाई सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

### ग) बाबुकाजी

बाबुकाजी **कुमारी शोभा** उपन्यासको प्रमुख पुरुष खलपात्र हो । परम्परागत धारणा अनुसार ऊ प्रस्तुत उपन्यासको प्रतिनायक हो । नकारात्मक सोचाइ र कार्यबाट उसले आफ्नो व्यक्तित्वको निर्माण गरेको छ । उपन्यासलाई द्वन्द्वमय बनाउन र नायक नायिकाको फल प्राप्तिमा बाधा पुऱ्याउँदै उपन्यासलाई गतिशील बनाउन उसको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको छ । उपन्यासमा प्रतिनायकका रूपमा देखा परेको बाबुकाजीको नायक नायिकासँगको द्वन्द्वमा हार नभएर उसको व्यक्तिगत कारणबाट दुखद् अन्त्य हुन पुगेको छ तर पनि ऊ पाठकको सहानुभूति प्राप्त गर्न सफल भएको छैन ।

बाबुकाजी बाबुआमा विहिन टुहुरो व्यक्ति हो । उसको आफ्नो मान्छे भन्ने नजिकको व्यक्तिका रूपमा उसको काकी राजमती र बहिनी रत्नमाया मात्रै छन् , तर उसको आफ्नै कार्यका कारण तिनीहरूबाट पनि माया पाउन सकेको छैन । सामान्य शैक्षिक स्तर रहेको बाबुकाजी उपन्यासमा बारम्बार असभ्य, अशिष्ट, बेवकुफ, जँड्याहा आदि शब्दद्वारा सम्बोधित भएको छ जसबाट उसको नकरात्मक चरित्रबारे प्रष्ट भएको छ । परस्त्रीमा आँखा लगाउने र आफूले मन पराएकी आइमाई वा केटीलाई जिस्काउँदै हिड्ने गुन्डाका रूपमा बाबुकाजीको चरित्र उपन्यासमा चित्रित छ । त्यसैले बाबुकाजीको चरित्र उपन्यासमा प्रतिकूल देखिन्छ । शोभा र उपेन्द्रको प्रेम सम्बन्धमा बाधक बन्न खोजेको देखिन्छ । अर्काको मनलाई जितेर आफ्नो बनाउनु भन्दा मुढेबल प्रर्दशन गरेर, धाक, धक्कु लगाएर हैकम जमाउन खोज्ने प्रवृत्ति देखिन्छ ।

स्त्रीको अस्मितालाई बुझ्न नसक्ने वैंशको उन्माद र रक्सीको मात्तले उनमत्त भएर कैयन आइमाईहरूको अस्मिता लुटेर आफूलाई महान् ठान्ने प्रवृत्ति उसमा रहेको छ । उसको यस प्रवृत्तिलाई "यस्ताको स्वभाव नै यस्तै हुन्छ, कैयन आइमाईहरूलाई खेलाएर बसेका यिनीहरूले सबलाई उस्तै ठान्दछन् । यिनीहरूको लागि हामी खेलिने वस्तुहरू मात्र हौँ, जे भने पनि हुने, जे गरे पनि हुने असभ्य !" (पृ.३१) भन्ने शोभाको कथनबाट स्पष्ट हुन्छ । आफ्नो वासना पूर्तिका लाई धेरै नारीहरूलाई सिकार बनाएको बाबुकाजी आफ्नै गाडि चलाएर जीविकोपार्जन गरी रहेको छ । भने काकीको सम्पत्तिमा गिद्धे नजर गाढेर आफ्नो नाममा गरिदिन धम्की समेत दिएको छ । रथयात्राको दिन फुपूको घरमा आएकी शोभालाई देख्नासाथ मन पराउँछ तर शोभाले उसलाई मन नपराए पछि उसलाई आफ्नो बनाउने प्रयास स्वरूप शोभाको घर पनि जाने गर्छ । फुपूको बहाना बनाएर शोभाको घरमा शोभालाई भेट्न गएको बाबुकाजीले फुपूलाई शोभा आफूलाई मन परेको र शोभासँग आफ्नो बिहेको कुरा गर्न भन्दछ तर फुपूले अस्विकार गरेपछि फेरि शोभाको दाजु मातिरत्नसँग पनि आफ्नो प्रस्ताव राख्छ तर त्यस प्रयासबाट असफल हुन्छ । शोभासँगै उसले बिहेको प्रस्ताव राख्छ तर त्यसबाट पनि असफल भएपछि शोभाले आफूसँग विवाह गर्नुपर्ने, यदि अरूसँग गरे आफूले जस्तोसुकै अनैतिक कार्य पनि गर्न सक्ने धम्की दिन्छ । त्यहाँबाट माहिलीको भट्टीमा गएर रक्सी खान्छ , रक्सीले मातेर गाडि कुँदाउँछ र मृत्युको मुखमा पुग्दछ ।

यसरी बाबुकाजीको चरित्रलाई हेर्दा ऊ खलपात्रका रूपमा उपन्यासमा सशक्त रूपमा प्रस्तुत भएको छ । आफूले मन पराएको कुरा सजिलै पाए ठिकै छ, नत्र भने जुनसुकै उपायले भएपनि पाएरै छाड्ने हठी र घमण्डी चरित्र उसमा छ । नारीजातिको इज्जत गर्न नजान्ने केवल आफ्नो वासना पूर्तीको साधनमात्र ठान्ने उसको चरित्र हो । उसको शोभाप्रतिको प्रेम प्रेम नभएर वासनात्मक आकर्षण मात्र हो । आफ्नो वासनात्मक आकर्षणलाई उसले प्रेमको नाम मात्र दिएको हो । अर्काको सम्पत्ति धम्काएरै हत्याउन खोज्ने, शोभालाई पाउनको लागि शोभा र शोभाको परिवारलाई धम्काउने जस्ता कार्यबाट उसमा रहेको गुन्डे प्रवृत्ति छर्लङ्ग हुन्छ । यस कुरालाई उसको यस कथनबाट स्पष्ट हुन्छ । “मलाई छाडेर त्यससँग बिहे गर्न खोजी भने शोभाले, हेर्नुस् काकी, म म ...उसलाई जे पनि गर्न सक्दछु ” (पृ. १३५) । शोभाको जीवनसँग नकरात्मक सम्बन्ध रहेको बाबुकाजी शोभाको डर, त्रास र विभ्रमको एक प्रमुख कारकतत्त्व हो । उसकै कारणबाट शोभा सङ्कट ग्रस्त अवस्थाबाट गुज्रीन पुगेकी छ  भने उसको काकी राजमती र शोभाका परिवार पनि त्रसित भएका छन् । यसरी उपन्यासमा त्रसित वातावरणको सृजना गरेर उपन्यासलाई कसिलो र गठिलो बनाउन उसको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ । शोभाबाट अस्वीकृत भएपछि माहिलीको भट्टीमा पुगेको बाबुकाजीले त्यहाँ पनि अभद्र, अश्लील र असभ्य व्यवहार देखाउँछ । उसले उपन्यासभित्र प्रयोग गरेको भाषा र गरेको कार्यका आधारमा भन्नुपर्दा ऊ एक असभ्य, अशिष्ट, गवाँर, जँड्याहा र बदमास चरित्र हो । उपन्यासभित्र उसको यसै चरित्रको चित्राङ्कन गरिएको छ । निष्कर्षात्मक रूपमा भन्नुपर्दा उपन्यास भरी नै प्रतिकूल पात्रका रूपमा देखापरेको बाबुकाजी यस उपन्यासको एक प्रमुख तथा प्रभावोत्पादक पात्र हो ।

## ४.४.२ ‘कुमारी शोभा’ उपन्यासमा प्रयुक्त सहायक पात्रको विश्लेषण

सहायक पात्र भनेको त्यस्ता पात्र हुन् जुन पात्रहरू उपन्यामा कार्यका आधारमा प्रमुख पात्रहरूभन्दा कम महत्त्वपूर्ण हुन्छन् भने गौणपात्रहरू भन्दा बढी महत्त्पूर्ण मानिन्छन् । उपन्यास भित्र रहेर प्रमुख पात्रहरूको सहयोगार्थ परिचालित हुने पात्रहरू सहायक पात्र हुन् जसले प्रमुख पात्रहरूलाई फल प्राप्तिमा सहयोग पुऱ्याइरहेका हुन्छन् । उनीहरूको उपन्यास भित्र छुट्टै कुनै नयाँ अस्तित्व नभएर प्रमुख पात्रसँगै उनीहरूको सम्बन्ध रहेको हुन्छ । यस आधारबाट **कुमारी शोभा** उपन्यासका पात्रहरूलाई पनि विश्लेषण गर्न सकिन्छ । **कुमारी शोभा** उपन्यासमा सहायक पात्रका रूपमा शोभाकी फुपू राजमती,

शोभाकी साथी उषा, मिस्री, मोहिनी, शोभाको दाजु मोतिरत्न, शोभाकी आमा धनमाया, उपेन्द्रकी आमा शारदालाई पाउन सकिन्छ । यिनीहरूले उपन्यास भित्र खेलेको भूमिकाका आधारमा यिनीहरूलाई सहायक पात्र अन्तर्गत लिन सकिन्छ । यिनीहरूको अलग अलग विश्लेषण गर्नु उपयुक्त मानिन्छ । त्यसैले यिनीहरूको छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

**क) राजमती**

राजमती**कुमारी शोभा** उपन्यासकीसशक्त सहायक नारी पात्र हो । राजमतीको भूमिका उपन्यासभित्र सक्रिय देखिन्छ । आफ्नो पतिको मृत्यु भएको कारण उमेरमै वैधव्य जीवन बिताउन बाध्य भएकी राजमती आफू एक्लै भएको कारण ऊ माइतमै बसेकी छ । ऊ नातागत सम्बन्धका आधारमा हेर्दा बाबुकाजीको काकीकारूपमा उपन्यासमा प्रस्तुत भएकी छ ।

राजमती उपन्यासकी एक प्रभावकारी सहायक नारी चरित्र हो । उसले उपन्यासकी नायिका शोभामा अर्न्तनिहित उसको पहिलो पति मर्छ भन्ने अन्धविश्वासलाई हटाउन सकेसम्मको प्रयास गरेकी छ । शोभाको हेरविचार होस् वा उसको उपेन्द्रसँगको प्रेम सम्बन्धलाई सफल बनाउन होस्, पूजा गर्न मन्दिरमा जान होस् वा भिक्षुलाई बोलाउन होस् र बाबुकाजीलाई हप्काउन उसले शोभालाई हरतरहले सहयोग गरेकी छ । "बाबुकाजीले फेरि यहाँ पसेर कचकच गर्न आयो भने भाउजू, मै मुन्ट्याएर पठाइदिन्छु उसलाई, त्यो बदमाशहरूको नाइके भने, त्यही नाइके" (पृ. ७२) ! भन्ने उनको भनाईबाट उसको चरित्र स्पष्ट हुन्छ । उनले शोभलाई बाबुकाजीबाट टाढै राख्न सहयोग गरकी छ । भने उपेन्द्रसँग शोभाको बिहे गरिदिन पनि त्यतिकै सहयोग पुऱ्याएकी छ । त्यस्तै मिस्रीलाई पनि उनले हप्काएकी छ । यसरी शोभालाई आँच पुऱ्याउने हरेक कुरालाई उनले सकेसम्म कम गर्न कोसिस गरेकी छ । भने शोभाको सुखद् जीवनका लागि कामना गरेकी छ । आफ्नो सम्पत्ति हत्याउन चाहने बाबुकाजीको मृत्युपछि त्यस टुहुराको अरू कोही नभएको भन्दै मृतक बाबुकाजीको लास मात्रै हेर्न भए पनि अस्पताल तर्फ जानुले राजमती एक असल नारीचरित्र हो भन्ने स्पष्ट हुन्छ ।

**ख) मिस्री**

मिस्री प्रस्तुत उपन्यासको सहायक स्त्री पात्र हो । उपन्यासमा उसले खेलेको भूमिकाका आधारमा हेर्दा ऊ खल चरित्रकी सहायक स्त्री पात्रका रूपमा देखा परेकी छ । दशघर डुलेर कुराकाट्नु नै उसको मुख्य चरित्र हो । परम्परागत अन्धविश्वासमा दृढ रूपले विश्वास गरेर त्यसको समर्थमनमा जुट्नु नै उसको कार्य हो । उपन्यासमा उल्लेख भएअनुसार ऊ सम्पन्न परिवारकी स्त्री हो । जसले व्यापार सञ्चालन गरेर बसेकी छ । जुनकुराको पुष्टि उसको यस भनाईबाट हुन्छ । "अस्तिन आउँछु भनेको धनमाया भाउजू, आउनै सकेकी छैन पसलमा एक्लै धूप बनाऊ । आफैँले जनै बनाऊ, आफैँले बेच, कहाँ फुर्सद हुनु मलाई" (पृ.७३) । यसरी आफ्नो  व्यापारमा व्यस्त भएको भएपनि उसको चरित्र भनेको कुरैटे रहेको छ । उसले शोभाको घरमा मात्र होइन उपेन्द्रको घरमा समेत आगो सल्काएकी छ । उसकै कुराबाट शोभामा दुश्चिन्ता झन् तिव्र हुन पुगेको छ । उपन्यासभित्र थोरै भूमिकामा देखिएतापनि नायक नायिकाको जीवनमा उसले ठूलो हलचल ल्याउन सफल भएकी छ । उसको कारणबाट उपन्यास अझ द्वन्द्वमय बन्न पुगेको छ ।मिस्रीले यस उपन्यासमा कुमारीलाई बिहे गर्ने पहिलो पति मर्छ भन्ने कुरामा विश्वास गर्ने समाजका मानिसहरूको प्रतिनिधित्व गरकी छ । त्यसैले उसले भनेकी छ, "कुमारी देवी भइसकेकीले कुनै लोग्ने मानिससँग लसपस गर्न हुँदैन, गऱ्यो भने उपद्रव भइहाल्छ " (पृ. ७४) ।

यसरी हेर्दा के भन्न सकिन्छ भने मिस्री यस उपन्यासकी खल सहायक नारी चरित्र हो । उपन्यासमा उसको थोरै भूमिका भएतापनि ऊ एक सशक्त नारी चरित्र हो । दशघर चहारेर कुरा काट्नु उसको मुख्य चारित्रिक विशेषता रहेको छ ।

**ग) मोहिनी**

मोहिनी यस उपन्यासकी सहायक नारीपात्र हो । कुमारीहरूको पालन पोषण गर्ने अजी उसकी आफ्नै बज्यै भएकीले र कुमारी शोभा उसकै साथी भएकाले कुमारीसँग पनि उसको सम्बन्ध रहेको छ । एक पटक कुमारी घरको झ्यालबाट खस्दा द्योमैजु शोभाले हातथापेको र केही हुँदैन भनेकाले आफू बाँचेको विश्वास उसमा देखिन्छ । मोहिनीको यही विश्वासबाट शोभाको अन्तरद्वन्द्व अझ विकसित हुन पुगको छ । उपन्यासमा उसको कसैप्रति नराम्रो भावना नदेखिएकोले ऊ सत्पात्रका रूपमा देखा परेकी छ । कुमारीले केही हुँदैन भनेको आधारमा आफ्नो जीवन रक्षा भएको विश्वासमा ऊ स्थिर छ । उपन्यासको दोस्रो

परिच्छेदमा मात्र उपस्थिति भएकाले उसको कार्यभूमिका लामो देखिँदैन तर जति छ महत्त्पूर्ण छ । त्यसैले नै ऊ सहायक नारी चरित्रका रूपमा उपन्यासमा देखा परेकी छ ।

यसरी कसैप्रति नराम्रो भावना नराख्ने, आफ्नो बच्चाको साथीलाई धेरै वर्ष पछि पनि भेट्न भनेर खोज्दै आउने जस्ता कुराबाट उसको चरित्र स्पष्ट हुन्छ । उसलाई कुमारीको पहिलो पति मर्छ वा मर्दैन भन्ने कुराको सरोकार हुँदैन । केवल आफूलाई कुमारीले बचाइदिएको भन्नेमा विश्वास छ र शोभाको त्यही गुण सम्झेर उसलाई भेट्न आएकी छ । शोभाको बच्चाको साथीका रूपमा देखिएकी मोहिनी अहिले बच्चाको आमाको रूपमा शोभालाई भेट्न आएकी छ ।

**घ) मोतिरत्न**

मोतिरत्न प्रस्तुत उपन्यासको सहायक पुरुष पात्र हो । उपन्यासमा उसको भूमिका शोभाको दाजुको रूपमा रहेको छ । ऊ उपेन्द्रको सँगै पढ्ने साथीका रूपमा देखा परेको छ । उसले नै उपेन्द्र र शोभाको पहिलो भेट र परिचय गराएको हो । उसको आफ्नै ज्यासल छ र त्यसैका माध्यमबाट उसको घरको आर्थिक स्थिति चलेकोछ । उपेन्द्र र उसबिच व्यापारिक सम्बन्ध पनि रहेको छ । आफ्नो बाबुको मृत्यु भएको कारण घरको सारा जिम्मेवारी आफूले थामेको मोतिरत्न मेहनेती, परिश्रमी र इमान्दार छ । मूर्ति बनाउन र बेच्नु उसको पेशा हो । शोभालाई देवी उत्रेको हो र उसले विवाह गर्नु हुँदैन भन्ने कुरामा विश्वास गर्दैन त्यसैले ऊ शोभालाई डाक्टरकोमा लगेर औषधी गराउँछ । आफ्नो कर्तव्यप्रति सचेत छ त्यसैकारण आफ्नो बहिनी शोभाको विवाह उपेन्द्रसँग गराउने चाहाना छ । उसपन्यासमा उसको कार्यका आधारमा हेर्दा ऊ नयाँ पुस्ताको युवकका रूपमा देखा परेको छ । जसले अन्धविश्वास माथि विश्वास गर्दैन । ऊ स्वतन्त्रताप्रेमी छ, त्यसैले ऊ शोभालाई स्वतन्त्र रहन दिएको छ । उसको यस चरित्र "जमाना बेग्लै भएको छ -बाबुकाजी दाइ । शोभाले जसलाई मनपराउँछिन् उसैसँग बिहे हुन्छ" (पृ ५९) भन्ने उसको भनाईबाट प्रष्ट हुन्छ । त्यस्तै ऊ कति स्वभीमनी र कर्तव्यनिष्ठ छ भन्ने कुरा "हो , मैले बिहे गर्दैमा यहाँको समस्या सबै सुल्झन्छ, त्यस्तै अर्थ र बर्थको कुरा गर्नोस् तपाइँ ! शोभाको बिहे नगरीकन म आफ्नो बिहे गर्दिन बुझ्नुभयो ? बल्ल बल्ल खुट्टामा उभिन सकेको छु " (पृ ५६-५७) भन्ने उसको कथनबाट स्पष्ट हुन्छ ।

यसरी हेर्दा ऊ एक कर्तव्य निष्ठ, इमान्दार, मेहनेती, अन्धविश्वासमा विश्वास नगर्ने आधुनिक युगको नयाँ पुस्ताको युवक हो । जसले परिवारको सम्पूर्ण जिम्मा लिएर घर व्यवहार चलाएको छ ।

**ङ) उषा**

उषा प्रस्तुत उपन्यासकी सहायक स्त्री पात्र हो । उपन्यासमा ऊ शोभाको साथीका रूपमा देखा परेकी छ । शोभाले आफ्नो मनपेट खोलेर कुरा गर्ने एक मात्र साथी भनेकै उषा हो । ऊ शोभा जस्तो गम्भीर नभएर हाँसो मजाक गर्ने र बाहिरी दुनियामा रमाउन सक्ने बर्हिमुखी पात्रका रूपमा उपन्यासमा देखापरेकी छ । शोभालाई सङ्कटको घडीमा सही सल्लाह दिएर शोभा र उपेन्द्रको प्रेम सम्बन्धलाई सफल बनाउन उसले सहयोग गरेकी छ । उसको कसैप्रति नकारात्मक भावना छैन । उसले शोभाको भलाईका लागि आफूले बुझेको र जानेको कुराको सल्लाह दिएकी छ ।  शोभासँगको उसको संवादका आधारमा हेर्दा उसमा शैक्षिक चेतनाको स्तर राम्रो देखिन्छ । जुन कुरालाई यस संवादबाट थप पुष्टि गर्न सकिन्छ । "ठीक हो, पत्थर पनि बन्नु पर्‍या छैन तिमीलाई । खालि निश्चिन्त भइदेउ, हामी पुतली हौँ, पुतली" (पृ.२०) । त्यस्तै उसको हाँसिमजाकको चरित्रलाई "त्यो त तिम्रो रूपको अगाडि को टिक्छ !" तिमीलाई जे गरे पनि सुहाएकै छ । तर चोलो सम्म त फेर ! अनुहार फुस्रो छ किम त दल अनि निधारमा रातो टिका ! अनि हेर युवकहरू कसरी झुम्मिन्छन् तिमीसँग (पृ. १९)। भन्ने उनको संवादले प्रष्ट पारेको छ ।

यसरी उषा कसैको कुभलो नचिताउने, साथीको भलो चिताउने, हाँसिमजाक गर्ने र बाह्य संसारमा रमाउने नारी चरित्र हो । उसलाई जात्रा हेर्न रमाइलो लाग्छ । ऊ सामान्य नारी चरित्र हो ।

**च) धनमाया**

धनमाया यस उपन्यासकी सहायक स्त्री चरित्र हो । लोग्नेको चाँडै मृत्यु भएतापनि छोराछोरीहरू शोभा, मोतिरत्न र मणिकसँग उसको जीवन व्यतित भएको छ । शारीरिक रूपमा बातको रोगबाट ग्रसित धनमाया वैचारिक तहमा कुनै एउटा विचारमा दृढ देखिँदैन । शोभा बेहोस भै बर्बराउँदा र उसले कुमारी अवस्थाका क्रियाकलाप देखाउँदा अनि मिस्री र अन्य आइमाईहरूको संसर्गमा धनमाया शोभालाई देवी आएको कुरामा पूर्ण विश्वास गर्छे

भने उपेन्द्र र मोतिरत्नका अनुसार उसलाई हिस्टेरिया हुन सक्ने कुरामा पनि विश्वास गर्छे । शोभालाई हिस्टोरिया भन्दा देवी नै उत्रेको भन्ने कुरामा ऊ बढी विश्वास्त छे भन्ने कुरा “मेरो विचारले त देउतै आएको हो जस्तो लाग्छ, लौ भन्नोस एकचोटी कुमारी देवी पनि भैसकेकीलाई देवता नचढे के बोक्सी आउँछ , रोग लाग्छ ” (पृ. ४१) भन्ने भनाईबाट पुष्टि हुन्छ । यस प्रकार अन्धविश्वासमा उसको विश्वास भएतापनि त्यसैमा अडिग छैन । ऊ शोभालाई ठिक होस्, विवाह होस् भन्ने चाहान्छे र आफ्नो माइतीलाई हारगुहार गरेर भएतापनि शोभाको उपेन्द्रसँग विवाह गरिदिने विचार छ र उपेन्द्रप्रति आशावादी पनि देखिन्छे । चाँडै नै पतिको मृत्यु भएको, बालबच्चालाई एक्लै हुर्काउनु परेको, अब छोरीको बिहे गरेर खुसी मनाउने बेला शोभा विरामी पर्नु जस्ता घटनाबाट ऊ बढो सङ्घर्षपूर्ण जीवन जीउन बाध्य भएकी छ, भने बात रोगले पुन उसलाई सताएको छ । जतिसुकै दुः ख व्योहर्नु परेपनि ऊ कसैप्रति नराम्रो सोच्दिन छोराछोरी प्रति राम्रो व्यवहार गर्छे र शोभाको हेरचाहामा आफूलाई चनाखो बनाएर राख्छे । छोरीको अवस्थाले ऊ अत्यन्तै दुखित हुनु परेको छ । यसरी हेर्दा ऊ सत् पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । उसमा नकरात्मक प्रवृत्तिहरू छैनन् ।

**छ) शारदा**

शारदा प्रस्तुत उपन्यासको सहायक नारीपात्र हो । उपन्यासमा ऊ उपेन्द्रकी आमाका रूपमा प्रस्तुत भएकी छ । ऊ एक छोरा एक छोरीको आमाका रूपमा उपन्यासमा देखापरेकी छ । ऊ आफ्नो छोराछोरीप्रति अत्यन्त माया गर्छे । उसले उपेन्द्रको सानीमाकी टुहुरी छोरीलाई त आफ्नै घरमा बच्चै देखि हुर्काएकी छ । यसबाट पनि उनको मातृहृदयको बारेमा प्रष्ट हुन्छ । ऊआफ्नो सन्तानलाई धेरै माया गर्छे त्यसकारण आफ्नो सन्तानलाई केही हुने होकी भन्ने डरले पहिला उपेन्द्र र शोभाको प्रेम सम्बन्धको विरोधमा देखा पर्छे । उनको यस विरोधबाट उपन्यासले गति पाएको छ । उपन्यासमा अब के हुने हो भन्ने कौतूहलता सृजना हुन पुगेको छ । उनले उपेन्द्र र शोभाको विवाह रोक्न भन्दै शोभाको घरमा जान्छे तर उल्टै विवाहको सहमति दिएर फर्किन पुग्छे । उसमा कुमारीको पहिलो पति मर्छ भन्ने कुराको दृढ विश्वास छ तर छोराको आत्महत्या गर्छ की भन्ने त्रासबाट ऊ डराएर विवाहको लागि स्वीकृति दिएकी छ । यसरी हेर्दा उपन्यासमा उसको भूमिका थोरै भएपनि सशक्त छ ।

उपेन्द्र र शारदाको बिचको द्वन्द्वले उपन्यासलाई नयाँ उचाइमा पुऱ्याउन सफल भएको हुँदा शारदा एक महत्त्वपूर्ण सहायक नारी चरित्रका रूपमा देखा परेकी छ ।

यसरी उपन्यासमा सातवटा सहायक चरित्रहरू देखा परेका छन् । तिनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नायक, नायिकालाई सहयोग पुऱ्याएका छन् । ती सबै सहायक चरित्रले आफ्नो भूमिकालाई सही रूपमा अगाडि बढाउन सफल भएका छन् र उपन्यासलाई एउटा परिणतिमा पुऱ्याउन सहयोग गरेका छन् ।

## ४.२.३ 'कुमारी शोभा' उपन्यासमा प्रयुक्त गौण पात्रहरूको विश्लेषण

उपन्यासमा प्रयुक्त भएका सबैभन्दा कम महत्त्वपूर्ण भूमिका भएका पात्रहरूलाई गौण पात्र भनिन्छ । यस्ता गौण पात्रहरूलाई उपन्यासबाट अलग गरिदिँदा पनि उपन्यासको संरचनात्मक कलात्मकतामा खासै असर पर्दैन । उपन्यासमा तिनीहरूले अत्यन्तै कम कार्य गरेको हुनाले यिनीहरूको महत्त्व कम भएको हुन्छ, तर पनि उपन्यासलाई बढी विश्वसनीय र कलात्मक बनाउन उपन्यासमा यस्ता पात्रहरूको प्रयोग गरिएको हुन्छ । उपन्यासमा गौणपात्रहरू कोही पात्रको मुखबाट नामोच्चारण गरिएका मात्र पनि हुन्छ भने कुनै उपन्यासमा प्रत्यक्ष रूपमा पनि वर्णन गरिएका हुन्छन् । यसै आधारबाट प्रस्तुत उपन्यासमा प्रयोग भएका गौण पात्रहरूको विश्लेषण गरिएको छ । गौण पात्रहरूको कार्य वा भूमिका अत्यन्तै कम महत्त्वपूर्ण रहेकाले तिनीहरूको विश्लेषण पनि अलग अलग नगरेर एकै ठाउँमा गरिएको छ ।

शोभाको बाबु यस उपन्यासको एक गौण पात्र हो । उसको उपन्यासमा प्रत्यक्ष उपस्थिति नभएर केवल शोभाको मुखबाट उसको नामोच्चारण भएको छ । त्यस्तै शोभाको भाइका रूपमा उपन्यासमा सहभागी हुन पुगेको मणिक पनि गौण पात्र हो । ऊ अझैं केटाकेटी अवस्थामै छ त्यसैले बाटोमा गुच्छा खेल्ने काम गर्छ, उपेन्द्रले चकलेट दिदा मख्ख पर्छ र उसलाई पछ्याउँछ । ऊ एउटा बालकका रूपमा उपन्यासमा प्रस्तुत भएको छ । त्यसै गरेर उपेन्द्रको बाबु पनि उपन्यासमा उसले गरेको कार्यका आधारमा गौण पात्रमा देखा परको छ । ऊ उपन्यासमा प्रत्यक्ष रूपमा सहभागी पात्र भएतापनि उसको चरित्रको विस्तार उपेन्द्रको मुखबाट भएको छ । उपेन्द्रको भनाइ अनुसार उसको बाबु एकपटक सरकारी जागिरमा सुब्बाको पदमा रहेर काम गरिसकेको र आफ्नो व्यापारको प्रर्वद्धनका निमित्त जागिरबाट राजीनामा दिइसेकेको छ । ऊ व्यापारी हो । उसको आफ्नै भाँडावर्तन र

मूर्ति बनाउने कारखाना छ त्यसैका आधारमा उसको आर्थिक स्थिति मजबुद देखिन्छ । घरमा काम गर्ने नोकर चाकर राख्न सक्षम भएको छ । कुमारीको पहिलो पति मर्छ भन्ने अन्धविश्वासलाई पूर्ण रूपमा नमाने पनि एउटा अगम्य एवम् रहस्यमय कुरा मानेको छ, जेहोस् उसको चरित्र अनुकूल नै देखिन्छ । माहिली आफ्नो पति गणेश रोगी र असक्त भएपछि आफैँले भट्टी पसल चलाएर भएपनि जीवन धान्ने गरीब नेपाली महिला हो । बाबुकाजीलाई शोभासँग विवाह गर्ने कुरामा सजग र सचेत बनाउँछे यसबाट उसमा अन्धविश्वास प्रतिको आस्था झल्किएको छ तर कसैको कुभलो भने चिताएकी छैन । त्यसैले ऊ सामान्य नारीचरित्र हो ।

त्यसै गरेर गणेश रोगी र असक्त पुरुषपात्रका रूपमा उपन्यासमा माहिलीको पतिका रूपमा देखिएको छ भने जुलुम भर्खर जवानी चढेकी युवतीका रूपमा उपन्यासमा उपस्थित भएर आफ्नी दिदी माहिलीको काममा सघाएकी छ । गोपाल उपेन्द्रको साथीका रूपमा उपन्यासमा देखा परेको छ । ऊ एक व्यापारी पनि हो । कान्छा, बाबुकाजीको लरीको क्लिनरका रूपमा उपन्यासमा प्रस्तुत भएको छ भने माहिला चाँहि उपेन्द्रको घरमा काम गर्ने नोकर हो भने सानी उसैले मन पराएकी नारी चरित्र हो जसको उपन्यासमा प्रत्यक्ष सहभागीता छैन । ऊ सुब्बाकी छोरी हो । रमा, उपेन्द्रकी आफ्नै बहिनी हो भने चन्द्रमाया,उपेन्द्रको सानीमाको छोरी हो । ऊ एक टुहुरीका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । उसको लालन पालन उपेन्द्रकी आमाबाट भएको छ । जसलाई उपेन्द्र धेरै माया गर्छ । आमाले अऱ्याएको सम्पूर्ण कुराको पालना उसले गर्छे । द्रव्यरत्न उपेन्द्रको कारखानामा काम गर्ने मान्छे हो, ऊ अलि रिसाह प्रवृत्तिको रूपमा उपन्यासमा देखा परेको छ । रत्नमाया बाबुकाजीको बहिनीको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ ।

त्यस्तै अजी, डाक्टर, त्रिरत्न ,ज्ञानरत्न पनि प्रस्तुत उपन्यासमा गौण पात्रका रूपमा देखापरेको छन् । अजीले कुमारी घरमा कुमारीको पालनपोषण गरेकी छ, ऊ उपन्यासका प्रत्यक्ष सहभागी चरित्र होइन । डाक्टरले शोभालाई हिस्टेरिया लक्षण रहेको र छिटो विवाह गर्ने सल्लाह पनि दिएको छ, जो उपन्यासमा प्रत्यक्ष सहभागी भएको छ । संघरत्न आफ्नो घर बेचेर विदेश जान बाध्य भएको पात्र हो । ऊ पनि उपन्यासमा प्रत्यक्षरूपमा सहभागी नभएर मोतिरत्नबाट उसको नामोच्चारण भएको छ । यसैगरी प्रस्तुत उपन्यासमा रथयात्रा हेर्न गएका स्त्री र पुरुष, स्वयम्भू जाँदाका स्त्री र पुरुष, बौद्ध भिक्षु, कुमारी घरका साथीहरू,

मोहिनीका सासू, मामा, माइजू, गुभाजु, ज्योतिष, कृष्णे, शोभाको घरमा शोभालाई देवी चढेको भनेर भेट्न आउने मानिसहरूका साथै कुकुर, गाई, साँढे, परेवा, जस्ता मानवेत्तर प्राणी पनि गौण पात्रका रूपमा प्रयोग भएका छन् जसको प्रयोगबाट उपन्यासमा उपयुक्त परिवेशको सृजनामा सहयोग पुगेको छ ।

यसरी चरित्रचित्रणका दृष्टिले प्रस्तुत उपन्यासलइ हेर्दा के निष्कर्ष निकाल्न सकिन्छ भने प्रस्तुत उपन्यासको चरित्रचित्रण अत्यन्तै सशक्त छ । उपन्यासकारले यस उपन्यासको अन्य पक्षहरूभन्दा चरित्रलाई नै बढी जोड दिएर उपन्यासको सृजना गरेका छन् । त्यसैले नै यो एउटा चरित्रप्रधान उपन्यासका रूपमा देखिएको छ । चरित्रहरूको छनौट, तिनीहरूको चरित्रको विकास, तिनका कार्यव्यापार र संवाद जस्ता कुरामा उपन्यासकार अत्यन्तै सचेत भएका छन् । जसको कारण उपन्यासको चरित्र चित्रणमा कमीकमजोरीहरू देखिँदैनन् । चरित्रचित्रण गर्दा पनि उपन्याकार अत्यन्तै सचेत बन्न पुगेका छन् । प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय दुवै विधिको सन्तुलित र समुचित प्रयोग गरिएको छ । पात्रहरू न त जटिल, न त अविश्वसनीय र निर्जीव छन् । पात्रहरू गम्भीर, विश्वसनीय र जीवित छन् समाजको व्यक्तिसरह । मानौ उपन्यासभित्र काठमाडौँ नेवारी समाज जीवितै छ र त्यहाँका प्रत्येक व्यक्तिहरू पनि सजिव छन् । पात्रहरूमा कुनै कृत्रिमता छैन, बनावटीपन छैन । पात्र जे हुन् त्यो छर्लङ्ग देखिन्छ । तिनलाई बुझ्न कुनै मिहेनत गर्नुपर्दैन ।

उपन्यासमा प्रयुक्त पात्रहरूले समाजको अलग-अलग विशेषताहरूको ग्रहण गर्न सफल भएका छन् । यहाँका प्रत्येक पात्र आफ्नो छुट्टै पहिचान लिएर आएका छन् र यो पहिचानलाई उपन्यासमा कलात्मकताका साथ प्रस्तुत गरेका छन् । पात्रहरूको पहिचानलाई देखाउने क्रममा उपन्यासकार बढो सचेत भएर चरित्र चित्रणको विधिहरूको कलात्मक प्रयोग गरेका छन् । उपन्यासमा कही उपन्यासकार आफैँ नै पात्रहरूको विचार, धारणा, अन्तरमनका पीडा, व्यथा, आदिका बारेमा बोलेका छन् भने कही स्वयम् पात्रलाई नै बोल्न लगाएका छन् । भने कति ठाउँमा अन्यपात्रको टिप्पणीबाट उसको चरित्रबारे स्पष्ट पारेका छन् । जसरी जे गर्दा उपयुक्त लागेको छ निर्धक्कसँग त्यसैको उपयोग गरेको भेटिन्छ । शोभाको जटिल मनोस्थितिलाई देखाउँदा उपन्यासकार प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग बढी गरेको देखिन्छ भने अन्य पात्रहरूको चरित्रबारे उनी बढी जसो अप्रत्यक्ष वा नाटकीय विधिलाई बढी मनपराइएको अनुभव गर्न सकिन्छ । पात्रहरूको सङ्ख्यालाई हेर्दा पनि यो

एउटा बहुपत्रीय उपन्यासका रूपमा देखा पर्दछ तर यसमा बहुपात्रको प्रयोग भए पनि चरित्र चित्रण एकदम जटिल भएर बुझ्नै नसकिने स्थितिको छैन ।

प्रस्तुत उपन्यासमा गौण पात्रको सङ्ख्या अधिक भएपनि अन्यपात्रहरू तुलानात्मक रूपमा कम छन् । यसै कारण यसको चरित्रचित्रण जटिल नभएको मान्न सकिन्छ ।

पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

पात्रविधानको सैद्धान्तिक आधारलाई हेर्दा पात्र वर्गीकरणको प्रचलित विधिका रूपमा सातवटा आधारहरू रहेको देखिन्छ र ती आधारहरू हुन्- लिङ्ग,कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता । यी सात आधारबाट नै**कुमारी शोभा** उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीकरणमूलक अध्ययनका साथै तिनको चारित्रिक विशेषताहरूको सूक्ष्म अध्ययन प्रस्तुत शोधमा गरिएको छ । लिङ्गका आधारमा यसका पात्रहरूलाई हेर्दा पुरुष पात्रका रूपमा उपेन्द्र, बाबुकाजी, मोतिरत्न, माहिला, कान्छा, मणिक, कृष्णे, डाक्टर, गणेश, गोपाल, उपेन्द्रको बाबु, शोभाको बाबु, द्रव्यरत्न, त्रिरत्न, ज्ञानरत्न, संघरत्न आदि पात्रहरू देखिएका छन् भने स्त्री पात्रका रूपमा शोभा, राजमती, धनमाया, शारदा, उषा, मिस्री, मोहिनी, माहिली, जुलुम, सानी, रत्नमाया, आदि रहेका छन् । त्यसैगरी कार्यका आधारमा हेर्दा प्रमुख पात्रका रूपम उपेन्द्र, शोभा, बाबुकाजी गरी तिन पात्र रहेका छन् भने सहायक पात्रका रूपमा राजमती, शारदा, धनमाया, उषा, मिस्री, मोहिनी, मोतिरत्न, गरी जम्मा सातजना पात्रहरू रहेका छन् । त्यसैगरी गौण पात्रका रूपमा प्रस्तुत उपन्यासमा  अत्यन्तै धेरै पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा गौण पात्रका रूपमा मणिक, गणेश,गोपाल, कृष्णे माहिला, कान्छा, सानी, रमा, चन्द्रमाया, माहिली, संघरत्न, त्रिरत्न, ज्ञानरत्न, रत्नमाया, जुलुम, द्रव्यरत्न, उपेन्द्रको बाबु, शोभाको बाबु, अजी, शोभाका कुमारी घरका साथीहरू, डाक्टर आदि रहेका छन् । यसैगरी प्रवृत्तिका आधारमा हेर्दा यस उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये अनुकूल पात्रका रूपमा शोभा, उपेन्द्र, लगायतका बाबुकाजी र मिस्री बाहेकका अन्य सबै पात्रहरू देखिन्छन् भने प्रतिकूल चरित्रका  रूपमा बाबुकाजी र मिस्री देखापर्दछन् । स्वभावका आधारमा हेर्दा प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरू मध्ये शोभा, धनमाया, शारदा र उपेन्द्रको बाबु गतिशील पात्रका रूपमा देखा परेका छन् भने बाँकी अरू सबै पात्रहरू स्थिर पात्रका रूपमा उपन्यासमा देखिएका छन् । यसैगरी जीवनचेतनाका आधारमा प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूलाई केलाउँदा वर्गीय पात्रका रूपमा शोभा, उपेन्द्र, मिस्री, माहिली, अजी, रमा र चन्द्रमाया देखिएका छन् भने व्यक्तिगत पात्रका रूपमा बाबुकाजी लगायतका अन्य सबै बाँकी पात्रहरू देखा परेका छन् ।  त्यसैगरी आसन्नताका आधारमा हेर्दा शोभाको बाबु, कुमारीघरका रम्भा र अन्य साथीहरू, ज्ञानरत्न, संघरत्न, त्रिरत्न, गणेश, बौद्ध भिक्षु परमानन्द, ट्रक दुर्घटनामा मरेको युवक, कुमारी घरका

दर्शनार्थीहरू आदि नेपथ्य पात्रका रूपमा प्रयुक्त भएका छन् । भने शोभा, उपेन्द्र बाबुकाजी लगायतका बाँकी अन्य पात्रहरू मञ्चीय पात्रका रूपमा उपन्यासमा प्रयुक्त भएका छन् । आबद्धताका आधारमा प्रस्तुत उपन्यासका पात्रहरूलाई नियाल्दा कान्छा, ज्ञानरत्न, संघरत्न, त्रिरत्न, सानी, जुलुम, गणेश आदि मुक्त पात्रका रूपमा देखा परेका छन् भने शोभा, उपेन्द्र, बाबुकाजी, शारदा, राजमती, धनमाया, उषा, लगायतका अन्य सबै पात्रहरू बद्धपात्रका रूपमा देखा परेका छन् । प्रस्तुत उपन्यासमा चरित्रचित्रणको दुवै विधिहरू प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीयको कुशलतम प्रयोग गरिएको छ । यी दुवै विधिहरूको मिश्रित प्रयोगबाट उपन्यासकारले चरित्रहरूको चारित्रिक विकासलाई प्रस्तुत गरेका छन् ।

शोभा प्रस्तुत उपन्यासकी केन्द्रीय नारी चरित्र हो । उपन्यासको सम्पूर्ण घटनाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उसैसँग गएर सम्बन्धित भएका छन् । उपन्यासको शीर्षकबाटै पनि उपन्यासमा शोभाको भूमिकाबारे धेरै कुरा थाहा पाउन सकिन्छ । शोभा २०/२२ वर्षीय सुन्दर युवती हो, जो सानैमा कुमारी देवीमा स्थापित भैसकेकी छ । युवाअवस्थाको आगमन र उपेन्द्रसँगको प्रेम अनि अन्धपरम्पराले उसको दिमागमा बसाली दिएको "कुमारीको पहिलो पति चाँडै मर्छ" भन्ने विश्वासका कारण उसको मानसिक अवस्था असामान्य बन्न पुगेको छ । मानसिक छट्पटी, अर्न्तद्वन्द्व, तनाव, हीनताग्रन्थी, जस्ता कारक तत्त्वका कारण ऊ हिस्टेरियाले ग्रस्त हुँदै विभ्रमको सिकार हुन पुगेकी छ भने उपन्यासको अन्त्यमा यी सबै कुराबाट ऊ मुक्त भएको सङ्केत गरिएको छ । यसरी उपन्यासमा प्रस्तुत भएको उसको चरित्रलाई हेर्दा ऊ एक सरल, सुन्दर, कल्याणकारी भावना भएकी, मायालु, र मानसिक विकृतिले ग्रसित पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । उपन्यासमा सम्पूर्ण घटनाहरू उसैका वरिपरि घटेका हुनाले उसलाई उपन्यासको नायिका भन्न सकिन्छ ।

उपेन्द्र प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ उपन्यासमा नायकीय भुमिकामा देखिएको छ र आफ्नो नायकीपनलाई कलात्मकताका साथ प्रस्तुत गरेको छ । विश्वविद्यालयमा एम्.एस्.सी. पढ्दै गरको, सम्पन्न परिवारको एक्लो छोरो, परम्परागत रूढ विचारमा पटक्कै विश्वास नगर्ने, तर्क, बुद्धि र विवेकले आफ्नो काम निप्ट्याउने, सङ्कटमा पनि नआत्तिनु धैर्यशीलता उसको चारित्रिक विशेषता हुन् । त्यसैगरी प्रेममा पूर्ण विश्वास गर्ने, आफ्नो कर्तव्यबाट नभाग्ने, आफ्नो प्रेमलाई सफल बनाउन ज्यानको बाजी लगाउन समेत पछि नपर्ने जस्ता गुणहरू उसका चरित्रमा पाउन सकिन्छ । छोटकरीमा भन्दा निडर,

निर्भीक, प्रेमी, प्रगतीशील विचार भएको युवकका रूपमा उसको चरित्रको चित्राङ्कन गरिएको छ ।

बाबुकाजी प्रस्तुत उपन्यासको प्रमुख खल चरित्र हो । उपन्यासमा उसको खल चरित्र निकै सशक्त भएर देखिएको छ । जसका कारण उपन्यासले कलात्मक उचाइ प्राप्त गर्न सकेको छ । उसको चरित्रलाई हेरेर समग्रमा भन्नुपर्दा असभ्य, अशिष्ट, गँवार, जँड्याहा, गुन्डा, र बदमास र कामवासना लिप्त पात्रका रूपमा उपन्यासमा देखा परेको छ । बाबुआमा बिनाको टुहुरोका रूपमा उपन्यासमा प्रस्तुत भएर मृत्यु वरण गर्दा पनि उसको नकारात्मक चरित्रका कारण पाठकको सहानुभूति प्राप्त गर्न नसकेको र नियतिबाट ठगिएको पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ ।

त्यसै गरी सहायक चरित्र अन्तर्गत देखापर्ने राजमतीस्त्री चरित्र हो । उसले शोभालाई सङ्कटको अवस्थामा धेरै सहयोग गरेकी छ । धनमाया पनि सहायक स्त्री पात्र हो । ऊ शोभाको आमाकी रूपमा उपन्यासमा प्रयुक्त भएर शोभाको सहयोग र सेवामा जुटेकी छ । उषा शोभाकी साथी हो, जसले शोभालाई उपयुक्त सल्लाह दिने काम गरेकी छ भने शारदा अर्की उल्लेख्य सहायक स्त्री चरित्र हो, जसको कारण उपन्यासले नयाँ मोड लिन पुगेको छ र उपन्यासलाई द्वन्द्वमय बनाएको छ । सुरूमा खलपात्रीय भूमिकाका रूपमा देखिएपनि पछि उपेन्द्र र शोभाको प्रेमका सामु निरीह बन्दै स्वीकृति दिएकाले ऊ खल पात्र हुनबाट बचेकी छ । त्यसैगरी मोतिरत्न, मोहिनी, मिस्री, सहायक पात्रका रूपमा प्रयुक्त भएर उल्लेख्य भूमिकामा देखा परेका छन् । गौणपात्रका रूपमा उपन्यासमा देखिएका उपेन्द्रको बाबु, शोभाको बाबु, गोपाल, माहिली, मणिक, संघरत्न, ज्ञानरत्न, रत्नमाया, द्रव्यरत्न, माहिला, लगायतका अन्य गौण पात्रहरू चारित्रिक विशेषताका आधारमा उल्लेख्य नदेखिए तापनि उनीहरूले उपन्यासको कलात्मकतामा टेवा पुऱ्याएका छन् । उपन्यासमा यी बाहेकका केही मानवेतर पात्रहरू पनि प्रासङ्गिक रूपमा देखा परेका छन् , जसले उपन्यासको वातावरणलाई सहयोग पुऱ्याएका छन् । उपन्यासमा प्रयुक्त यस्ता पात्रहरूलाई उपन्यासकारले कसैलाई व्यक्तिवाचक नाम र कसैलाई जातिवाचक नाम मार्फत चिनाएका छन् ।

प्रस्तुत उपन्यासको पात्रविधानको सूक्ष्म अध्ययन विश्लेषणपछि निष्कर्षात्मक रूपमा के कुरा भन्न सकिन्छ भने प्रस्तुत उपन्यास एक सफल उपन्यास हो र त्यसको सफलताको

मुख्य आधार चाहिँ यस उपन्यासको पात्रविधान नै हो । उपन्यासकारले पात्रविधानमा देखाएको कुशलताका कारण नै प्रस्तुत उपन्यास शक्तिशाली र प्रभावशाली बन्न पुगेको छ । उपन्यासमा चरित्रको चयन, तिनको प्रस्तुतिगत कैशलता र तिनीहरू मार्फत प्रवाह गर्न खोजिएको विचार आदि सम्पूर्ण पक्षमा औपन्यासिक कलाको मिठास पाउन सकिन्छ । यसै औपन्यासिक कलाले नै पात्रहरूको चरित्रचित्रण जीवन्त बन्न पुगेको छ । पात्रहरू चलायमान छन्, सजीव छन् र जीवन्त बन्न सकेका छन् । जुन कुरा उपन्यासको सबैभन्दा शक्तिशाली पक्षका रूपमा रहेको देख्न पाइन्छ ।

# सन्दर्भ ग्रन्थसूची


उपाध्याय, केशव प्रसाद (२०४९), **सहित्य प्रकाश**, छैंठौँ संस्क.,लालितपुर : साझा प्रकाशन ।

कार्की, शान्ता (२०४४), **उपन्यासकार विजय मल्ल**, अप्रकाशित स्नातकोत्तर शोध प्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि. वि.कीर्तिपुर ।

घर्ती, दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक उपन्यासमा पात्रविधान**, अप्रकाशित विद्याविरिधि शोधप्रबन्ध,नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

................, (२०६८), **विजय मल्लका उपन्यास : सन्दर्भ र विमर्श**, काठमाडौँ : विजय मल्ल स्मृति प्रतिष्ठान ।

नेपाल, घनश्याम (सन् २०११), **आख्यानका कुरा**,तेस्रो संस्क.,पश्चिम बङ्गाल : एकता बुक हाउसप्रा.लि ।

पोखरेल, बालकृष्ण र अन्य (२०५०) (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, तेस्रो संस्क., काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार** चौंथो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो सं., काठमाडौँ : साझा प्रकाशन ।

रेग्मी, मुरारी प्रसाद (२०५०), **मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्ड)**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन।

................... (२०३९), 'कुमारी शोभा एक विश्लेषण' **गरिमा** (वर्ष १, अङ्क ९, पूर्णाङ्क ९, भदौ) ।

श्रेष्ठ, दयाराम (२०४१), 'कुमारी शोभा : अन्धविश्वाससँग विद्रोह' **गरिमा** (वर्ष ३, अङ्क ४, पूर्णाङ्क २८), पृष्ठ ४९-५७ ।

सापकोटा, पीताम्वर (२०६२), **कुमारी शोभा उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

सिवाकोटी, रमा (२०६०), **विजय मल्लका उपन्यासका पात्र विधान**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

सुवेदी, राजेन्द्र, (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** दो.सं., ललितपुर : साझा प्रकाशन ।